# वनजङ्गल संरक्षण र दिगो व्यवस्थापनमा

# आदिवासी जनजातिहरुको भूमिका

## वनजङ्गल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिहरुको भूमिका

**सर्वाधिकार ९ऋ० नेपाल आदिवासी जनजाति महासंघ, २०६९**


**अनुसन्धान टोली**

पासङ डोल्मा शेर्पा

गेलु शेर्पा

खिम घले

कुन्साङ लामा

विमला सुनुवार

इन्दिरा जिमी याक्खा

**सम्पादक**

पासाङ शेर्पा

**भाषा सम्पादन**

जीवनाथ खनाल

**प्रकाशन वर्ष**ः २०६९

**प्रकाशित प्रति**ः २०००

**क्ष्क्द्यल्ः**

**प्रकाशक**

**नेपाल आदिवासी जनजाति महासंघ**

जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम

वेवसाइटः

इमेलः

डिजाइन र लेआउटः

**मुद्रण**

हाइडल प्रेस प्रा.लि

डिल्लीवजार, काठमाडौं नेपाल

# प्रकाशकीय

नेपाल आदिवासी जनजाति महासंघले आदिवासी जनजातिहरुको लागि अन्तर्राष्ट्रिय कार्य समूह (इविगया) एशियाली आदिवासी जनजातिहरुको मञ्च (एआइपीपी) आदिवासी जनजातिहरुका लागि आदिवासीहरुको अन्तर्राष्ट्रिय नीति र शिक्षा अध्ययन केन्द्र (टेबटेबा ) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुसंगको सहकार्यमा र नर्वेजियन विकास सहयोग नियोग (नोराड)को आर्थिक सहयोगमा सन् २००९ देखि नेपालमा **जलवायु परिवर्तन र रेड साझेदारी** कार्यक्रम संचालन हुँदै आइरहेको छ । त्यस्तै सन् २०११ देखि डेनिश अन्तर्राष्ट्रिय सहयोग नियोग (डेनिडा) र २०१२ देखि विश्व वैंकको आर्थिक सहयोगमा आदिवासी जनजाति समुदायमा जलवायु परिवर्तन र रेडप्लस सम्वन्धमा विभिन्न किसिमका जनचेतना र क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन हुँदै आइरहेको छ । यसका अतिरिक्त आदिवासी जनजातिसंग सम्वन्धित विभिन्न विषयमा अध्ययन अनुसन्धानहरु पनि हुँदै आएको छ । गतवर्ष नोराडको आर्थिक सहयोग र टेवटेबासंगको साझेदारीमा **वनजङ्गल संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजातिहरुको भूमिका** विषयमा अनुसन्धान कार्य सम्पन्न गरी यस वर्ष प्रकाशनमा ल्याइएको हो ( अनुसूची क) । अनुसन्धान प्रतिवेदनलाई पुस्तकको रुपमा प्रकाशन गरी तपाईहरुको सामु ल्याउन पाउँदा हामीलाई गर्व महसुस भएको छ । यस अनुसन्धान पुस्तकमा आदिवासी जनजाति समुदायमा प्रचलित वनजङ्गल, भूमि र चरनक्षेत्र व्यवस्थापन सम्वन्धी परम्परागत पद्धति र प्रथाजनित कानून, जलवायु परिवर्तनले आदिवासी जनजातिमाथि पारेको प्रभाव, वन र भूमि सम्वन्धि सरकारी ऐन, नीति र कार्यक्रमका कारण युगौदेखि संरक्षण, उपभोग र उपयोग गर्दै आएका वनजङ्गलमाथिको अधिकार र पहुँचवाट वञ्चितीकरण, वनजङ्गल संरक्षणमा आदिवासी जनजाति महिलाहरुको भूमिका, जलवायु परिवर्तन, रेडप्लस र आदिवासी जनजाति सम्वन्धमा विश्लेषण र समीक्षा गरिएको छ । यसका अतिरिक्त जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रमको नमूना क्षेत्रको रुपमा रहेको खासुर गाउँको गुरुङ समुदायले वनजङ्गल संरक्षणमा पुऱ्याएको योगदानको विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

नेपालमा नयाँ संविधानको लेखन र राज्य पुनः संरचनाको निर्णायक मोडमा उभिएको यस महत्वपूर्ण घडीमा यो पुस्तकले आदिवासी जनजाति समुदायमा प्रचलित परम्परागत प्रथा, प्रचलन र प्रथाजनित कानूनलाई सवैंधानिक र कानुनी मान्यता दिदैं आदिवासी जनजातिहरुको हक अधिकार सुनिश्चित गराउनमा महत्वपूर्ण योगदान दिने विश्वास मैले लिएको छु । त्यस्तै नेपाल सरकारले जलवायु परिवर्तन सम्वन्धिमा राष्ट्रिय रेड रणनीति तयार गरिरहेको अवस्थामा यसले राष्ट्रिय रेड रणनीतिमा आदिवासी

जनजातिहरुको परम्परागत ज्ञान, सीप, व्यवहार, प्रथाजनित कानून र संस्कृतिलाई मान्यता दिई उनीहरुको अधिकार सुनिश्चित गराउनमा महत्वपूर्ण सहयोग पुऱ्याउनेछ ।

यसका अतिरिक्त जलवायु परिवर्तनका सम्वन्धमा काम गर्ने सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृ निकाय, नागरिक समाज,  अन्य सरोकारवाला संघसंस्थाहरुका लगायत आदिवासी जनजाति समुदाय, तिनका अगुवाहरु, अधिकारकर्मी, बुद्धिजीवी र अध्ययन अनुसन्धानकर्ताहरुलाई समेत यो पुस्तक उपयोगी हुनेछ । यसै सन्दर्भमा, यो अनुसन्धान र प्रकाशन कार्यलाई मूर्तरुप दिन आर्थिक सहयोग उपलब्ध गर्नुहुने नोराड र टेबटेबालाई म विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तै अनुसन्धानका क्रममा अत्यन्त मेहनत र परिश्रमका साथ खट्नु भई अनुसन्धान सम्पन्न गर्नुहुने अनुसन्धान टोलीको सदस्यहरु पासङ डोल्मा शेर्पा, गेलु शेर्पा, खिम घले, विमला सुनुवार, इन्दिरा जिमी, कुन्साङ लामा र नोर्वु घले धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै अनुसन्धान प्रतिवेदनलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशनको निमित्त विषयवस्तुको समीक्षा र सम्पादनमा आफ्नो अमूल्य समय दिनुभई सहयोग गर्नुहुने समाजशास्त्री पासाङ शेर्पालाई हृदयदेखि नै विशेष धन्यवाद दिन चाहन्छु । नेपाली भाषा सम्पादनमा सहयोग गर्नुहुने जीवनाथ खनाल प्रति आभार प्रकट गर्दछु । यो अनुसन्धान कार्य सम्पन्न गर्ने कार्यदेखि प्रकाशन गरुन्जेलसम्म निरन्तर रुपमा खट्नु भई कार्य गर्नुहुने जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रमका राष्ट्रिय संयोजक पासङ डोल्मा शेर्पा, टाइपिङमा सहयोग गर्नुहुने पेम्वा ठिले शेर्पा र संगीता लामा प्रशासनिक काममा सहयोग गर्ने नवराज लामाका साथै अन्य कर्मचारीहरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अनुसन्धानका क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग गरिदिनु हुने खासुर, लमजुङका सूचनादाताहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका पदाधिकारी, आदिवासी जनजाति समुदायका विज्ञ, अधिकारकर्मी, समाजसेवी सवैलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण संस्था, व्यक्तिहरु जो जसले अध्ययन-अनुसन्धानको क्रमदेखि पुस्तक प्रकाशन सम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सवैलाई नेपाल आदिवासी जनजाति महासंघको तर्फवाट धन्यवाद दिन चाहन्छु ।

**राजकुमार लेखी थारु**

**अध्यक्ष**

**नेपाल आदिवासी जनजाति महासंघ**

# सँक्षिप्त रुपहरु

| | |
|---|---|
| आजउराप | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान |
| आइएलओ | अर्न्तराष्ट्रिय श्रम संगठन |
| आइपीसीसी | जलवायु परिवर्तन सम्वन्धि अन्तरसरकारी समूह |
| आरपीन | रेडको लागि तयारी अवधारणा पत्र |
| आरपीपी | रेडको तयारी प्रस्तावना |
| इव्गिया | आदिवासी जनजातिहरुको लागि अन्तर्राष्ट्रिय कार्य समूह |
| एआइपीपी | एशियाली आदिवासी जनजातिहरुको मञ्च |
| एफसिपिएफ | वन कार्वन साझेदारी सहुलियत कार्यक्रम |
| एफपीक | स्वतन्त्रता पूर्वकको पूर्वसूचित सहमति |
| केतवि | केन्द्रीय तथ्याङ्क विभाग |
| खासावउस | खासुर सामुदायिक वन उपभोक्ता समिति |
| गाविस | गाउँ विकास समिति |
| जिविस | जिल्ला विकास समिति |
| टेबटेबा | आदिवासीहरुको अन्तर्राष्ट्रिय नीति र शिक्षा अनुसन्धान केन्द्र |
| डेनिडा | डेनिश अन्तर्राष्ट्रिय सहयोग नियोग |
| नेफिन | नेपाल आदिवासी जनजाति महासंघ |
| नोराड | नर्वेली अर्न्तराष्ट्रिय विकास नियोग |
| रानिवसं | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण |
| रेड | वन फडानी तथा विनासबाट हुने उत्सर्जनमा कटौती |
| रेडप्लस | वन फडानी तथा विनासबाट हुने उत्सर्जनमा कटौती र वनको दिगो व्यवस्थापन |
| युएनड्रिप | आदिवासी जनजाति अधिकार सम्वन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र |
| युएफसीसीसी | जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि |

# परिचय

## पृष्ठभूमि

नेपाल विश्व मानचित्रमा दक्षिण एशियामा अबस्थित एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, भूपरिवेष्ठित, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । नेपाल १,४७,१८१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यसरी आकारमा सानो मुलुक भएता पनि जाति, भाषा, सँस्कृति एवम् भौगोलिक र जैविक रुपमा पनि विविधता पाइनु नेपालको मुख्य विशेषता हो । वि.सं.२०५८ सालको जनगणना अनुसार नेपालमा १०१ भन्दा बढी प्रकारका जातजाति र ९२ प्रकारको भाषिक समुदायहरुको बसोवास रहेको तथ्याङ्क छ (हेर्नू अनुसूची ख र ग) । उक्त जनगणना अनुसार नेपालको कूल जनसंख्या २ करोड ३१ लाख रहेको छ ।

भौगोलिक रुपमा हिमाल, पहाड र तराई प्रदेशमा विभक्त नेपाल भू-वनोट, हावापानी र पर्यावरणीय रुपमा पनि विविधता रहनु यसको अर्को विशेषता हो । नेपालमा उचाई अनुसार फरक फरक हावापानी पाईन्छ । समुद्र सतहबाट ५ सय मिटर भन्दा कम उचाईको २२.२ प्रतिशत भू-भागमा उष्ण प्रदेशीय हावापानी, ५ सयदेखि माथि २५सय मिटरसम्मको ४२.६ प्रतिशत भू-भागमा उष्ण र उपोष्ण हावापानी र २५ सयदेखि ६ हजार मिटर र सो भन्दा माथिको ३५.२ प्रतिशत भू-भाग ओगटेको भू-भागमा समशितोष्ण हावापानी पाइनु नेपालको थप विशेषता हो ।

नेपालको कूल भू-भागको ठूलो हिस्सा वनजङ्गल ले ढाकेको पाईन्छ । नेपालमा पहिलो पटक सन् १९९२ सालमा भू-उपयोगको अवस्थाको सम्वन्धमा भएको भू-श्रोतको मापनले कूल भूमिको ४२.५ प्रतिशत क्षेत्र वनजङ्गल  रहेको उल्लेख गरेको छ । (झा, पिके र अन्य, १९९९) त्यसपछिको दिनमा वन क्षेत्र क्रमशः उल्लेख्य रुपमा घट्दै गएको देखिन्छ । सन् १९९९ मा वन अनुसन्धान तथा सर्वेक्षण विभागका तथ्याङ्क अनुसार नेपालको करिब ५.८ मिलियन हेक्टर क्षेत्रफल वनजङ्गलले ओगटेको उल्लेख छ । जुन देशको कूल क्षेत्रफलको ४० प्रतिशत हुन आउँछ । यसरी अनुमानित क्षेत्रफलमध्ये ४.२ मिलियन हेक्टर (२९ प्रतिशत) वनजङ्गल, १.६ मिलियन हेक्टर (१०.६ प्रतिशत) बुट्यान भूमि रहेको उल्लेख छ । भौगोलिक रुपमा वनको वितरण हेर्दा हिमाली र पहाडी क्षेत्रमा ४८ प्रतिशत, तराई क्षेत्रमा २५ प्रतिशत र बाँकी उच्च हिमाली क्षेत्रमा रहेको देखाएको छ ।

नेपालका आदिवासी जनजातिहरुको वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोतसंगको अन्तरसम्वन्ध र त्यसमाथिको अधिकारलाई नेपालमा विभिन्न समयमा भएका राजनैतिक परिवर्तन र तत्कालिन सरकारले अगाडि सारेका नीति र कार्यक्रमले प्रत्यक्ष असर पारेको देखिन्छ । ऐतिहासिक रुपमा नेपालको राजनीतिक इतिहासलाई मुख्यतया ६ कालखण्डमा विभाजन गर्न सकिन्छ ।

१. सन् १७६८ देखि १८४६ सम्म - पूर्ण रुपमा एकतान्त्रिक राजतन्त्र

२. जहानिँया राणा शासन - सन् १८४६ देखि १९५१ सम्म

३. संक्रमणकालीन प्रजातन्त्र - सन् १९५१ देखि १९६० सम्म

४. पंचायती व्यवस्था - सन् १९६१ देखि १९९० सम्म

५. बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना - सन् १९९० देखि २००६ सम्म

६. धर्म निरपेक्ष, लोकतान्त्रिक गणतन्त्र राज्य - सन् २००६ देखि हालसम्म

यसरी नेपालको राजनीतिक इतिहास विभिन्न चरनहरु पार गर्दै आजको अबस्थामा आइपुगेको छ । आजको अबस्थासम्म आइपुग्दा नेपाली जनताले अनेक किसिमका राजनीतिक उतारचढाव, आरोह, अबरोह, दुःख, कष्ट भेल्नु पर्‍यो । त्यसमा पनि विभिन्न चरनका शासन व्यवस्थामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व प्रायः शून्य रहेका कारण उनीहरु विरुद्ध राज्यले अगाडि सारेका विभेदकारी नीतिका कारण आदिवासी जनजातिहरु ऐतिहासिक रुपमा राज्यबाट उत्पीडन, विभेद, शोषण, दमन र बहिष्करणमा पारिएका छन् ।

सन् १८५४ को मुलुकी ऐनले नेपालमा कानूनी रुपमा जात व्यवस्थालाई संस्थागत गरी आदिवासी जनजातिहरुलाई चार जातभित्र मतवाली जातको रुपमा दोश्रो तहमा राखी जबर्जस्ती कानूनी रुपमा नै जात व्यवस्थामा प्रवेश गराइएको थियो । यसरी जात व्यवस्थालाई संस्थागत गर्ने नाममा राज्यले आदिवासी जनजातिहरुलाई राज्यको स्रोत, साधन लगायत राजनीतिक, शैक्षिक, आर्थिक अबसरबाट समेत वञ्चित पार्दै आएको छ । सन् १९५१ मा प्रजातन्त्रको स्थापना भए पश्चात तत्कालीन सरकारले सन् १९६३ को मुलुकी ऐन मार्फत कानूनी रुपमा जात व्यवस्थालाई उन्मूलन गरेको पाईन्छ । तापनि सन् १९६१ देखि १९९० को अवधिको पञ्चायती व्यवस्थामा राज्यले एकल खस भाषा, हिन्दू धर्म र सँस्कृति लागू गरेर अन्य भाषा, धर्म र सँस्कृति मान्ने समुदायमाथि विभेद र अन्याय गरेको पाइन्छ । भाषिक विभेद र दमनका कारण आदिवासी जनजातिहरुका कतिपय भाषाहरु

लोप भैसकेका छन् भने कतिपय लोप हुने अबस्थामा पुगेका छन् । जसका कारण आफ्नै मातृभाषा बोल्ने आदिवासी जनजातिहरुले राज्यबाटै हेपिएको, दबिएको र आफ्नो पहिचानमा आँच आएको महसूस गर्दै आएका छन् ।

नेपालमा पृथ्वीनारायण शाहल सन् १७६८ मा भौगोलिक एकीकरण गर्नु भन्दा अगाडि आदिवासी जनजातिहरुको बसोवासको निश्चित थलो र स्वशासनको व्यवस्था थियो । वनजङ्गल तथा भूमिको संरक्षण दिगो उपयोगका लागि व्यवस्थापन गर्ने आफ्नै किसिमका परम्परागत कानून, प्रथा र शासन प्रणाली थियो । त्यसबेला वन, भूमि र अन्य प्राकृतिक स्रोत साधनमाथि सबैको समान पहुँच र अधिकार हुने गर्थ्यो ।

नेपालको एकीकरण पछिका सरकारहरुले भने आ-आफ्नो समयमा वनजङ्गल र भूमिको न्यायोचित वितरण र व्यवस्थापन गर्ने नाममा विभिन्न किसिमका ऐन, कानून र नीति निर्माण गरी लागू गरेको पाइन्छ । वनजङ्गल र भूमिको उपयोग र वितरणका लागि यसअघि जे जति ऐन, कानून तथा नीतिहरु बनाइए ती सबै आदिवासी जनजातिको परम्परागत व्यवस्था, कानून र अभ्यासका विरुद्धमा थिए । जसको परिणामस्वरुप आदिवासी जनजातिहरुले वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोत साधनको संरक्षण र दिगो व्यवस्थापन सम्बन्धी युगौदेखि अभ्यास गर्दै आएका उनीहरुका परम्परागत ज्ञान, सीप र प्रथाजनित कानूनहरु र यससँग सम्बन्धित संस्थाहरुको भूमिका कमजोर हुन पुग्यो । अझ भनौं अधिकाँश ज्ञान, सीप र प्रथाजनित कानून प्रायः लोप पनि हुन पुगेको पाइन्छ । यति हुँदाहुँदै पनि आदिवासी जनजातिहरुले आफ्नो बसोवास रहेको क्षेत्रमा रहेको वनजङ्गल संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिम्मेवारीलाई कायम राख्दै आएका छन् ।

तथापी आदिवासी जनजाति समुदायले कति वनजङ्गल संरक्षण वा व्यवस्थापन गरेको छ भन्ने सम्बन्धमा यकीन तथ्याङ्क भने पाइदैन । नेपालका महत्वपूर्ण सिमसार, जलाधार, संरक्षण क्षेत्र र राष्ट्रिय निकुञ्जहरु आदिवासी जनजाति समुदायहरुको बसोवास क्षेत्रमा पर्छन् । नेपालका अधिकाँश आदिवासी जनजाति समुदायहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वनजङ्गलमाथि आश्रित रहँदै आएका हुनाले वनजङ्गल माथिको  स्वामित्व, संरक्षण वा व्यवस्थापनको जिम्मेवारी पनि आदिवासी जनजाति समुदायकै काँधमा छ । आदिवासी जनजाति समुदाय र वनजङ्गलसँगको सम्बन्ध जीविकोपार्जनसँग मात्र सम्बन्धित नभएर

सामाजिक, साँस्कृतिक तथा आध्यात्मिक रुपमा समेत प्रत्यक्ष सम्बन्धित हुने हुनाले वनजङ्गल आदिवासी जनजातिहरुको पहिचान र अस्तित्वसँग गाँसिएको छ ।

त्यसैले आदिवासी जनजाति समुदायले आफू र वनजङ्गलबीचको अन्तरसम्बन्धलाई अलग्याउने राज्यको नीति तथा कानूनहरुको विरोध गर्दै आएका छन् । यसै सन्दर्भमा, अहिलेको विश्वको सबैभन्दा ठूलो चासो र जल्दोबल्दो मुद्दाको रुपमा रहेको जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव नेपाल र नेपालजस्ता अन्य विकासोन्मुख मुलुकहरुका आदिवासी जनजातिहरुको जीवन पद्धतिमा पर्न गएको देख्न सकिन्छ । आदिवासी जनजातिहरु उच्च हिमाली क्षेत्र, नदी तथा खोलाका किनार र वनजङ्गलका छेउछाउमा बसोवास गर्ने हुनाले पनि जलवायु परिवर्तनको प्रत्यक्ष असरबाट उनीहरु प्रभावित भएको पाइन्छ । हाल विश्वका धनी र विकसित मुलुकहरुमा भैरहेको औद्योगिकीकरण वा विकासले विश्वको भू-तापमानमा दिनप्रतिदिन वृद्धि भइरहेको छ । जसको प्रतिकूल प्रभावलाई परापूर्वकालदेखि नै वातावरण-मैत्री र कार्वन तटस्थ जीवन पद्धति अपनाइरहेका निर्दोष आदिवासी जनजातिहरुले झेल्नु परेको छ । जलवायु परिवर्तनबाट आदिवासी जनजातिहरुको संस्कृति, परम्परा, स्वास्थ्य, वातावरण, परम्परागत जीविकोपार्जन, खाद्य पदार्थ, स्थानीय भौतिक संरचना, परम्परागत संस्था, मौलिक अधिकारका साथै समग्रमा उनीहरुको जीवनपद्धति, पहिचान र अस्तित्वमा प्रभाव परेको छ । त्यसैले आज आएर जलवायु परिवर्तनको असरका शिकार आफूहरु हुनु परेको र यसले भविष्यमा आफ्नो अस्तित्व र जातीय पहिचानमा नै आँच आउन सक्ने आदिवासी जनजातिहरुले महसुस गर्न थालिसकेका छन् ।

# आदिवासी जनजाति र परम्परागत प्रचलनहरु

**नेपालका आदिवासी जनजाति**

नेपाल जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक रुपमा विविधता रहेको मुलुक हो । नेपालमा धेरै प्रकारका आदिवासी जनजातिको बसोवास रहेको भएता पनि नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ द्वारा ५९ प्रकारका आदिवासी जनजातिलाई मात्र सूचीकृत गरेको छ भने सूचीकृत समूदायहरुलाई ५ समूहमा वर्गीकरण गरिएको छ (हेर्नू अनुसूची ग र घ )।

सन् २००१ सालको राष्ट्रिय जनगणनाले सूचीकृत आदिवासी जनजाति समुदाय मध्ये ४३ वटा समुदायको मात्र तथ्याङ्क प्रस्तुत गरेका छन् (हेर्नू अनुसूची च)। सोही तथ्याङ्क अनुसार नेपालको कूल जनसंख्याको ठूलो हिस्सा लगभग ३७.२ प्रतिशत जनसंख्या आदिवासी जनजातिको रहेको देखाएको छ । हालसालै सम्पन्न भाषिक अध्ययन प्रतिवेदन अनुसार नेपालमा सांङकेतिक भाषा सहित १२७ प्रकारका भाषा रहेको उल्लेख गरेका छन् । (लेविस, २००९)

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात आदिवासी जनजातिहरुले आफ्नो हक, अधिकार र पहिचानको सुनिश्चिततताका लागि आफ्ना आवाज बुलन्द गर्दै आएका छन् । हिजोका दिनमा राज्यको तर्फबाट आदिवासी जनजातिलाई दमन, शोषण, विभेद र बहिष्करणमा पारिएका कारण आफ्नो मौलिक परम्परा, संस्कृति र पहिचानलाई पुनर्स्थापित गराउन अहिले आदिवासी जनजातिहरु सशक्त रुपमा लागि परेका छन् । यसैलाई ध्यानमा राखेर नेपाल सरकारले सन् २००९ मा प्रा.डा.ओम गुरुङको नेतृत्वमा गठन गरेको आदिवासी जनजाति सूची परिमार्जन सम्बन्धी उच्चस्तरीय कार्यदलले नेपालका ८१ प्रकारका आदिवासी जनजाति समुदायलाई सूचीकरण गर्नुपर्ने प्रतिवेदन प्रस्तुत गरिसकेको छ । तर सरकारको तर्फबाट यो प्रतिवेदन हालसम्म पनि सार्वजनिक गरेको छैन ।

अधिकाँश नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा युगौंदेखि बसोवास गर्दै आइरहेका आदिवासी जनजातिहरुमा पृथ्वीनारायण शाहले सन् १७६८ मा राज्य एकीकरण गर्नुभन्दा पहिला उनीहरुका आफ्नै स्वतन्त्र राज्य थिए भने वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोतमाथि उनीहरुको सामूहिक स्वामित्व रहेको थियो । तर एकीकरण पश्चातका सरकारले विभिन्न समयमा वन, भूमि र अन्य प्राकृतिक स्रोत

साधनको संरक्षण, व्यवस्थापन, उपभोग र स्वामित्व सम्बन्धमा लागू गरेका विभिन्न प्रकारका ऐन, कानून, नीति र कार्यक्रमहरुले परापूर्वकालदेखि उनीहरुले उपभोग गर्दै आएका वनजङ्गल, जमिनतथा अन्य प्राकृतिक स्रोतमाथिको अधिकारबाट वञ्चित गराएको पाईन्छ ।

यसरी परापूर्वकालदेखि जल, जमिन र जङगल जस्ता प्राकृतिक स्रोतमाथि निर्भर रही आफ्नो जीविकोपार्जन गर्दै आएका आदिवासी जनजातिको प्राकृतिक स्रोतसँग अन्योन्याश्रित सम्बन्ध रही आएको छ । प्रकृतिसँग प्रत्यक्ष अन्तरसम्बन्ध रहेका आदिवासी जनजातिहरु नेपालका विभिन्न क्षेत्रहरुमा बसोवास गर्छन् । देशको कूल भू-भागको १५ प्रतिशत भू-भाग ओगट्ने हिमाली क्षेत्रमा १८ प्रकारका आदिवासी जनजाति समुदायको बसोवास छ भने ६८ प्रतिशत भू-भाग ओगट्ने पहाडी प्रदेशमा २२ प्रकारका र १७ प्रतिशत भू-भाग ओगट्ने भित्री मधेस र तराईमा क्रमश ८ र ११ प्रकारका समुदायहरुको वसोवास रहेका छन्(हेर्नू अनुसूची छ ) ।

नेपालमा वि.सं.२०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि आदिवासी जनजातिहरुको विकास र अधिकारको सुनिश्चितताका निमित्त राज्यको तर्फबाट पहल शुरु गरेको देखिन्छ । तर २०४७ सालको संविधानले आदिवासी जनजातिहरुको मूल मुद्दा र सरोकारलाई भने सम्बोधन गर्न सकेको देखिदैन । तथापि वि.सं. २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलन पश्चात बनेको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई धर्मनिरपेक्ष, संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा व्यवस्था गरे पश्चात आदिवासी जनजातिहरुले केही हदसम्म भए पनि संवैधानिक रुपमा आफ्ना अधिकारहरु सुनिश्चित भएको महसूस गर्दै आएका छन् ।

अहिले आएर मुलुक नयाँ संविधान निर्माणको अन्तिम चरनमा आइपुगेको छ । अब बन्ने नयाँ संविधानमा वर्तमान वैज्ञानिक युगलाई नसुहाउने तर नेपाली समाजमा विद्यमान भाषिक, धार्मिक, सामाजिक, साँस्कृतिक र आर्थिक असमानताको अन्त्य गरी सम्पूर्ण आदिवासी जनजाति समुदायको पहिचान, अस्तित्वका साथै प्राकृतिक स्रोतसाधनमाथि उनीहरुको अधिकारलाई सुनिश्चित गरिनुपर्छ । जसका निमित्त नेपालका आदिवासी जनजातिहरु आशावादी रहेको पाइन्छ । त्यसैले अब बन्ने नयाँ संविधानमा आत्मनिर्णयको अधिकार सहितको जातीय स्वायत्तता स्थापना हुनुपर्ने माग सिङ्गो आदिवासी जनजाति समुदायको रहेको छ ।

## वन, भूमि र चरन क्षेत्रको परम्परागत व्यवस्थापन पद्धति

आदिवासी जनजाति समुदायमा परम्परागत रुपमा वनजङ्गल, भूमि र चरन क्षेत्रको व्यवस्थापन गर्ने आफ्नै किसिमका परम्परागत प्रणाली रहेका छन् । यसमा पनि मुख्यतया हिमाली र पहाडी क्षेत्रमा बसोवास गर्ने आदिवासी जनजातिहरुमा वनजङ्गल, चरनक्षेत्र र कृषि भूमिको संरक्षण र दिगो व्यवस्थापन पद्धतिको लामो इतिहास रहेको पाईन्छ । तापनि यस्ता पद्धतिहरुको विकास फरक फरक समुदायमा फरक फरक समयमा विकास भई प्रचलनमा आएको देखिन्छ । आदिवासी जनजाति समुदायमा प्रचलित यस्ता किसिमका परम्परागत संस्थाहरुले वनजङ्गल, कृषि भूमि र चरन क्षेत्रको उचित संरक्षण र दिगो व्यवस्थापन  कार्यका अतिरिक्त समुदायमा सामाजिक सद्भाव, सामाजिक एकता र सुशासन कायम गराउनमा समेत महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

## शेर्पा समुदायको *नावा* प्रथा

नेपालको हिमाली क्षेत्रमा बसोवास गर्ने शेर्पा समुदायमा यो *नावा* प्रथा प्रचलनमा रहेको छ । यो प्रथा खास गरेर शेर्पाहरुको पुर्ख्यौली थातथलो मानिने सोलुखुम्वु जिल्लाको खुम्वु क्षेत्रमा प्रचलित छ । यस बाहेक दोलखा जिल्लाको रोलवालिङ क्षेत्रमा पनि यो प्रथा प्रचलनमा छ । यो प्रथा शेर्पा समुदायमा गाउँको खेतीयोग्य जमिन, वनजङ्गल र चरन क्षेत्रलाई दिगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यले विकास भएको पाईन्छ ।

हाइमनडोर्फ (१९६४) का अनुसार शेर्पा समुदायमा प्रचलित *नावा* प्रथाको मुख्य उद्देश्य उनीहरुको परम्परागत अर्थव्यवस्थालाई कायम राख्नु र प्राकृतिक स्रोत साधनको प्रयोगमा हुन सक्ने लापरवाहीलाई नियन्त्रण गर्नु रहेको छ । यसैले यस प्रथाको विकास खास गरेर स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोतसाधनको उचित संरक्षण र दिगो व्यवस्थापन, न्यायोचित वितरण र सबैको समान पहुँचको सुनिश्चिततताका लागि भएको देखिन्छ ।

शेर्पा समुदायमा कार्यक्षेत्रका आधारमा *ओशो नावा* र *श्यीङगी नावा* गरी दुई प्रकारका नावा प्रचलनमा रहेका हुन्छन् । *ओशो नावा* विशेष गरी खेतीपाती र पशुपालनसँग सम्बन्धित रहेको हुन्छ भने *श्यीङगी नावा* काठ, दाउरा र अन्य वन पैदावरको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित रहेको हुन्छ ।

नावाको संख्या मुख्यतया गाउँको आकार र घरधुरीको आधारमा निर्धारण हुने गर्छ । तापनि कम्तिमा एउटा गाउँमा दुई जनालाई नावाको रुपमा छनौट गर्ने चलन रहेको छ । नावाहरुको कार्यकाल दुई वर्षको हुन्छ र प्रत्येक दुई दुई वर्षमा यिनीहरुको छनौट गरिन्छ । नावाहरुको छनौट *युल-ठीम* ( गाउँसभा) बाट गर्ने गरिन्छ र यस प्रक्रियालाई *लावा लिने* भनिन्छ । नावाहरुको छनौट *युल-ठीम छोक्पा* वा *यारच्याङ*को समयमा सबै गाउँलेहरु एक निश्चित स्थानमा भेला भई सबैको सहमतीका आधारमा चयन गर्ने गरिन्छ ।

यसरी गाउँको भेलाबाट लावाको रुपमा छानेको व्यक्तिलाई *नावा* भनिन्छ । उनीहरुलाई तोकिएको समय अवधिका लागि समुदायको खेतीपाती र खर्कहरु व्यवस्थापन गराउने जिम्मेवारी र आवश्यक अधिकार दिइएको हुन्छ । नियम कार्यान्वयन गराउने जिम्मेवारी तोकिएको हुन्छ र कसैले नियम पालना नगरेमा उचित दण्ड जरिवाना लिन सक्ने अधिकार पनि उनीहरुलाई नै दिइएको हुन्छ । *युल-ठीम* बाट नयाँ नावाहरुको छनौट गरिसकेपछि उनीहरुले आफूलाई दिएको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा गर्ने बाचा पनि गर्छन् । नावाको जिम्मेवारी पाइसकेपछि उनीहरुले गाउँको बैठक बोलाएर सबै गाउँलेहरुलाई खेतीपाती गरेको ठाउँमा आफ्ना पशुहरु नछाड्न र गाईवस्तुहरु रोक्नको लागि पर्खाल र वार लगाउन गाउँलेहरुलाई जानकारी गराउँछन् ।  त्यसैगरी गाईवस्तुहरुलाई चरन क्षेत्रमा कुन समय लाने, चरन क्षेत्रबाट मुख्य गाउँमा कहिले ल्याउने भन्ने सम्बन्धमा जानकारी गराउने र तदनुरुप गाउँवासी सबैलाई उक्त नियम पालन गर्न लगाउँछन् ।  सोही बैठकमा कसैले नियम उलंघन गरेको पाइएमा र कसैको पशुहरुले अरु कसैको खेतीपातीमा नोक्सानी पुऱ्याएको खण्डमा तिर्नुपर्ने जरिवानाको बारेमा पनि जानकारी गराउने गर्छन् । समुदायमा सामाजिक एकता कायम होस्, कसैले कोहीमाथि अन्याय र अत्याचार नगरोस, स्रोत साधनमा सबैको समान पहुँच पुगोस, र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन होस् भन्ने हेतुले नावाहरुले आफ्नो जिम्मेवारी पूरा गर्ने गर्छन् । यसै क्रममा कसैको गाईवस्तुले अरु कसैको खेतीपाती नोक्सान गरेमा नावाले दुवै परिवारको जिम्मेवार सदस्यलाई बोलाएर नोक्सान भए अनुरुपको क्षतिपूर्ति तिर्न लगाएर एक-आपसमा वैमनष्यता नरहने गरी सगुन खुवाएर मेलमिलाप कायम गराउछन् । त्यसैगरी कसैले समुदायको नियम उल्लंघन गरेमा अवस्था हेरेर उसलाई सगुन सहित नावालाई माफी माग्ने वा नगद जरिवाना समेत गर्ने गरिन्छ । यसरी मेलमिलाप गर्ने क्रममा नियम उल्लंघन गर्ने पक्षले खुवाउने सगुनलाई शेर्पा भाषामा *नाछयाङ* भनिन्छ । नावाको नियम अनुसार जेष्ठ

महिनामा पर्ने *डुम्जी* पर्व लगत्तै गाईवस्तुहरु लेकको खर्कतिर लैजानु पर्छ भने भदौ महिनामा तलतिर झार्ने गर्छन् । त्यसैगरी असोज महिनामा खेतीपाती उठाई सकेपछि गाउँमै ल्याउने गर्छन् ।

त्यसैगरी *श्यीङगी नावा*ले वनजङ्गलबाट घाँस, पत्कर, स्याउला, सोत्तर, काठ, दाउरा तथा अन्य वनपैदावरको संकलन, संरक्षण तथा व्यवस्थापन गर्ने गर्छन् । *श्यीङगी नावा*ले गाउँको नजिकमा रहेको वनजङ्गलको संरक्षण तथा रेखदेख गर्नका लागि ३ देखि ४ जनालाई जिम्मेवारी तोकीदिएको हुन्छ । जसको मुख्य जिम्मेवारी वनजङ्गलको संरक्षण गर्नु, *युल-ठीम*बाट पारित नियमहरु कार्यान्वयन गराउनु र नियमानुसार तोकिएको समयमा वनपैदावर संकलन गराउनु रहेको हुन्छ । गाउँलेहरुले *श्यीङगी नावा* को अनुमति लिएर मात्रै काठ, दाउरा तथा अन्य वनपैदावर संकलन गर्न पाउँछन् । उनीहरुले वनको चोरी फँडानी रोक्नुको साथै केही निश्चित कार्यका लागि वनबाट दाउरा र काठ संकलन गर्न पाउने व्यवस्था गर्छन् ।
गाउँमा कसैको मृत्यु भएमा जलाउनका लागि आवश्यक दाउरा, कसैको घर निर्माण गर्नु परेमा, सामुदायिक भवनहरु निर्माणका लागि आवश्यक काठ काट्न लगाउने अधिकार *श्यीङगी नावा*लाई दिइएको हुन्छ । *नावा*हरुले गाउँका बासिन्दामध्ये कसैले गल्ती गरेको खण्डमा बैठकमा बोलाउने र गल्ती गर्नाका कारण सहित स्पष्टीकरण दिन लगाउँदछन् । उनीहरुले दिएको स्पष्टीकरण र गल्तीको प्रकृति हेरी माफी दिने वा जरिवाना तिराउने अधिकार पनि नावाहरुले पाएको हुन्छ । उनीहरुले आफ्नो जिम्मेवारी निर्वाह गरेबापत गाउँलेहरुवाट जरिवाना स्वरुप उठाइएका रकमको केही अंश लिन पाउने व्यवस्था रहेको हुन्छ भने बाँकी रकम गाउँको गोन्पाको कोषमा जम्मा गर्ने गर्छन् र यसरी गोन्पामा जम्मा भएको रकम गाउँको बाटोघाटो, पुल निर्माण र अन्य सामाजिक कार्यहरुमा खर्च गर्ने गर्छन् ।

## डोल्पोहरुको *घापु* र *ढेवु* प्रथा

डोल्पा जिल्लामा बसोवास गर्ने डोल्पो आदिवासी समुदायमा परापूर्वकालदेखि वन, भूमि र चरन क्षेत्र व्यवस्थापन गर्ने आफ्नै किसिमको परम्परागत कानूनी व्यवस्था रहेको छ ।
डोल्पो समुदायमा वि.सं.२०१७ अघिसम्म परम्परागत रुपमा *चिक्याप, गोवा, घापु र ढेवु* प्रथा अस्तित्वमा रहेका थिए । तर २०१७ सालको राजनीतिक परिवर्तनसँगै *गोवा* र *चिक्याप* प्रथा हटेको पाईन्छ भने *घापु* र *ढेवु* प्रथा हालसम्म पनि प्रचलनमा छन् । कुनै गाउँमा *घापु* प्रथा र कुनै गाउँमा *ढेवु*

प्रथा प्रचलनमा छन् । तर यी दुवैको अर्थ स्थानीय भाषामा प्रमुख व्यक्ति वा गाँउको बूढो/जेठो भन्ने हुन्छ ।

*ढेवु* र *घापु*को नेतृत्वमा अन्य ४ जना *रोल्बु* (सहयोगी) सदस्य सहितको ५ सदस्यीय *ह्युल्पोन छोक्पा* (समिति) खडा गरिएको हुन्छ । *ढेवु* र *घापु*को छनौट प्रत्येक वर्ष प्रत्येक घरबाट पालैपालो गर्ने चलन छ भने अन्य सदस्यहरुको छनोट सम्पूर्ण गाँउलेहरुको बैठकबाट हुने गर्छ । यस्तो बैठक प्रायः वर्षे बाली लगाउनुभन्दा अगाडि चैत्र महिनामा बस्ने गर्छ । यिनीहरुको पदावधि १ वर्षको हुने गर्छ । समितिले वनजङ्गल, भूमि र खर्क/चरनसंग सम्वन्धित मुद्दाहरु लगायत अन्य भैपरी आउने सबै किसिमका मुद्दाहरुको छिनोफानो गर्ने गर्छन् ।

यिनीहरुको समुदायमा मुख्य गरेर ५ प्रकारका परम्परागत कानून रहेको पाईन्छ । वन र भूमि व्यवस्थापन गर्न *रिलुङचासिद* नामक कानून, शिकार निषेधित क्षेत्र र पशुपंक्षी, जनावर हत्या निषेध गर्न *रिग्यालुङग्या* चरन/खर्क व्यवस्थापन गर्न *चाठिम* बालीनाली व्यवस्थापन गर्न *ङ्होठिम* र दण्ड, सजाय, जरिवाना कार्यान्वयन गर्न *ढिक्ठीम* जस्ता परम्परागत नियम कानूनहरु प्रचलित छन् । नियम, वा कुनै सामाजिक कानून बनाउँनु परेमा स्थानीय गाँउलेहरु, समाजका प्रमुख व्यक्तिहरुका साथै प्रमुख लामा धर्मगुरुहरुको पनि उपस्थितिमा सम्पन्न बैठकबाट बनाउने गरिन्छ । सबै जनाको सामूहिक सहमतिका आधारमा बनाइएको नियमको कार्यान्वयन *ह्युल्पोन छोक्पा*का सदस्यहरुले गर्छन् । उक्त समितिले नियम कानून उल्लंघन गर्नेहरुको सूचना संकलन गर्न गोप्य रुपमा २ जना 'सोवा' (गुप्तचर) नियुक्ति गरेको हुन्छ । यिनीहरुमा *यार्सा* (वर्षे चरन)का लागि आषाढ, श्रावण महिना *घुन्सा* (हिउँदे चरन) का लागि पौष, माघ, फाल्गुण महिना, सोइसा (वसन्त चरन)का लागि चैत्र, बैसाख, ज्येष्ठ महिना र तोन्सा (शरद चरन)का लागि आश्विन, कार्तिक, मंसिर महिना गरी ऋतुअनुसार चरन क्षेत्र तोकिएको हुन्छ । यसरी तोकिएको नियम कसैले उल्लंघन गरेको खण्डमा जरिवाना तिराउने गरिन्छ ।

खेतीबाली लगाएको खेतबारीमा कुनै पशु प्रवेश गरी बालीनाली नष्ट गरेको खण्डमा क्षतिअनुसार जरिवाना गरिन्छ । पशुले खुट्टा मात्रै टेकेको छ भने ठूलो जनावरका लागि १ के.जी बराबरको उवा/गहुँ र सानो चौपाया (च्याङग्रा, भेडा)का लागि ठूलोको तुलनामा एक चौथाई अन्न जरिवाना स्वरुप बुझाउनु पर्छ । यसरी बाली नोक्सान गरेबापत गरिने जरिवानालाई यिनीहरुका भाषामा *नेप्री* भनिन्छ । बालीनालीमा फल लागिसकेपछि हानीनोक्सानी गरेको खण्डमा तिराईने जरिवानालाई *थोक्योन* भनिन्छ । जरिवाना तोक्ने र उठाउने कार्य *हयुल्पोन छोक्पा*का सदस्यहरुले गर्छन् । त्यस्तै वनजङ्गलको फँडानी,

जथाभावी काठ कटानी, आगजनी र निषेधित क्षेत्रमा काँचो काठ काटेमा र शिकार गरेमा क्षति अनुसार जरिवाना गर्छन् । जरिवाना वापत संकलन भएको रकम समाजको कोषमा जम्मा गरिन्छ र आवश्यकता अनुसार सामाजिक र धार्मिक कार्यमा खर्च गर्ने गर्छन् । कोषमा जम्मा भएको रकमबाट गाउँको बाटोघाटो निर्माण, सिचाँई कुलो निर्माणका साथै चैत्य, स्तुपा निर्माण र ढुँगामा बुद्ध उपदेश कुँद्न पनि खर्च गर्छन् ।

## लिम्बुहरुको *किपट* प्रथा

सर्वप्रथम *किपट* शब्दको प्रयोग वि.सं. १८५४ मा राजा रणबहादुर शाहले लिम्बुहरुलाई दिएको लालमोहरमा प्रयोग गरेका थिए । नेपालको पूर्वी क्षेत्रमा बसोवास गर्ने लिम्बु समुदायमा प्रचलित *किपट* प्रथा लिम्बुहरुको भूमिमाथिको स्वामित्व एवम् जीविकोपार्जनको लागि मात्रै नभएर साँस्कृतिक र सामाजिक अस्तित्वको लागि पनि अति महत्वपूर्ण व्यवस्थाका रुपमा लिईन्छ । वि.सं.१८३१ मा तत्कालीन राजा पृथ्वीनारायण शाहले लिम्बुहरुसँग संम्झौता गरी उनीहरुले परम्परागत रुपमा उपभोग गर्दै आएको जमीनको स्वामित्व लालमोहरमार्फत उनीहरुलाई नै प्रदान गरेका थिए । त्यस्तो *किपट* भूमि व्यवस्थापन गर्न सुब्बाहरुलाई जिम्मेवारी पनि तोकिएको थियो । *किपट* व्यवस्था अनुसार तोकिएको क्षेत्रभित्र उनीहरुको वनजङ्गल, खोलानाला, जमिन, गौचरन, तथा अन्य प्राकृतिक स्रोतमाथि किपटीयाहरुको पूर्ण अधिकार हुन्थ्यो । *किपट* प्रथामा समुदायको प्रत्येक व्यक्ति तथा परिवारलाई भू-उपयोग गर्ने समान सुविधा भए पनि जमिन भने सामूहिक स्वामित्वमा नै रहने चलन थियो ।

*किपट* प्रथा आदिवासी जनजाति समुदायमा प्रचलित सामूहिक स्वामित्वको रुपमा रहने पद्धति हो । *किपट* अन्तर्गत धानको खेत, गौचरन, खर्क (चरन क्षेत्र), वनजङ्गलका साथै खानीहरु पर्छन् । परम्परागत रुपमा नेपालका आदिवासीहरुको आफ्नो थातथलो वा तोकिएको निश्चित भौगोलिक क्षेत्रमा आफ्नो स्व-शासन रहेको थियो । प्राकृतिक स्रोतसाधन माथि सामूहिक प्रतिनिधित्व, यसको सँरक्षण र व्यवस्थापनको निमित्त लामो समयसम्म विभिन्न आदिवासी जनजाति समुदायमा सँस्थागत रुपमा *किपट* प्रथा विकास भएको थियो । वास्तवमा, वनजँगल, भूमि र प्राकृतिक स्रोतमाथिको सामूहिक स्वामित्वको मौलिक प्रथाजनित कानूनी पद्धति, साँस्कृतिक तथा अन्य सामाजिक प्रचलनहरुको संस्थागत रुपमा यो *किपट* प्रथा आदिवासी जनजाति समुदायको स्वशासनका लागि अति महत्वपूर्ण थियो ।

पृथ्वीनारायण शाहले लिम्बुवान राज्यमा अधिनता कायम गरेता पनि लिम्बु समुदायले सुब्बाको अधिनमा भू-स्वामित्व कायम राखेका थिए । किपटीया लिम्बुहरुमध्ये यस्तो सुबाङ्गी प्राप्त गर्ने व्यक्तिलाई *सुब्बा* भनिन्थ्यो । *सुब्बा*ले आफ्नो इलाकामा परेका झै-झगडा मिलाउन, न्याय संम्पादन गर्न अमाल संचालन गर्थ्यो । उसको मातहतमा *अमाल राई, कारबारी, बूढौली* र *पगरी* रहने प्रचलन थियो । अमालले अपराध अनुसार दण्ड जरीवाना गर्ने, मिलापत्र गराउने काम गर्थ्यो । सुब्बाले नियम उल्लंघन गर्नेलाई रु.१००/- सम्म जरिवाना गर्न सक्ने व्यवस्था थियो । यी कार्यहरु बाहेक आफ्नो क्षेत्रमा राजस्व संकलनका कार्यदेखि स्थानीयस्तरमा सम्पूर्ण प्रशासनिक व्यवस्था कायम गर्ने जिम्मेवारी पूरा गर्नु पर्थ्यो । वि.सं.१९५८ मा श्री ३ चन्द्रशम्सेरले *किपट* जग्गामा राजीनामा नहुने कानूनी व्यवस्था लागू गरेका थिए । त्यसभन्दा अघि *किपट* जग्गामा राजीनामा लेनदेन हुने गर्थ्यो । यसरी वि.सं.२०२१ सालको भूमिसुधार ऐन लागू नहुन्जेल सम्म ऐतिहासिक रुपमा लिम्बु समुदायमा प्रचलित *किपट* प्रथा कायमै थियो । त्यस पछिका शासकहरुले भूमि व्यवस्थामा एकरुपता कायम गर्ने रणनीति अनुरुप आदिवासी जनजाति समुदायमा प्रचलित यो प्रथाको साथै रैकर, रकम, जागीर, र बिर्ता जस्ता भूमि व्यवस्थाहरु उन्मूलन गरेका थिए । जसले अन्ततः लिम्बुहरुको सामूहिक स्वामित्वमा रहेको भूमिमा राज्यले आफ्नो स्वामित्व कायम गर्न सफल भएको देखिन्छ । भूमिसुधार ऐन,२०२१ लागू भएपछि लिम्बुहरुको किपट रैकरमा परिणत गरियो र ती जग्गाहरुमाथि पनि अन्य रैकर जग्गा सरह नै कर लाग्ने व्यवस्था शुरु भयो । जसको परिणामस्वरुप लिम्बु समुदायमा सामूहिक स्वामित्वमा रहेको जमिनको स्वामित्व राज्यद्वारा खोसिनुका साथै उनीहरुको परम्परागत शासन प्रणाली पनि नासिने काम भयो । त्यसपछि जग्गा नापी शुरु भएपछि लिम्बुहरुले पनि अन्य जाति सरह नै आफूले खनजोत गरेको जग्गामध्येवाट आफ्नो नाममा राख्न पाउने व्यवस्था शुरु भयो । अन्ततः उनीहरुको युगौंदेखि आफ्नो अधिकारमा र स्वामित्वमा रहेको वनजङ्गल, भीरपाखा, खोलानाला माथिको स्वामित्व कानूनी रुपमा नै सँधैका लागि गुमाउन परेको थियो ।

## मगर समुदायको *रीतिथिति* प्रथा

मगर समुदायमा प्रचलित *रीतिथिति* प्रथा मुख्य गरेर तारामी मगर समुदायमा प्रचलित छ । यो प्रथा मगर समुदायमा लामो समयदेखि प्रचलनमा रहेको देखिन्छ । यो प्रथा यिनीहरुको समुदायमा

प्राकृतिक स्रोत साधनको उचित व्यवस्थापनका साथै सामाजिक परिवर्तनको वर्तमान सन्दर्भमा समेत प्रभावकारी रहेको देखिन्छ (गुरुङ्ग, १९९९) ।

बहुसंख्यक तारामी मगरहरुको मुख्य पेशा कृषि रहेको हुनाले उनीहरुको वनजङ्गलसँग प्रत्यक्ष आर्थिक सम्बन्ध रहेको पाइन्छ । सन् १९६१ मा पञ्चायती शासन व्यवस्था शुरु हुनु अगाडि मगर समुदायमा गाउँको प्राकृतिक स्रोतसाधनहरु गाउँ परिषदका प्रमुखले नियन्त्रण र संचालन गर्ने प्रचलन थियो । यिनै गाउँ परिषद्लाई मगरहरु *सातथरी* भन्ने गर्दथे । तर हाल आएर मगर समुदायमा प्रचलित यो प्रथा हटिसकेको छ ।

शुरुमा *सातथरी* प्रथामा ६ जना मात्र सदस्य हुने व्यवस्था थियो । तर पछि आएर यसमा संशोधन भै ७ जना सदस्य रहने व्यवस्था गरिएको थियो । सातथरीमा पदीय रुपमा गाउँको प्रमुखको रुपमा *मुखिया,* गाउँको अभिजात वर्गको सदस्यको रुपमा *चौतारे,* गाउँको पाको सदस्यको रुपमा *जेठाबूढा,* निर्णयकर्ताको रुपमा *थरी,* लेखनदास अथवा लिखत राख्ने व्यक्ति *बैदार* सूचना दिने व्यक्तिको रुपमा *बुराउली* र *कटुवाल* रहने चलन थियो । *सातथरी*का यी सदस्यहरु गाउँसभाले केही हदसम्म प्रजातान्त्रिक विधि अपनाएर छनोट गर्ने प्रचलन रहेता पनि मुख्यगरी वंशजका आधारमा छनौट गर्ने गरिन्थ्यो । तर प्रत्येक सदस्य कुनै न कुनै थर वा गोत्र समूहबाट प्रतिनिधित्व गर्ने व्यवस्था थियो । यस अर्थमा *सातथरी*को गठन समावेशी रुपमा गर्ने गरेको देखिन्छ । जस्तै : परम्परागत रुपमा मुखिया चाँहि *अर्घासी*बाट, चौतारे *कान्छीबारे* बाट, *जेठाबूढा रोक्का*बाट, *बुरौली रुपानी*बाट, *थरी बभाङगी*बाट, र *बैदार कान्छीबारे रोका* गोत्रबाट प्रतिनिधित्व रहने प्रचलन थियो । यो *सातथरी* व्यवस्था मगर समुदायको एक मात्र वैधानिक राजनीतिक तथा न्यायिक संस्थाको रुपमा स्थापित भएको देखिन्छ । यो संस्थाले मगर समुदायमा आवश्यकता अनुरुप सामाजिक, धार्मिक र जीविकोपार्जन आदि विविध क्रियाकलापहरु गर्ने गर्थ्यो ।

सातथरीको मुखियाले अन्य सदस्यहरुको सहयोगमा गाउँको वनजङ्गल लगायत अन्य प्राकृतिक स्रोतहरुको संरक्षण, नियन्त्रण, बाँडफाँड र दिगो व्यवस्थापनमा मुख्य भूमिका निर्वाह गर्ने गर्थ्यो । गाउँसभाबाट प्राप्त अधिकार र जिम्मेवारीलाई ईमान्दारीपूर्वक निर्वाह गर्न *सातथरी*ले आवश्यकता अनुसार गाउँसभा बोलाउने गर्थ्यो । गाउँसभामा गाउँमा स्थायी रुपमा बसोबास गर्ने प्रत्येक घरधुरीबाट सहभागी गराई सबैको सहमतिका आधारमा वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुको संरक्षण, दिगो व्यवस्थापन र उपयोग सम्बन्धमा आवश्यक नीति, नियमहरु बनाउने चलन थियो । जस्तैः चरन क्षेत्रमा

बार (पर्खाल) बार्ने, चरन क्षेत्रमा कहिले गाईवस्तुहरु लाने, कुन क्षेत्रको वनमा खोरिया फाँड्ने, कुन जङ्गलमा दाउरा काट्ने, घाँस, दाउरा, स्याउला, पतकर कहिले कहाँबाट संकलन गर्ने भन्ने बारेमा छलफल गरी आवश्यक नियमहरु बनाउने गर्थ्यो । समुदायको सम्पूर्ण सदस्यहरुको सहभागितामा नियमहरु बनाउने हुनाले मगर भाषामा यस्तो गाउँसभालाई *छापेबस्ने* अर्थात निर्णयमा छाप लगाएर पक्का गर्ने भनिन्छ । छापेबस्नेबाट पारित यी नियमहरुको कार्यान्वयन गर्ने जिम्मेवारी *सातथरी*को नै हुन्थ्यो । मगर समुदायमा संस्थागत रुपमा प्रचलनमा रहेको वनजङ्गल सम्बन्धी मौलिक प्रथामा खोरिया फाँड्ने, चक्रीय चरन प्रणाली, र ऋतु पात्रोको आधारमा वनपैदावरको प्रयोग आदि मुख्य मानिन्थ्यो । त्यसैगरी, समानुपातिक रुपमा भीरमौरीको मह संकलन गर्ने क्षेत्र तथा माछा पाउने तालहरुको पनि समान रुपमा वितरण गर्ने प्रचलन मगर समुदायमा रहेको थियो । तर यस्ता ठाउँहरुको वितरण वा बाँडफाँड स्थायी रुपमा नभएर समय र आवश्यकतानुसार परिवर्तन हुने गर्दथे । मगर समुदायमा प्रचलित *सातथरी* प्रथा हाल आएर प्रचलनमा नभएता पनि उनीहरुका गोत्र र वंशजलाई *सातथरी* कै नामबाट सम्बोधन गर्ने चलन भने यथावत नै रहेको पाईन्छ ।

## मार्फाली थकालीहरुको *मिर्चाङ* प्रथा

विशेष गरी मार्फाथान थकाली जातिहरु देशको हिमाली जिल्ला मुस्ताङको दक्षिणी क्षेत्रमा बसोबास गर्दै आएको एक आदिवासी जनजाति समुदाय हो । थकाली समुदायमा हिराचन (*फुतेनफोवा*), लालचन (*होर्तेन फोवा* ), पन्नाचन (*घुम्लीच्याङ फोवा*) र जुवारचन (*घुम्ली फोवा* ) गरी चार गोत्रका थकाली पाइन्छ । यो समुदायले परम्परागत रुपमा मान्दै आएका प्रचलनहरुमध्ये *मिर्चाङ* प्रथालाई एक महत्वपूर्ण प्रथाका रुपमा लिईन्छ । खासगरी यो प्रथा प्राकृतिक स्रोतसाधनको संरक्षण तथा उचित व्यवस्थापनसँग सम्बन्धित परम्परागत सामाजिक स्वयंसेवी सँस्थाको रुपमा समेत लिन सकिन्छ । यस सभामा पन्ध्र जना सदस्य रहने हुनाले यसलाई पाँचगाउँले थकाली समुदाय पनि भन्ने गरिन्छ । यो थकाली समुदायमा प्रचलित एक गाउँ परिषद् हो । यो सँस्थामा थकाली समुदाय भित्र रहेका प्रत्येक गोत्र अनुसार छानिएका एक-एक जना *थुमीन* ( मुखिया ) रहने प्रचलन छ । यस बाहेक उक्त परिषद्मा १० जना *छोवा* (कटुवाल) हुन्छन् । चार जना मुखियाबाट पालैपालो एकजना *कम्पछो* (प्रमुख मुखिया) छान्ने प्रचलन रहनुका साथै छानिएका मध्येबाट एक जना मुख्य *मीयान* ( कटुवाल ) तथा एक जना धुङगे (लेखापाल) पनि रहने गर्छ । *मिर्चाङ*को गठन प्रत्येक वर्षको असार महिनामा गरिन्छ । आफ्नो एक

वर्षे कार्यकाल सम्पन्न भएपश्चात गाउँलेहरु समक्ष आफ्नो कार्यकालमा समुदायको हित विपरित कुनै पनि कार्य गरेको छैन भनी बताउनु पर्ने चलन रहेको छ । उक्त एक वर्षे कार्यकालको अवधिमा मिर्चाङका सदस्यहरुले स्वयम्सेवकका रुपमा काम गर्नुपर्छ । तर *थुमीन*को सहयोगी *कटुवाल, धुङगे*हरुले भने गाउँमा सञ्चालन हुने गरेको पानी घट्टबाट संकलन भएको रकमलाई समुदायमा बाँड्ने गर्छन् । त्यसैगरी समुदायका कुनै पनि सदस्यले समाजको नियम कानून उल्लंघन गरेमा जरिवाना स्वरुप नगद वा अन्न बुझाउनु पर्ने चलन थियो । जसबाट उठेको आधा अँश *मिर्चाङ*का सदस्यहरुले उपयोग गर्न पाउने प्रावधान रहेको थियो भने बाँकी रकम समुदायको कोषमा जम्मा गर्नुका साथै सामाजिक विकासका कार्यहरुमा खर्च गर्ने प्रचलन रहेको थियो ।

यो सँस्थाको मुख्य जिम्मेवारी प्राकृतिक स्रोतहरु जस्तैः काठ-दाउरा, जडीबुटी, घाँस, खर्क तथा अन्य वनपैदावरको उचित व्यवस्थापन र बाँडफाँड गर्नु रहेको हुन्थ्यो । *मिर्चाङ*द्वारा नै समुदायका गाईवस्तुहरुलाई लेकतिर लाने, खर्कमा सार्ने, तल बेशीतिर ल्याउने र काठ, दाउरा लगायत अन्य वनजङ्गलबाट प्राप्त  हुने आवश्यक वस्तु सँकलन गर्ने समय तथा मिति तोक्ने गर्छ । यदी मिर्चाङले लागू गरेको नियम समुदायका सदस्यहरुले पालना नगरेमा जरिवानाको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी समुदायका कुनै पनि सदस्यले सँस्थाका सदस्यहरु विरुद्धमा उजुरी हालेमा सो सम्बन्धमा सँस्थाको बैठकमा छलफल गरी निर्णय गर्ने चलन रहेको पाईन्छ । जस्तैः सँस्थाको नियमानुसार समुदायको 'छारताङ' जङ्गलबाट वर्षायाममा ६ महिनासम्म र 'तामकाङ' जङ्गलबाट हिउँदमा ६ महिनाको अवधिसम्म कुनै किसिमको वनपैदावर संकलन गर्नमा प्रतिबन्ध लगाईएको हुन्छ । यो सँस्थाले प्राकृतिक स्रोतको व्यवस्थापन मात्रै नभएर समुदायमा सामाजिक, धार्मिक, साँस्कृतिक, न्यायिक, तथा आवश्यक पूर्वाधारहरुको विकास निर्माणका कार्यहरु पनि गर्ने गर्छ ।

त्यसैगरी *थुमीन* प्रथा सन् १९३८ मा सुब्बामा परिणत भएको थियो भने पंचायती व्यवस्थाको शुरुवात पश्चात सन् १९६९ मा यो प्रथा पनि लोप भैसकेको छ ।

## आदिवासी जनजाति समुदायको परम्परागत कानूनको अवस्था तथा कानूनी मान्यता

नेपालमा आदिवासी जनजातिको पहिचान र अधिकारको इतिहास हेर्ने हो भने, प्रजातन्त्रको पुनःस्थापना भए पश्चात वि.सं.२०४७ सालको संविधानले पहिलो पटक नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक राष्ट्र घोषणा गरेको थियो । उक्त संविधानले नेपालमा पहिलो पटक संवैधानिक रुपमा देशका सम्पूर्ण आदिवासी जनजातिहरुको भाषिक तथा साँस्कृतिक पहिचान र अधिकारलाई केही हदसम्म सम्बोधन गरेको पाईन्छ । त्यसैगरी, वि.सं.२०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनले ल्याएको परिवर्तन पश्चात बनेको नेपालको अन्तरिम संविधान (२०६३) ले नेपाल धर्मनिरपेक्ष, संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा घोषणा गरिसकेको छ । यस संविधानले नेपालमा परापूर्वकालदेखि बसोवास गर्दै आएका आदिवासी जनजातिहरुको हकअधिकार र उनीहरुले उठाएका मुद्दाहरुलाई संवैधानिक रुपमा संवोधन गरेको पाइन्छ । अन्तरिम संविधानले देशमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रुपमा मान्यता प्रदान गरिसकेको छ । यद्यपि आवश्यक कानून, नीति, तथा प्रशासनिक संयन्त्रको निर्माण भईनसकेको कारण आदिवासी जनजातिहरुले संविधान प्रदत्त अधिकारहरु व्यावहारिक रुपमा उपभोग गर्न पाएका छैनन् । हाल संविधानसभाद्वारा नेपालको नयाँ सँविधान निर्माण गर्ने कार्य भैरहेको छ । अब बन्ने सँविधान दश वर्षे लामो सशस्त्र जनयुद्धको प्रमुख कारणहरुलाई मात्र संवोधन गर्ने नभई यसले समग्र आदिवासी जनजाति, सीमान्तकृत समुदायहरुको हक, अधिकारलाई सुनिश्चित गराउने काममा मेरुदण्डको रुपमा सावित हुनेछ । अब बन्ने सँविधानले नै आदिवासी जनजातिहरुको हक, अधिकार र भविष्यको सुनिश्चितता गर्ने भएकाले समग्र आदिवासी जनजातिहरुले आफ्ना हक, अधिकारलाई नयाँ सँविधानमा स्थापित गर्नका निमित ठूला राजनीतिक दलहरु लगायत सरोकारवाला निकायहरुलाई आवश्यक दवाव दिन आवश्यक रहेको देखिन्छ ।

नेपालमा वि.सं. २०४६ सालबाट मात्र आदिवासी जनजातिहरुको पहिचान र अधिकारमा आधारित विकासको प्रयास सामूहिक रुपमा शुरु भएको पाईन्छ । तर आदिवासी जनजातिहरुको पहिचान र अस्तित्वको आधारको रुपमा रहेका परम्परागत ज्ञान, सीप, प्रचलन तथा मौलिक कानूनी पद्धतिहरुको प्रवर्द्धन तथा विकास हुनाको सट्टा विविध कारणहरुले गर्दा दिन प्रतिदिन लोप हुदै गएको अवस्था देखिन्छ ।

यसै सन्दर्भमा, नेपालको पहिलो मुलुकी ऐन (१८५४) ले आदिवासी जनजाति समुदायका केही परम्परागत प्रचलन तथा प्रथाजनित कानूनहरुलाई सम्मान गर्नुका साथै केही हदसम्म भए पनि मान्यता दिएको थियो । त्यसैगरी ट्रष्ट कर्पोरेसन ऐन (१९७६) र मुलुकी ऐन (१९६३) ले आदिवासी जनजातिहरुको केही प्रचलन र मौलिक कानूनलाई सम्मान गर्नुका साथै केही हदसम्म परम्परागत प्रचलनहरुलाई पनि प्रयोग गर्न पाउने व्यवस्था गरेका थिए । उक्त व्यवस्था अनुसार यदी उनीहरुका परम्परागत प्रथा तथा कानूनहरु लागू गर्ने क्रममा कुनै किसिमको समस्या या विवाद सृजना भएको खण्डमा सबैभन्दा पहिला त्यसको समाधान र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित समुदायलाई नै दिइएको थियो । सम्बन्धित समुदायले समाधान गर्न नसकेको अवस्थामा मात्र देशको कानून बमोजिम समाधान गरिने व्यवस्था थियो । यसरी तत्कालीन सरकारले आदिवासी जनजातिहरुका परम्परागत प्रथा र कानूनहरुलाई केही हदसम्म मान्यता दिएको देखिन्छ । तर पछिल्लो समयमा नेपालमा खास गरेर जब पृथ्वीनारायण शाहले सन् १७६८ मा भौगोलिक एकीकरण गरे पश्चात तत्कालीन सरकारले अगाडि सारेका ऐन, कानून र नीतिले आदिवासी जनजातिहरु माथि नकारात्मक व्यवहार गरेको पाईन्छ । राज्यका सम्पूर्ण अधिकार शासक वर्गमा केन्द्रीत गर्ने प्रयास भएकोले आदिवासी जनजातिहरुका मौलिक, प्रथाजनित कानूनहरु तथा प्रचलनहरुलाई प्राथमिकता नदिई क्रमशः कानूनी मान्यताबाट हटाउँदै गएको पाईन्छ । राज्यले राष्ट्र निर्माण र एकताको नाममा बहुसाँस्कृतिक समाज भएको देशमा एकात्मक हिन्दु संस्कृति लादेको पाईन्छ । जसको परिणामस्वरुप आदिवासी जनजातिहरुले युगौदेखि अभ्यास गर्दै आएको परम्परा र परम्परागत कानूनहरु नासिएको देखिन्छ । अन्ततः नेपाललाई बहुभाषिक, बहुसाँस्कृतिक, र बहुधार्मिक राज्यको रुपमा घोषणा गरेता पनि पुनः देशमा एक भाषा, एक धर्म, एक भेषको नीति राज्यले अवलम्वन गरेको पाईन्छ । यद्यपि आदिवासी जनजाति समुदायले परम्परागत रुपमा मान्दै आएका मौलिक प्रचलन तथा प्रथाहरुलाई आफ्नो संस्कृति र जीविकोपार्जनको आधारका रुपमा केही हदसम्म भए पनि संरक्षण गर्दै आएको देखिन्छ । आदिवासी जनजाति समुदायमा प्रचलित सामाजिक, साँस्कृतिक संस्कार सम्पन्न गर्ने उनीहरुका परम्परागत प्रथा तथा कानूनहरु भने आजसम्म पनि धेरै हदसम्म संरक्षित राख्न सफल भएका छन् ।

यस सन्दर्भमा, नेपाल सरकारले विभिन्न किसिमका अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरुको अनुमोदन गरिसकेको छ । २००७ मा आइएलओ महासन्धि १६९ अनुमोदन गरी सकेको छ भने सोही साल आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (युएनड्रिप) को पक्षमा मत

जाहेर गरिसकेको छ । त्यसैगरी, सरकारले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र (१९९१), आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र ( १९९१), सबै प्रकारको रंगभेद अन्त गर्ने अन्तर्राष्ट्रिय अभिसन्धि, महिला विरुद्धका सबै प्रकारका विभेद अन्त सम्बन्धी सन्धि, जैविक विविधता सम्बन्धी अभिसन्धि आदिलाई अनुमोदन गरिसकेको छ । यसैले अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र कानूनहरुलाई लागू गर्नु र त्यसको पालना गर्नु नेपाल सरकारको कर्तव्य हुन आउँछ । त्यसैले आदिवासी जनजातिहरुको जल, जमीन, जङ्गल र अन्य प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गराउनु राज्यको दायित्व हो । (आइएलओ १६९ धारा १४.१) आदिवासी जनजातिहरुको बसोवास रहेको क्षेत्रको प्राकृतिक स्रोत साधनहरुको प्रयोग, संरक्षण र नियन्त्रण गर्ने अधिकार हुन्छ (युएनड्रिप, धारा २६.२) । त्यसैले नेपालका आदिवासी जनजातिहरुले अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरुमा संम्बोधन गरिएका मानव अधिकार, सामूहिक अधिकार र स्वतन्त्रता जस्ता मौलिक अधिकारहरुसँग नबाझिने गरी आदिवासी जनजातिहरुको परम्परागत प्रचलन, मौलिक कानूनी प्रथाहरुलाई संविधानमा सुनिश्चित गराइनुपर्ने माग अगाडि सारेका छन् ।

यसका साथै नेपालका आदिवासी जनजातिहरुले युएनड्रिप र आईएलओ, १६९ ले प्रत्याभूत गरेका अधिकारलाई सुनिश्चित गर्न संविधान, कानून र प्रशासनिक संयन्त्र विकास गर्नका लागि जोडदार रुपमा आवाज उठाईरहेका छन् । त्यसैगरी, जलवायु परिवर्तनसँग सम्बन्धित रेडप्लसको रणनीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयनको क्रममा पनि आदिवासी जनजातिहरुको पूर्ण सहभागिता गराई उनीहरुको अधिकारलाई सम्बोधन गरिनुपर्ने जोडदार माग रहेका छन् । आदिवासी जनजातिहरु परम्परागत रुपमा नै आध्यात्मिक, साँस्कृतिक, सामाजिक तथा जीविकोपार्जनको लागि वनजङ्गल र प्राकृतिक स्रोतसाधनसँग घनिष्ट सम्बन्ध राख्ने भएकाले उनीहरुलाई यी प्राकृतिक स्रोतसाधनबाट अलग गर्नु भनेको उनीहरुको पहिचान र अस्तित्व नै समाप्त पार्नु हो । आदिवासी जनजाति र वनजङ्गलबीच युगौंदेखि रहँदै आएको अन्योन्याश्रित सम्बन्धका आधारमा नै आदिवासी जनजातिहरुले महत्वपूर्ण ज्ञान-सीपहरुको विकास गरेका छन् । जसले वन संरक्षण र दिगो व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्नुका साथै जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत महत्वपूर्ण योगदान पुऱ्याई रहेको तथ्य प्रमाणित भइसकेको छ । जैविक विविधताको दृष्टिकोणले आदिवासी जनजातिहरु बसोवास गर्ने पुर्ख्यौली थातथलोहरु अत्यन्त महत्वपूर्ण रहनुका साथै स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोत र जैविक विविधताको उचित र न्यायोचित संरक्षणमा पनि प्रमुख भूमिका रहेको पाईन्छ । यति हुँदाहुँदै पनि

आदिवासी जनजातिको परम्परागत प्रचलन, मौलिक कानूनी पद्धति, प्रथाहरुको महत्वलाई राज्यले मान्यता दिन नसकेको कारण आदिवासी जनजातिहरु आफ्नो अधिकार प्राप्तिका लागि संघर्षरत् रहेको अवस्था छ ।

त्यसैगरी आदिवासी जनजाति समुदायले युगौंदेखि आफ्नो पूर्ण स्वामित्व रही उनीहरुले नै आवश्यक संरक्षण र उपभोग गर्दै आएका चरन क्षेत्रहरु सरकारले खर्क दर्ता ऐन (१९३३) लागू गरे पश्चात ती चरन क्षेत्रहरुको उपभोग गरेबापत राज्यलाई कर तिर्नु पर्ने नियम लागू भयो । जसलाई आदिवासी जनजातिको अधिकार कटौति गर्न सरकारद्वारा चालिएको कदमका रुपमा लिन सकिन्छ । त्यसैगरी निजी वन राष्ट्रियकरण ऐन (२०१३) लागू गरी आदिवासी जनजातिहरुको स्वामित्व, नियन्त्रण र सँरक्षणमा रहेका वनहरुलाई राष्ट्रियकरण गर्ने कार्य गरिएको थियो ।

त्यसैगरी पुनर्वास कम्पनी स्थापना ऐन, २०२१, झोडा ऐन, २०२८ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०३० मार्फत आदिवासी जनजातिहरुले लामो समयदेखि भोगचलन गर्दै आएको र उनीहरुको अधिकारमा रहेका वनजङ्गल तथा प्राकृतिक स्रोतमाथिको अधिकार र अन्तरसम्बन्धलाई पूर्ण रुपमा अलग गराई उनीहरुको पहिचान र अस्तित्वलाई नै संकटमा पार्ने कार्य गरेको देखिन्छ । त्यसैगरी भूमि सुधार ऐन, २०२१ को दोश्रो संशोधन २०२५ ले परम्परागत रुपमा कतिपय आदिवासी जनजातिहरुको सामूहिक स्वामित्वमा रहेका किपट प्रथाको समेत खारेजी र अन्त्य गरेको थियो । आदिवासी जनजाति समुदायको अधिकार कटौती गर्दै जाने राज्यको रणनीति अनुरुप खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ले उनीहरुको चरन क्षेत्रहरुलाई राष्ट्रियकरण गरी बहुसंख्यक आदिवासी जनजातिहरुको मुख्य पेशाको रुपमा रहेको पशुपालन व्यवसायबाट समेत बञ्चित हुन बाध्य गराईएको थियो । यसरी भूमि र वनसम्बन्धी ऐन, नियम तर्जुमा र लागू गरेर राज्यले आदिवासी जनजातिहरुको वन र भूमि माथिको स्वामित्व, नियन्त्रण र भोगचलनको अधिकार खोसेको स्पष्ट देखिन्छ ।

त्यसैगरी सन् १९९० सालमा बहुदलीय व्यवस्थाको स्थापना भएपश्चात सरकारले स्थानीय समुदायहरुको सहभागितामा वन संरक्षण तथा दिगो व्यवस्थापन गर्नका लागि सामुदायिक वन ऐन, १९९२ लागू गरेको पाईन्छ । त्यसले पनि आदिवासी जनजाति समुदायको परम्परागत मौलिक प्रथाजनित कानूनी पद्धतिलाई मान्यता दिएको देखिदैन । यस बाहेक वन उपभोक्ता समितिले सामुदायिक वन निर्देशिका र व्यवस्थापन योजना अनुसार कार्य नगरेको खण्डमा सामुदायिक वन व्यवस्थापनको

जिम्मेवारीबाट हटाउन सक्ने र यस्ता सामुदायिक वनको दर्ता समेत खारेज गर्न सक्ने अधिकार जिल्ला वन अधिकारीलाई दिइएको पाईन्छ । (सामुदायिक वन ऐन, १९९२) ।

यसै सन्दर्भमा, संयुक्त राष्ट्र संघको आदिवासी जनजाति सम्बन्धी मानव अधिकार तथा आधारभूत स्वतन्त्रता सम्बन्धी विशेष प्रतिनिधि जेम्स अनायाले सन् २००८ को नोभेम्बर २४ देखि डिसेम्बर २ सम्म गर्नु भएको नेपालको भ्रमणपश्चात कानूनको अभाव र तदनुसारको प्रशासनिक संयन्त्रहरुको विकास नभएकाले आदिवासी जनजातिहरुलाई उनीहरुको ऐतिहासिक भूमि र थातथलोबाट कुनै पनि क्षतिपूर्ति नदिई विस्थापित गराउनुको साथै उनीहरुको अधिकारबाट समेत बञ्चित गराइएको पाईएको उल्लेख गरेका छन् । उनले विशेष गरी भूमिसुधार ऐन, १९६४ लागू गरेपछि आदिवासी जनजातिहरुको सामूहिक भू-स्वामित्वको रुपमा रहेको 'किपट' प्रथाको अन्त गरी युगौंदेखि उनीहरुले उपभोग गर्दै आएका पुर्ख्यौली भूमि र सामूहिक स्वामित्वको भूमि व्यक्ति-व्यक्तिको नाममा वितरण गरिएका कारण उनीहरुको संस्कृतिका रुपमा रहेको सामूहिक भू-स्वामित्वको अन्त भएको पाइन्छ । त्यसैले आदिवासी जनजातिहरुको जल, जमीन, जङ्गल र अन्य प्राकृतिक स्रोतमाथिको अधिकारको व्यवस्था संवैधानिक र कानूनी रुपमा नै सुनिश्चित गरिनु पर्छ । यसरी जल, जमीन, जङ्गल र अन्य प्राकृतिक स्रोतमाथिको आदिवासी जनजातिहरुको अधिकारलाई संवैधानिक र कानूनी व्यवस्थाबाट सुरक्षित गर्ने क्रममा अन्तर्राष्ट्रिय सन्धि र महासन्धिहरुले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुको अधिकारलाई समेत संवोधन गरिनु पर्छ । त्यस्तै जलवायु परिवर्तन र रेडप्लस सम्बन्धी कुनै पनि नीति, कार्यक्रम र योजनाहरु बनाइँदा समेत आदिवासी जनजातिहरुको हक अधिकार र उनीहरुका मुद्दाहरुलाई संबोधन गरिनु पर्छ ।

## वनजङ्गल संरक्षण तथा दिगो व्यवस्थापनमा आदिवासी जनजाति महिलाको भूमिका

आदिवासी जनजाति समुदायहरुको वनजङ्गलसँग आध्यात्मिक, साँस्कृतिक र जीविकोपार्जन सम्बन्धित रहेकाले वनजङ्गल संरक्षण तथा त्यसको दिगो व्यवस्थापनका लागि उनीहरुको आफ्नै विशेष परम्परागत प्रचलन रहेका छन् । यसमा पनि खासगरी आदिवासी जनजाति महिलाहरुको भूमिका ज्यादै

महत्वपूर्ण रहँदै आएको छ । आदिवासी जनजाति महिलाहरुमा वनपैदावरहरुको उपयोगिता, जडीबुटीहरुको नाम, उपलब्ध हुने क्षेत्र र उपलब्ध हुने उपयुक्त समय/अवधि, जडीबुटी तथा वनस्पतिहरुको विशेषताहरु तथा त्यसको उचित प्रयोग आदिका बारेमा व्यावहारिक ज्ञान र सीपहरु रहेका हुन्छन् । त्यसकारण उक्त बहुमूल्य वनपैदावर र प्राकृतिक स्रोतहरुको व्यावहारिक ज्ञान महिलाहरुमा रहेकाले ती वनस्पतिहरुबाट समुदायलाई उपलब्ध हुने फाईदा र उपयोगिताका आधारमा संरक्षण गर्नमा ग्रामीण महिलाहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् (उपाध्याय, २००५) ।

आदिवासी जनजाति महिलाहरु सबै भन्दा बढी दैनिक जीवनमा आवश्यक पर्ने घाँस, दाउराका लागि वनजङ्गल माथि निर्भर रहेका हुन्छन् । यस बाहेक उनीहरुले वनजँगलबाट नै आफू, आफ्नो परिवार र घरपालुवा जनावरका लागि घाँसपात, काठ दाउरा, जङ्गली फलफूल, तरकारी तथा जडीबुटीहरु संकलन गरी उपयोग गरी राखेका हुन्छन् । आदिवासी जनजाति महिलाहरुमा आफ्ना वरिपरी पाइने वनपैदावरको प्रयोग र उपयोगिता सम्बन्धी राम्रो ज्ञान हुने हुनाले उनीहरुले लामो समयदेखि स्थानीय वनजङ्गलमा पाइने औषधीजन्य जडीबुटीहरु तथा बहुमूल्य वनस्पति संरक्षण गर्दै आइरहेका हुन्छन् । आर्थिक अभावका कारण ग्रामीण क्षेत्रका बेरोजगार युवाहरु रोजगारीको सिलसिलामा अन्यत्रै जानु पर्ने बाध्यता रहेकाले नेपालका ग्रामीण आदिवासी जनजाति महिलाहरु आफ्नो जीविकोपार्जनमा झन् बढी जिम्मेवार र वनजङ्गलमा आश्रित हुन परेको देखिन्छ । तसर्थ आदिवासी जनजातिहरु बसोवास गर्दै आएको क्षेत्रमा रहेको वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापन सम्बन्धी प्रभावकारी योजना बनाउन आदिवासी जनजाति महिलाहरुमा परम्परागत ज्ञान र सीपहरु रहेका हुन्छन् (शेर्पा, २००४) ।

आदिवासी जनजाति महिलाहरु खास गरेर घर भित्रका काम र गाईवस्तुका निम्ति घाँसपात संकलन, खेतीपातीका लागि मल बीउको व्यवस्था, खेतीपाती गर्ने आदि कार्यहरुमा समेत संलग्न हुने भएकाले वनजङ्गल वा वनपैदावरहरुमा उनीहरुको प्रत्यक्ष सम्बन्ध पुरुषहरुको भन्दा बढी रहेको पाईन्छ । ग्रमीण महिलाहरु आफ्नो जीविकोपार्जनको कार्य गर्नका लागि दैनिक रुपमा नै वनजङ्गलमा निर्भर रहनुका साथै वनमा बढी आश्रित रहेको देखिन्छन् । तसर्थ वनपैदावरको विनाश भएमा त्यसको प्रत्यक्ष प्रभाव आदिवासी जनजाति महिलाहरुलाई बढी मात्रामा पर्ने देखिन्छ । यस अर्थमा, वनजङ्गल संरक्षण तथा दिगो व्यवस्थापनसँग सम्बन्धित आदिवासी जनजातिहरुको महत्वपूर्ण ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न ग्रामीण आदिवासी जनजाति महिलाको उल्लेख्य भूमिका रहेको पाईन्छ ।

आदिवासी जनजाति महिलाहरुले वनजङ्गल संरक्षण तथा वनको दिगो व्यवस्थापन गरी जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत उल्लेखनीय योगदान पुर्‍याउनुका साथै प्राकृतिक स्रोत साधनको सही उपयोगका निमित्त परम्परागत ज्ञान, सीपहरु समग्र विश्व् समुदायलाई दिइरहेका छन् ।

जनजाति महासंघले रेडप्लस कार्यक्रमको नमूना क्षेत्रको रुपमा छनौट गरिएका लमजुङ जिल्लाको खासुर गाँउको 'प्रगति नारी समूहले' स्थानीय सामुदायिक वनको संरक्षण तथा व्यवस्थापनमा महत्वपूर्ण जिम्मेवारी लिएको पाइन्छ । खासगरी, वन जङ्गलमा आगलागी हुने, गर्मी मौसमको समयमा वनपैदावरको चोरी निकासी हुने समयमा महिला समूह सुरक्षाका लागि खटिने गर्छन् । विशेष सुरक्षाका लागि उनीहरुले मानिसको आवतजावत हुने प्रमुख नाकाहरुमा दिनको दुई पटक विहान ७ बजेदेखि दिउँसो १२ बजेसम्म र मध्यान्ह १२ बजेदेखि साँझ ७ बजेसम्म सुरक्षा दिने, नियमित अनुगमन र निरीक्षण गर्ने गर्छन् । उक्त कार्यका लागि समूहको सदस्यका रुपमा प्रत्येक घरधुरीबाट पालैपालो वनजङ्गलको सुरक्षामा खटिने प्रचलन रहेको छ । प्रत्येक वर्ष खासगरी पुस, माघ महिनामा वनजँगलबाट स्रोतहरुको सँकलन तीब्र हुने भएकाले वनजङ्गलको उचित संरक्षण र व्यवस्थापनका लागि त्यस समयमा समुदायका महिला सक्रिय रुपमा सहभागी भई काम गर्ने गर्छन् । समुदायले वन व्यवस्थापनको क्रममा विशेष गरी सुकेको दाउरा, घाँस, स्याउला संकलन गर्ने, झाडीहरु फाँड्ने, झारहरु हटाउने, आवश्यक सरसफाई गर्ने आदि कार्यहरु गर्छन् । गुरुङ महिलाहरुमा वनजङ्गलबाट प्राप्त पैदावरहरुलाई राम्रोसँग प्रशोधन गरी प्रयोग गर्न सक्ने ज्ञान रहेको पाईन्छ । उनीहरु वनबाट सिस्नो, तामा, निउरो, कुरिलो, गिठा, भ्याकुर, कटुस, ऐँसेलु, दालचिनी र टिमुर संकलन गरी त्यसको सही उपयोग गर्छन् । यसैले गुरुङ समुदायमा खाद्यवस्तु संकलन र प्रशोधनमा महिलाहरुको महत्वपूर्ण भूमिका रहेको छ ।

**गुरुङ महिलाहरुको विशेष ज्ञान सीपहरु**

गुरुङ महिलाहरु आफ्नो परिवारका कुनै सदस्य वा समुदायमा कोही विरामी परेमा वनजङ्गलमा उपलब्ध हुने औषधिजन्य वनस्पति सँकलन गरी औषधी तयार गर्छन् । उनीहरु चिसो लागेमा *पिनास भ्कार,* खोकी लागेमा, छाती दुःखेमा वा ज्वरो आएमा *कुट्की* प्रयोग गर्छन् । त्यसैगरी चोटपटक लागेमा वा हतियारले काटेमा *सदुवा,* हातखुट्टा मर्केमा *पदमचाल,* पेट फुलेकोमा *सिल्टिम्बुर,* घाउ चोट लागेमा चिलाउनेको बोक्रा, हाड तथा जोर्नीहरु खुस्केमा *हाडजोरा,* ज्वरो आएमा *खर्बोचे* आदि स्थानीय वनजङ्गलमा पाइने जडीबुटी प्रयोग गर्छन् । महिलाहरुले विशेष गरी यी जडीबुटीहरु जंगलबाट संकलन गरी ससाना टुक्रा पार्ने र थोरै नुन हालेर घाममा सुकाई भविष्यमा प्रयोग गर्नका लागि जोगाएर राख्ने गर्छन् । *अमला, हर्रो, लप्सी* जस्ता भिटामिन 'सी' युक्त फलहरु सुकाएर लामो समयसम्म राख्ने गर्छन् । त्यस्तै यी फलहरुबाट अचार तथा औषधिको रुपमा समेत प्रयोग गर्ने गर्छन् ।

वनजङ्गल संरक्षण तथा व्यवस्थापनमा आदिवासी जनजाति महिलाहरुको उल्लेख्य योगदान रहेता पनि वनसँग सम्बन्धित नीति निर्माण र निर्णय गर्ने तहमा उनीहरुको अर्थपूर्ण सहभागिता भने अत्यन्त न्यून रहेको स्थानीय महिलाहरुको गुनासो छ । तथापि, सामुदायिक वन उपभोक्ता समितिको कार्य समितिमा शुरुमा दुई जना मात्रै महिला रहने गरेको भए पनि हाल गठन गरिएको कार्य समितिमा ७ जना महिला सदस्यको प्रतिनिधित्व रहेको देखिन्छ । त्यसैले हाल आएर सामुदायिक वन उपभोक्ता समितिमा महिलाको उल्लेख्य प्रतिनिधित्व रहनुका साथै उनीहरुको निर्णायक भूमिका रहेको बताएका छन् । आदिवासी जनजाति महिलाहरुलाई घरमा र समुदायमा लैङ्गिक रुपमा तोकिएको भूमिकाका कारण पनि उनीहरु पुरुषको तुलनामा बढी मात्रामा वनमाथि निर्भर रहनु परेको पाईन्छ । महिलाहरु विशेष गरेर घरमा खाना पकाउने, पशुहरु हेरचाह र पालनपोषण गर्ने, कम्पोष्ट मल बनाउने र खेतीपातीको समेत काम गर्ने हुनाले उनीहरुको वनसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यद्यपि आदिवासी जनजाति महिलाहरुको भूमिमाथि अधिकार र पहुँच कम भएको पाईन्छ । आदिवासी जनजाति महिलाहरुको

वनसँग प्रत्यक्ष रुपमा निर्भर रहनु पर्ने हुनाले उनीहरुको भूमिका वनजङ्गलको संरक्षण, दिगो व्यवस्थापनमा उल्लेख्य रुपमा रहनुको साथै उनीहरुमा रहेको ज्ञान र सीपलाई आफ्ना सन्तति र आउँदो पिढीलाई हस्तान्तरण गर्नु पनि रहेको हुन्छ । महिलाहरु वनजङ्गलमा घाँस काट्न र जडीबुटी संकलन गर्न जाने क्रममा कतिपयले आफ्ना छोराछोरीहरुलाई पनि साथमा लिएर जानेहुनाले आमासँग वनजङ्गल गएका स-साना बालबालिकाले पनि आमालाई हेरेर धेरै कुरा सिक्ने गर्छन् । त्यस्तै आमाहरुले आफ्ना बालबच्चाहरुलाई जङ्गलको स-साना बोटबिरुवा काट्न नहुने, वनमा सलाई र आगो बाल्न नहुने जस्ता कुराहरु पनि सिकाउने गर्छन् । यसबाट पनि वनजङ्गल संरक्षण, दिगो व्यवस्थापन र सही उपयोग गर्नमा महिलाहरुको उल्लेखनीय भूमिका रहने स्पष्ट हुन्छ । नेपालका फरक फरक भौगोलिक क्षेत्रमा बसोवास गर्ने आदिवासी जनजातिहरुका सामाजिक, साँस्कृतिक, धार्मिक र आध्यात्मिक जीवनमा समेत विविधता रहेको पाईन्छ । तापनि वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुको संरक्षण र व्यवस्थापन गर्ने आदिवासी जनजातिको आफ्नै प्रकारका मौलिक परम्परा, प्रथा र प्रथाजनित कानून छन् । त्यस्तै आदिवासी जनजाति महिलाहरुमा वनपैदावरको संकलन, त्यसको प्रयोग, उपयोग र व्यवस्थापन सम्बन्धी ज्ञानको विशेष दखल रहेको हुन्छ । उनीहरुका आवश्यक वनपैदावरको पहिचान, संकलन, सदुपयोग, उपलब्धता सम्बन्धमा युगौदेखि आफ्नै किसिमको परम्परागत ज्ञान रहेको हुन्छ । वन विभागको तथ्याँक अनुसार नेपालमा लगभग ७७८ वटा महिला सामुदायिक वन रहेको र यसले २२,७६९.४१ हेक्टर क्षेत्रफल ओगटेको छ । यसबाट नेपालका ६३,६८२ घरपरिवार लाभान्वित छन् । त्यसैगरी नेपालका १४,२२७ सामुदायिक वनका कुल सदस्य संख्या १,५९,८७६ को २५.४७ प्रतिशत महिलाको रहेको छ ।

हालसम्म पनि नेपालका कतिपय दुर्गम ग्रामीण समुदायमा अझै पनि रोगको उपचारका लागि आधुनिक औषधिको प्रयोग भन्दा पनि उनीहरुले युगौंदेखि प्रयोग गर्दै आएका स्थानीय स्तरमा उपलब्ध जडीबुटीहरु संकलन र प्रयोग गर्दै आइरहेको पाईन्छ । यसका लागि आदिवासी महिला र पुरुष दुवैमा जडीबुटीहरुको सही पहिचान, सँकलन र उचित प्रशोधनका साथै प्रयोगमा विशेष ज्ञान रहेको हुन्छ । जस्तैः उदाहरणका लागि खासुर गाउँमा गुरुङ महिलाहरुमा रहेको विशेष प्रकारका ज्ञान, सीपलाई लिन सकिन्छ ।

## परम्परागत प्रचलन तथा प्रथाजनित कानूनी पद्धतिहरुको कार्यान्वयनमा चुनौती तथा अवरोधहरु

आदिवासी जनजातिहरुको युगौंदेखि अभ्यास गर्दै आएका विभिन्न प्रकारका परम्परागत प्रचलन तथा मौलिक प्रथाजनित कानूनी पद्धतिले वनजङ्गल संरक्षण तथा त्यसको दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याएको तथ्य प्रमाणित भैसकेको छ । विशेषतः आदिवासी जनजाति समुदायले कृषि तथा पशुपालन पेशामा आधारित विविध परम्परागत प्रचलन र मौलिक संस्कारहरुले उनीहरुको प्रकृति र भूमिसँग युगौंदेखि घनिष्ट सम्बन्ध रही आएको तथ्य प्रमाणित हुन आउँछ । यी प्रचलनहरु उनीहरुको आध्यात्मिक, सामाजिक र साँस्कृतिक जीवन पद्धतिसँग सम्बन्धित रहेकाले यसबाट अलग गराउनु भनेको आदिवासी जनजाति समुदायको पहिचान र अस्तित्वलाई नै समाप्त पार्नु हो । तर आदिवासी जनजाति समुदायको पहिचान र अस्तित्वसँग गाँसिएका यी मौलिक प्रथाजनित कानूनी पद्धतिहरु देशको कानूनको दृष्टिकोणमा निष्क्रिय रहेको अर्थात कानूनी मान्यता दिएको पाईदैन । त्यसैगरी उनीहरुका आध्यात्मिक, सामाजिक, साँस्कृतिक र जीविकोपार्जनसँग गाँसिएका कतिपय परम्परागत प्रचलन तथा संस्कार तीव्र रुपमा लोप भइरहेका छन् ।

तसर्थ अहिलेको मुख्य आवश्यकता र चुनौती आदिवासी जनजाति समुदायको परम्परागत प्रचलन तथा मौलिक संस्कारलाई जोगाइ राख्नु र भावी पुस्तालाई हस्तान्तरण गर्नु हो । आदिवासी जनजाति समुदायको ज्ञान तथा सीपहरुको महत्वपूर्ण स्रोत भनेको उनीहरुको परम्परा वा संस्कार हो । त्यसैले आदिवासी जनजाति समुदायको संस्कृति र जीवन पद्धतिमा आधारित ज्ञान र सीपको सम्पदा सही एवम् सुरक्षित रुपमा नयाँ पुस्तामा हस्तान्तरण गर्ने प्रकृया सुचारु गर्न नितान्त आवश्यक र चुनौतीपूर्ण रहेको छ ।

आफ्नो मौलिक संस्कृति, जीवन पद्धति, स्थानीय प्राकृतिक स्रोत साधन र जीविकोपार्जनका बारेमा युवावर्गका लागि ज्ञान, सीपको स्रोत-संस्थाका रुपमा स्थापित यस्ता मौलिक प्रथाजनित कानूनी पद्धति क्रमशः लोप हुँदै जान थालेको पाइन थालेकाले यसको परिणामस्वरुप आदिवासी जनजाति समुदायमा रहेको महत्वपूर्ण ऐतिहासिक, परम्परागत ज्ञान सीप पनि सदाका लागि लोप हुन सक्ने खतरा देखिन थालेको छ । आदिवासी जनजाति समुदायले आफ्नो इतिहास, पहिचान र अस्तित्व जोगाइ राख्ने दायित्व बोध गर्ने हो भने आफूमा रहेको ज्ञान, सीपको संरक्षण, विकास र उचित तवरले नयाँ पुस्तामा

हस्तान्तरण गर्ने कुरालाई विशेष महत्व दिनु आवश्यक छ । यस क्रममा राष्ट्र एकीकरणको थालनी सँगसगै आदिवासी जनजातिहरुको भूमि, जल, जमिन र प्राकृतिक स्रोत माथिको स्वामित्व, नियन्त्रण र पहुँचलाई विभिन्न कानून, नीति, नियमहरु लागू गर्दै समाप्त गरिएको तथ्यलाई सम्पूर्ण आदिवासी जनजाति समुदायले बुझ्नु पर्ने देखिन्छ । आदिवासी जनजाति समुदायको जीवनपद्धति, पहिचान र अस्तित्वसँग गाँसिएको मौलिक हक र अधिकारहरु शासक वर्गको निरंकुश र साम्राज्यवादी सोचको कारणले संवैधानिक र कानूनी रुपमा सुनिश्चित हुन नसकेको देखिन्छ ।

त्यसैगरी अर्को चुनौतीको रुपमा आदिवासी जनजाति समुदायको परम्परागत प्रचलन, संस्कारलाई राष्ट्रको सम्पदाको रुपमा विकास र प्रबर्द्धन गर्ने प्रयास गर्नुको सट्टा राज्यले नै त्यसलाई मेटाउने प्रयास गरेको देखिन्छ । आदिवासी जनजाति समुदायका यी परम्परागत प्रचलन उनीहरुको साँस्कृतिक आधार मात्रै नभएर समग्र विश्व जगतका लागि ज्ञानको स्रोत हो भन्ने कुरा सम्बन्धित निकायले बुझ्न चाहेको छैन । आदिवासी जनजातिहरुले मान्दै आएका परम्परागत प्रचलन र मौलिक सँस्कारबाटै देशमा भएका वनजङ्गल र प्राकृतिक स्रोतहरुको उचित सँरक्षण तथा दिगो व्यवस्थापनमा उल्लेख्य भूमिका रहेकाले यसलाई देशको साँस्कृतिक सम्पदाको रुपमा विकास गर्न राज्यले ती परम्परागत प्रचलनहरु, मौलिक प्रथाहरुलाई औपचारिक शिक्षाको रुपमा विद्यालय, विश्वविद्यालयहरुको पाठ्यक्रममा समावेश गरी ज्ञानको सही सम्बर्द्धन/प्रबर्द्धन गर्न आवश्यक नीति अख्तियार गर्न जरुरी भइसकेको छ ।

यसैगरी आदिवासी जनजाति समुदाय स्वयम्मा पनि आफ्नो संस्कृति, पहिचान र अस्तित्वको आधारका रुपमा रहेका ज्ञान र सीपहरुको संरक्षणमा रुचि र चासो राख्ने मनस्थिति नपाइनु आदिवासी जनजाति समुदायको परम्परा र मौलिक ज्ञान तथा सीपको संरक्षणको कार्यमा देखा परेका चुनौतीमध्ये सबैभन्दा टड्कारो चुनौतीको तत्व हो भन्न सकिन्छ ।

आदिवासी जनजाति समुदायको परम्परागत प्रचलन तथा मौलिक प्रथाजनित कानूनी पद्धतिहरु लोप हुँदै जानुमा मुख्यतया आन्तरिक रुपमा राज्यको दमनकारी, साम्राज्यवादी सोच र तदनुसार बनेका विभिन्न नीति नियम र कानूनहरु मुख्य कारणको रुपमा रहनुका साथै बसाइसराइ, रोजगारीको लागि प्रवासन, आदिवासी समुदायमा जनचेतना र सशक्तीकरणको कमी आदि कारणहरुले गर्दा पनि दिन प्रतिदिन लोप हुदै जाने अवस्था सृजना भएको देखिन्छ । उदाहरणका लागि पृथ्वीनाराण शाहले राज्य एकीकरणको अभियानको क्रममा आदिवासी जनजाति समुदायको आफ्नो क्षेत्र माथिको स्वशासन समाप्त

गरेका थिए । सन् १९५७ मा तत्कालीन सरकारले लागू गरेको निजी वन राष्ट्रियकरण ऐन पश्चात धेरै आदिवासी समुदायले उनीहरुको परम्परागत कृषि र विशेषगरी पशुपालन व्यवसाय नै छोड्नु पर्ने अवस्था सृजना भएको थियो । सामुदायिक वनको राष्ट्रियकरण भए पश्चात वनजङ्गल संरक्षणप्रति स्थानीयवासीको एकता, आफ्नोपन र स्वामित्व समाप्त हुनका साथै वनविनाश तीव्र रुपमा बढदै गएर अन्ततः स्थानीय आदिवासी जनजातिको जीवनयापनमा नै समस्या उत्पन्न भएको तथ्य विभिन्न अध्ययनले देखाएका छन् । त्यसका साथै वनजङ्गलको विनाशका कारण खानेपानीका स्रोतहरु सुक्दै जानु, घाँस दाउराको अभाव हुनु आदि कारणले स्थानीय आदिवासी जनजातिहरु आफ्नो उद्‌गमस्थललाई छोडेर अन्यत्र बसाइ सर्नु पर्ने अवस्थामा पुगेको पाईन्छ । बहुसँख्यक आदिवासी समुदायले विगत लामो समयदेखि गर्दै आएको खोरिया प्रथामा प्रतिबन्ध लगाएपछि वैदेशिक रोजगारमा जान बाध्य भएको देखिन्छ ।

यसका साथै बाह्य कारणहरुमा खुल्ला विश्व बजारीकरण, तीव्र भूमण्डलीकरण र जलवायु परिवर्तन आदिले गर्दा पनि आदिवासी जनजाति समुदायको जीवन पद्धतिमा नकारात्मक असर पारेको देखिन्छ । जलवायु परिवर्तनसँगै प्राकृतिक स्रोतहरुमा आएको ह्रास, प्राकृतिक विपत्ति, उपयोगी वनस्पतिहरु लोप भएको आदि कारणले गर्दा आदिवासी जनजातिको परम्परागत जीवन पद्धतिमा नकारात्मक असर परेको देखिन्छ । अन्ततः उनीहरु आफ्नो ऐतिहासिक थातथलो छाडेर बसाइ सर्न बाध्य भएको देखिन्छ भने बहुसंख्यक युवावर्ग पुर्ख्यौली पेशा छाडेर वैदेशिक रोजगारमा जानु परेको स्थिति रहेको छ ।

हालसम्म पनि राज्यले आदिवासी जनजातिहरुका परम्परागत प्रचलन, प्रथा, साँस्कृतिक संम्पदालाई राज्यको सम्पदाको दर्जामा खासै राख्ने जिम्मेवारी बोध गरेको अवस्था छैन । आदिवासी जनजातिहरुको पहिचान र अस्तित्वसँग गाँसिएको यी परम्परागत प्रचलनहरुलाई राज्यले समग्र मानव जगतका लागि उपयोगी ज्ञान, सीपहरुको अभिलेखीकरण, संरक्षण सम्बर्द्धन, र सबलीकरणको रुपमा स्थापित गर्नमा कुनै चासो दिएको देखिदैन । यद्यपि अध्ययनको क्रममा स्थानीय आदिवासी समुदायले युगौदेखि मान्दै आएका आफ्नो मौलिक परम्परागत प्रचलनलाई पहिचान र अस्तित्वको आधारको रुपमा मात्र नभएर महत्वपूर्ण ज्ञान र सीप समेत भएकाले यसको प्रबर्द्धन हुनुपर्ने कुरामा विशेष जोड दिएको पाइयो । जसलाई सकारात्मक विषयको रुपमा लिन सकिन्छ । आदिवासी समुदायले युगौंदेखि परम्परागत रुपमा अँगाल्दै आएका मौलिक सँस्कार र प्रथाहरु उनीहरुका लागि सामाजिक एकताको

माध्यम मात्र नभएर जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत महत्वपूर्ण भूमिकामा रहेको कुरा स्थानीय आदिवासी समुदायले महसुस गर्न थालेका छन् ।

अन्तमा, आदिवासी जनजाति समुदायको अधिकारको सम्बन्धमा युएनड्रीप तथा आईएलओ १६९ ले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुको हक अधिकारहरु सम्बन्धमा सरकारले अनुमोदन तथा समर्थन जनाइसकेको भएता पनि राज्यको विद्यमान कानूनी प्रावधानहरु, नीति नियमहरु सोही अनुरुप संशोधन गर्न नसक्नु र त्यसलाई आत्मसात गर्न नसक्नु नै मुख्य अवरोधको रुपमा लिन सकिन्छ ।

## गुरुङ समुदायको वैयक्तिक अध्ययन

### अध्ययन क्षेत्र

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने लमजुङ जिल्लाको बाँभ्फाखेत गाविस वडा नं.१ खासुरमा यो अनुसन्धान गरिएको छ । यो आदिवासी जनजाति महासंघ, जलवायु परिवर्तन र रेड साभ्फेदारी कार्यक्रमको नमूना गाउँ पनि हो । खासुर गाउँ समुन्द्री सतहबाट ९५० देखि २००५ मिटर उचाईमा अवस्थित छ ।

**चित्र १ : अध्ययन क्षेत्र**




लमजुङ जिल्लालाई गुरुङहरुको उद्गम थलोको रुपमा पनि चिनिन्छ । नेपालमा गुरुङहरुको जनसंख्या कूल जनसंख्याको २.३९ प्रतिशत रहेको छ (केतवि, २००१) ।  यस जिल्लामा गुरुङ बाहेक भुजेल, तामाङ, मगर, योल्मो र दुरा जातिको बसोवास छ । खासुर गाउँ बाँफाखेत गाविसको वडा नं.१ मा पर्छ । यस वडामा जम्मा १३३ घरधुरी रहेकोमा बहुसंख्यक अर्थात ८३ घरधुरी गुरुङहरुको रहेको छ ।

**चित्र २ : खासुर समुदायको घरधुरी संख्या**




श्रोतः स्थलगत अध्ययन, २०1०

त्यस्तै गाउँको कूल जनसंख्या ८४९ छ। जसमध्ये ४२५ जना महिला र बाँकी पुरुष जनसंख्या रहेको छ। यसैले यस गाउँमा महिला पुरुषको जनसंख्याको अनुपात लगभग बराबरी रहेको छ। खासुर मुख्य गाउँ भएता पनि यसको वरिपरिको कल्लेरी, लेते, मकैस्वारा, खासुरबेसी जस्ता गाउँहरुमा बस्ती पातलो र घरहरु छरिएर रहेका छन्। ती बस्तीहरु मध्ये कल्लेरी गाउँमा १२ घरधुरी भुजेलहरुको रहेका छन् जुन समुदाय शिक्षा, स्वास्थ्य, आर्थिक र विकासका हिसाबले गाविसकै सबैभन्दा सीमान्तकृत आदिवासी समूहमा पर्छ। भू-बनोटको दृष्टिकोणले खासुर गाउँ भिरालो पहाडले बनेको छ भने केही गल्छीहरु, केही खोला तथा खहरे खोलाहरु छन्। यहाँ पाँच खण्डमा लगभग ३३७.२५ हेक्टर क्षेत्रफलमा फैलिएको घनाजङ्गल पनि छ। जसलाई खासुर सामुदायिक वन अन्तर्गत व्यवस्थापन गरिएको छ। जसलाई खासुर सामुदायिक वन उपभोक्ता समितिले वि.सं.२०४९ सालदेखि व्यवस्थापन गर्दै आइरहेको छ। परम्परागत रुपमा खासुरका बासिन्दाहरु कृषि र पशुपालन व्यवसायमा आश्रित रहेको देखिन्छ। पूर्वाधार र विकासको दृष्टिले यो गाउँमा कच्ची मोटर बाटो पुगेको भएता पनि स्वास्थ्य, शिक्षा र संञ्चारका क्षेत्रमा अझै पनि पछाडि रहेको छ।

## गुरुङ समुदाय

विभिन्न आदिवासी जनजातिमध्ये गुरुङ जाति आफ्नै विशिष्ट भाषा, संस्कृति र थातथलो भएको आदिवासी जनजाति हो। गुरुङहरुको मुख्य बसोवासको थलो नेपालको उत्तर-पश्चिम पहाडी क्षेत्रको

लमजुङ, कास्की, मुस्ताङ, गोर्खा, मनाङ, पर्वत र तनहुँ आदि जिल्ला रहेको छ । गुरुङहरु बौद्ध धर्मावलम्वी भएता पनि प्राचीन कालमा उनीहरुले वोन धर्म अपनाइ आएको पाइन्छ । आज आएर पनि गुरुङ समुदायमा धामी, झाँक्री लगाउने र प्रकृति पूजा गर्ने गर्ने चलन छ । (मेसरस्मिथ १९७४) गुरुङहरुको आफ्नो छुट्टै विशिष्ट मौलिक सँस्कृति छ । यिनीहरु विवाह, मृत्यु संस्कार र अन्य चाडपर्वहरु आफ्नै तरिकाले मनाउने गर्छन् । यो जातिले सामाजिक सँस्कार बच्चा जन्मेपछि अन्तर्गत न्वारान (मी थेंब), पास्नी (कैंकोब) पहिलो पटक बच्चालाई खाना खुवाउने, कान छेड्ने (न्ह थोंबा) आदि मान्ने गर्छन् । त्यसैगरी, *छेवर, विवाह, रोधी, घाँटु र लोसार* आदि यिनीहरुका प्रचलित प्रमुख साँस्कृतिक संस्कारहरु हुन् । मृत्यु संस्कार (म्ही सिइरे बोबा), *फैलु, थेंब, पै, टहोतें* आदि मृत्यु तथा धार्मिक संस्कारहरु सम्पन्न गर्ने पर्छन् । गुरुङ जातिमा आफ्नै प्रकारको ग्रह-नक्षत्रको अध्ययन गर्ने प्रचलन छ । जसको आधारमा उनीहरु शुभ र अशुभ दिन छुट्याउने गर्छन् जसलाई उनीहरुको भाषामा *पैंडी* भन्ने गर्छन् । उनीहरु चन्द्रमास पात्रोको आधारमा महिना र वर्षको गणना गर्छन् । यस पात्रो अनुसार १२ *ल्हो* (वर्ष) गणना गर्ने र प्रत्येक *ल्हो*लाई  विभिन्न प्रकारका जनावर र पशुपंछीहरुको नामबाट संकेत गर्ने गर्छन् ।

विस्तृत अभिलिखित इतिहास नभएता पनि यिनीहरु धेरै वर्षअघि नेपालको उत्तरी हिमाली क्षेत्रबाट बसाई सरी आएको कुरामा विश्वास गर्छन् । नेपालको प्राचीन इतिहासको पौराणिक कथाका आधारमा हेर्ने हो भने प्राचीन कालमा घले राजाहरुले राज्य गरेको इतिहास रहेको छ । पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व लमजुङमा गुरुङहरुको आफ्नै स्वतन्त्र राज्य थियो । गुरुङ जातिको उद्गम थलोको रुपमा हालको अन्नपूर्ण हिमालको दक्षिणतिर पर्ने *कोला क्होला सोंथर ङोला नासा* भन्ने ठाउँमा रहेको थियो । केही समयपछि त्यहाँबाट उनीहरु अन्यत्र छरिँदै गएपछि संघात्मक ढाँचामा राज्यहरु स्थापना गर्दै गएका थिए (गुरुङ, १९६८) । तर खासुर गाउँमा बसोवास गर्ने घले गुरुङहरु मनाङ जिल्लाको दक्षिणतिर पर्ने *ङोला नासा* गाउँबाट *पैँगु नासा* हुदै खासुरमा लगभग ३०० वर्षअघि बसाइ सरेर आएको भन्ने भनाई रहेको पाईन्छ ।

सन् (२००१) को जनगणना अनुसार गुरुङ जातिको कूल जनसंख्या ५,४३,५७१ रहेको छ । जुन नेपालको कूल जनसँख्याको २.३९ प्रतिशत हुन आउँछ । गुरुङ जातिको मुख्य पेशा कृषि र पशुपालन रहेको छ । उन्नाइसौं शताब्दीको शुरुवाततिर हेर्ने हो भने गुरुङहरुको मुख्य पेशा पशुपालन थियो । विशेषगरी भेडा र गाई पालन यिनीहरुको मुख्य पेशा थियो (मेकफर्लान, २००३) । यिनीहरु खोरिया खेती र भेडाबाखा पालन गर्दथे । सन् १९६९ पछि शाह वँशको उदयसँगैं श्रमिकका रुपमा यिनीहरुको

परम्परागत पशुपालन र कृषिमा आधारित जीविकोपार्जन शैलीमा परिवर्तन आएको पाईन्छ । यसको मुख्य कारण तत्कालीन शासकहरुले युगौंदेखि भोगचलन गर्दै आएका जल, जमीन, जङगल माथिको गुरुङ समुदायको स्वामित्व र अधिकार कटौती गर्न लागू गरेको ऐन, कानून तथा नीतिहरु नै भएको पाईन्छ । (शेर्पा र अन्य २०६७) गुरुङहरु जङ्गलमा नै बसोवास गर्ने समुदाय नभएता पनि सामाजिक, साँस्कृतिक, आध्यात्मिक रुपमा वनजङ्गलसँग यिनीहरुको अन्योन्याश्रित सम्बन्ध रहेको पाईन्छ । नेपाल आदिवासी जनजाति महासंघले वर्गीकरण गरेका ६ वटा समूहमा गुरुङहरु सीमान्तकृत समूहमा पर्छ ।

## गुरुङ समुदायको वनजङ्गल प्रतिको दृष्टिकोण

सामाजिक, साँस्कृतिक र भाषिक रुपमा आफ्नो छुट्टै विशिष्ट पहिचान भएका आदिवासी जनजातिहरुको प्राकृतिक स्रोत व्यवस्थापनमा पनि आफ्नै किसिमका परम्परागत ज्ञान, सीप, प्रथाजनित कानून रहेका हुन्छन् । आदिवासी समुदायमा प्रचलित यस्ता प्रथा र परम्पराहरु उनीहरुको लामो समयको अनुभवमा आधारित रहेको हुन्छ । यिनीहरुको पर्यावरणसँग लामो समयको अन्तर्क्रिया र अनुभवबाट प्राप्त ज्ञानको आधारमा आफ्नो संस्कृति विकास गरेको हुन्छ । त्यस्तै उनीहरुको जीविकोपार्जनको शैली र त्यससँग सम्बन्धित संस्कृतिको विकास पनि युगौंदेखि आध्यात्मिक र प्राकृतिक संसारसँगको नियमित अन्तर्क्रियाबाट विकास भएको हुन्छ । यसरी नै आफूले प्राप्त गरेको ज्ञानका आधारमा आदिवासी जनजातिले वनजङ्गल प्रतिको दृष्टिकोण बनाएको पाईन्छ । धेरै आदिवासी जनजातिहरुको आफ्नो पहिचानका साथै समुदायको मूल्य र मान्यताहरुको निर्माण उनीहरुको परम्परागत ज्ञान र सीपमा आधारित रहेको हुन्छ । गुरुङ समुदायमा पनि वनजङ्गल संरक्षण तथा दिगो व्यवस्थापनका लागि परम्परागत प्रचलन रहेका छन् । जसले यो समुदायको प्राकृतिक स्रोत साधनसँगको घनिष्ट सम्बन्धलाई प्रष्ट पार्दछ ।

गुरुङ समुदायको ऐतिहासिक पृष्ठभूमिलाई हेर्ने हो भने यिनीहरु पूर्ण रुपमा प्रकृति र प्राकृतिक स्रोतहरुमाथि निर्भर रहदै आएको देखिन्छ । सामाजिक, साँस्कृतिक, आध्यात्मिकका साथै जीविकोपार्जनको हिसाबले पनि प्रकृति र अन्य प्राकृतिक स्रोतहरुसँग प्रत्यक्ष सम्बन्ध रहेको हुनाले प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । आदिवासी जनजाति

समुदायमा आफ्नो वरिपरीका वातावरण, पर्यावरण र स्रोत साधनहरुप्रति आफ्नै किसिमको बुझाई र दृष्टिकोण रहेको पाईन्छ ।

## आध्यात्मिक र साँस्कृतिक दृष्टिकोण

गुरुङहरुको आफ्नै विशेष धार्मिक र साँस्कृतिक पहिचान रहेको कुरा उनीहरुमा प्रचलित परम्परागत क्रियाकलाप र जीवनशैलीले दर्शाउँछ । आध्यात्मिक तथा साँस्कृतिक दृष्टिकोणबाट हेर्ने हो भने खासुर गाउँका गुरुङ समुदायलाई वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुबाट अलग गरेर हेर्न सकिँदैन । यो समुदायमा जन्म, विवाह, मृत्यु, संस्कार र अन्य चाडपर्वहरुमा समेत वनजङ्गलको विशेष महत्व रहेको पाईन्छ । यिनीहरु वनजङ्गलमा भगवानको वास रहेको भन्ने विश्वास गर्ने हुनाले वनजङ्गललाई देवताको वासस्थानको रुपमा पूजा गर्छन् । गुरुङ समुदायमा लाश जलाउने बेलामा 'सालको लोथ्राले' लाशलाई छोप्ने चलन छ । त्यस्तै यिनीहरुमा लाश जलाउने प्रचलन भएको हुनाले लाश जलाउन चाहिने दाउरा वनबाट नै प्राप्त हुने हुनाले वन जँगलसँग उनीहरुको साँस्कृतिक, धार्मिक र आध्यात्मिक रुपमा सम्बन्ध रहेको प्रमाणित हुन्छ ।

गुरुङ समुदायमा चाडपर्वको बेलामा परिवारको सदस्यहरुले *वालायाला तेमदे मो, क्याजाला तेम्दे मो* भन्दै अरुलाई खाना खुवाउँने चलन छ, जसको अर्थ "हामी तपाईलाई पवित्र जङगली केराको पात (वाला) मा राखेर खाना खुवाउँदै छौं" भन्ने हुन्छ । यिनीहरुको समुदायका पूजारीहरु *पच्यु घ्याब्री पैंडीह*रुले पनि जन्म तथा मृत्युसँग सम्बन्धित सँस्कारहरुमा वनपैदावरकै प्रयोग गर्छन् । त्यसैगरी गुरुङहरु बौद्धमार्गी भएकाले प्रत्येक घरको आँगनमा काठ अथवा बाँसमा धजा राख्ने चलन छ । यसरी धजा लगाएमा यसले घरमा शुभ हुने, भूतप्रेत नलाग्ने विश्वास छ । यसका साथै चाडपर्व, उत्सव र विवाहमा जङ्गलबाट काठ ल्याएर स्वागत गेट निर्माण गरी उक्त गेटलाई वनजङ्गलबाट उपलब्ध हुने विभिन्न प्रकारका लहरा र झारहरुले सजाउने चलन छ ।

स्थानीय समुदायले आफ्नो जीवनयापनका क्रममा वनजङ्गलबाट उपलब्ध हुने वनपैदावरहरुको संकलन गर्दा धार्मिक तथा साँस्कृतिक विधि पुऱ्याएर मात्रै गर्ने गर्छन् । यसरी साँस्कृतिक रुपमा निर्माण भएका क्रियाकलापलाई उनीहरुले आफ्नो सँस्कार, विश्वास तथा परम्परागत व्यवहारमा प्रस्तुत गर्छन् । यसका साथै वनजङ्गलबाट प्राप्त हुने स्रोत साधनलाई समुदाय भित्रका कमजोर आर्थिक अवस्था भएका सदस्यहरुलाई निशुल्क रुपमा वा सुपथ मूल्यमा उपलब्ध गराउने चलन पनि रहेको छ ।

वनजङ्गलमा देवदेवीको बास हुन्छ भन्ने विश्वासका आधारमा यिनीहरु गाउँको नजिकको जङ्गलमा रहेका कन्याथान, बायोभीर, देवीथान, मालेवाभीरको पूजा गर्छन् । देवीथान गाउँको नजिकको जङ्गलको माझमा अवस्थित छ । त्यस्तै यिनीहरु कुनै पनि डाँडा नाघेर जाने ठाउँ जस्तैः सिमीको देउराली, वाह्र पोखरी, मेमे पोखरीको पनि पूजा गर्छन् । यी सबै पवित्र ठाउँहरु गुरुङहरुको चरन क्षेत्रमा अवस्थित छन् । त्यसैगरी वनजङ्गल भित्र र चरन क्षेत्रमा कुनै पनि क्रियाकलाप गर्नुभन्दा पहिला कुनै ठूलो रुख, ढुङ्गा वा जङ्गललाई साँकेतिक रुपमा देवी देवताको रुपमा पूजा गर्ने चलन छ । यसरी गरिने पूजालाई यिनीहरुको भाषामा *साची सिल्दो* भनिन्छ । उदाहरणका लागि यो समुदायमा वर्षको दुई पटक *सिमे-भूमे* अर्थात वन र प्रकृति देवताको पूजा गर्ने गर्छन् । खासगरी चैत्र-बैशाख महिनामा आफ्ना गाईवस्तु तथा भेडाबाख्राहरुलाई माथिल्लो चरन क्षेत्रमा लाने (उभौली) समयमा पूजा गर्ने चलन छ । जसलाई उनीहरुको स्थानीय गुरुङ भाषामा *तुरुम/तुर्गुम* भनिन्छ । असोज-कार्तिक महिनामा चरन क्षेत्रबाट पुनः तल गाँउमा ल्याउने (उँधौली) गर्छन् । जसलाई *मारुम/मार्गुम* भनिन्छ । यिनीहरुको समुदायका किसान र गोठालाहरु प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा वनजङ्गलसँग निर्भर रहने गर्छन् । उनीहरुले आफ्ना गाईवस्तुहरुलाई गाउँमा ल्याईसके पश्चात उक्त जङगलमा ६ महिनासम्मका लागि कुनै पनि सदस्यलाई प्रवेश निषेध र वनपैदावरहरुको सँकलनमा समेत प्रतिबन्ध लगाइएको हुन्छ । *तर्गुम*को समयमा गाउँको रक्षाका लागि विशेषगरी साँझको समयमा गाउँका प्रत्येक घरका घरमुलीहरु गाउँ मुखियाको घरमा जम्मा भई *सिमेभूमे* पूजा गर्ने गर्छन् । *सिमेभूमे* पूजा गरेको दोश्रो दिन गाउँका पुरुषहरु चौतारामा गएर ठूलो रुखको फेदमा जम्मा हुन्छन् र प्रकृति देवताको रुपमा *सिमेभूमे*लाई खेतीपाती राम्रो होस, समुदायको रक्षा होस, प्राकृतिक विपत्ति आई नलागोस र यसबाट जोगाई पाउँ भनेर अनुरोधका साथ पूजा गर्छन् ।

गुरुङ समुदायमा वनजङ्गलसँगको सम्बन्ध निम्न उखानहरुले पनि थप प्रस्ट्याउँछः । जस्तैः *दुबो तु माउलोदो, सारतु सारादो, दीप्तु वेदो, सिमलतु हयोरादो, गंगामाई चाथुतो* अर्थात दुबो जस्तै मौलाओस्, तारा जस्तै चम्कियोस्, दीप जस्तै उज्यालो होस्, सिमलको रुख जस्तै बढोस्, र गंगा जस्तै पवित्र र अनन्त रहोस् भनेर बूढापाकाहरुले आफ्ना परिवारका सदस्यहरुलाई चाडपर्वको बेलामा आशिष दिने प्रचलन रहदै आएको छ । त्यस्तै आशिर्वाद दिने क्रममा दूबो, सिमल र गंगा प्रयोग गर्छन् । जसले फलिफाप र प्रगतिको संकेत गर्छ । यस समुदायका सदस्यहरु जो कोहीले पनि वनजङ्गलको बाटो भएर जाँदा उक्त स्थानमा रहेको चौतारो तथा देउरालीमा फूल तथा पात चढाएर सफलताको कामना गरेर

मात्रै जाने चलन रहेको पाईन्छ । यिनीहरु वनमा *साजी* अर्थात भूतप्रेत पनि बस्ने विश्वास गर्छन् । त्यसैले प्राचीन कालमा वनजङ्गलमा उनीहरु शिकार खेल्न जानु अगाडि *साजी*को पूजा अर्थात प्रार्थना गर्ने चलन रहेको थियो । कसैले शिकार गरेर ल्याएपश्चात शिकारको कान, पुच्छर, नाक, र खुट्टालाई शुरुमा प्रेतात्मालाई चढाउने गर्छन् । यसबाट स्थानीय आदिवासी जनजाति समुदायमा वनजङ्गललाई शक्तिपीठहरुको बासस्थानको रुपमा मान्ने परम्परागत विश्वास रहेको पाईन्छ ।

यस समुदायमा वनजङ्गलसँग सम्बन्धित प्रशस्त कथा र मिथकहरु रहेको पाईन्छ । यिनीहरुका भनाई अनुसार धासिकोला भन्ने जङ्गलमा अझै पनि वनझाँक्री रहेको विश्वास गरिन्छ । कोही व्यक्तिलाई वनझाँक्रीले समातेर लगेमा, उसलाई वनझाँक्रीले झाँक्री विद्या सिकाउँछ र त्यो व्यक्ति केही दिनपछि झाँक्री विद्यामा निपुण भएपछि घरमा आउँछ भन्ने विश्वास रहेको उनी बताउँछन् । यसका साथै अत्यन्तै रोचक मिथकका रुपमा वनजङ्गलमा आध्यात्मिक शक्ति रहेको विश्वास छ । यसैले अधिकाँश आदिवासी जनजाति समुदायमा प्राकृतिक स्रोतसँग सम्बन्धित प्रशस्त मिथकहरु रहेको पाईन्छ । त्यसैगरी गुरुङ समुदायमा पनि वनजङ्गल र वनजङ्गलमा बसोवास गर्ने देवदेवी, भूतप्रेत र आध्यात्मिक शक्ति सम्बन्धी मिथकहरु रहेको पाईन्छ ।

**कन्याथान सम्बन्धी रहेको मिथक**

खासुर समुदायमा रहेका थुप्रै मिथकहरुमध्ये हालसम्म पनि कन्याथानलाई अत्यन्तै विश्वास गर्ने गरेको देखिन्छ । मिथक अनुसार, प्राचीन समयमा खासुर गाउँको ठीक माथिको जङगलको मध्य भागमा एउटा सानो पोखरी छ । उक्त पोखरी भित्र एउटा सुनौलो माछा पनि थियो रे । त्यसको केही तलको भीरमा गाईको थुनको आकारको चट्टान पनि रहेको थियो रे । एक दिन गाउँको एकजना लाटो केटो गएर पोखरीमा भएको माछालाई मार्नुका साथै भीरमा रहेको गाईको थुनको आकृतिलाई समेत भत्काई दिएछ । त्यसपछि पोखरी रहेको ठाउँमा दुवैतिरबाट हप्ता दिनसम्म भयंकर ठूलो पहिरो गएको थियो भन्ने भनाई रहेको पाईन्छ । त्यसपछि गाउँका सम्पूर्ण भद्रभलादमीहरु भेला भएर धेरै दिनसम्म *साचीसिल्दो* वन देवताको पूजा गरेपछि बल्ल पहिरो रोकिएको थियो रे । पोखरी भएको स्थानमा अझै पनि उनीहरु कन्याथानको रुपमा स्थापित गरेर नियमित पूजाआजा गर्नुका साथै उक्त क्षेत्रमा रहेको वनजङ्गलमा प्रत्येक वर्ष पूजाआजा गर्ने गर्छन् । उक्त स्थानमा ठूलो स्वरमा रुख ढाल्न नहुने, कराउन, सुसेल्न समेत

नहुने विश्वास उनीहरुमा रहेको छ । कोही कसैले उक्त क्रियाकलाप गरेमा वन देवता पुनः रिसाउन सक्ने बताउँछन् । त्यसकारण उनीहरुमा रहेको यो मिथक वनमा आध्यात्मिक शक्ति रहन्छ भन्ने विश्वासको निरन्तरता मात्र नभई यसले प्राकृतिक स्रोतहरुको सँरक्षणमा पनि महत्वपूर्ण भूमिका खेलेको पाईन्छ ।

## सामाजिक र जीविकोपार्जन दृष्टिकोण

यस अध्ययन क्षेत्रमा बसोवास गर्ने आदिवासी जनजाति समुदायहरुको मुख्य पेशा कृषि र पशुपालन रहेको छ । परम्परागत रुपमा यिनीहरुको आर्थिक र सामाजिक क्रियाकलाप खेतीपाती र पशुपालनसँग सम्बन्धित रहेको पाइन्छ । तसर्थ वनजङ्गल र अन्य प्राकृतिक स्रोत साधनसँग यिनीहरुको आध्यात्मिक र सामाजिक सम्बन्ध मात्रै नभएर जीविकोपार्जनसँग पनि घनिष्ट सम्बन्ध रहेको देखिन्छ । यिनीहरुका  समुदायमा एक आपसमा राम्रो सामाजिक सद्भाव र एकता रहेको पाईन्छ । सबै जना मिलेर वनजङ्गलको उचित संरक्षण तथा व्यवस्थापन गरेको पाईन्छ । यिनीहरुमा प्राकृतिक स्रोत साधनको वितरण र प्रयोगमा हालसम्म कुनै पनि उल्लेखनीय विवाद र झगडा भएको पाइदैन । समाजका सबै सदस्य मिलेर खेतीपाती, पशुपालन तथा संरक्षणको कार्यमा सहभागिता जनाउने गर्छन् । विशेषगरी सन् १९५० अर्थात पंचायती व्यवस्था लागू हुनु भन्दा अघि गाउँका सबै युवा खेतीपाती र पशुपालन व्यवसायमा सक्रिय सहभागी हुने गर्थे । हाल आएर त्यो अवस्था क्रमशः घट्दै गएको देखिन्छ । विगतमा खेतीपाती र पशुपालन व्यवसाय राम्रो रहनुको साथसाथै वनजङ्गलको अवस्था समेत राम्रो भएकाले उनीहरु अन्य वैदेशिक रोजगारमा लाग्नु पर्ने अवस्था थिएन ।

त्यस बेला पशुपालनका लागि चरन क्षेत्रहरु र स्थानीय वनजङ्गल समुदायको स्वामित्वमा रहेको हुनाले भेडापालन व्यवसायबाट उनीहरु राम्रो आम्दानी गर्ने गर्थे । उनीहरुले भेडाको ऊनबाट राडीपाखी, ओढ्ने कपडा र अन्य पहिरनका कपडाहरु बनाउने गर्दथे । जुन उनीहरुको समुदायमा अत्यन्तै लोकप्रिय रहेका छन् । स्थानीय वनजङ्गलमा प्रशस्त मात्रामा सिस्नो र अल्लो पाइने हुनाले त्यसको धागो काटेर *भाङ्ग्रा* बनाउने चलन रहेको छ । *भाङ्ग्रा* गुरुङहरुको परम्परागत जातीय साँस्कृतिक पहिरनको रुपमा चिनिन्छ । तसर्थ गुरुङ समुदायले वनजङ्गललाई सामाजिक जीवनको

एकता र गतिशीलता तथा जीविकोपार्जनको मुख्य आधारका रुपमा विशेष महत्व दिने गर्छन् । गुरुङ समुदायको बारेमा अध्ययन गर्ने (मेसरस्मिथ, १९७४) का अनुसार जब गुरुङ समुदायमा पशुपालन र खोरिया वा सुख्खा खेती गर्ने पेशा छाडेर सैनिक सेवा तथा सिचाइ गरेर स्थायी खेती गर्ने र शहरी क्षेत्रमा बसाइ सर्ने क्रम शुरु भयो त्यसपश्चात यिनीहरुका समुदायमा सामाजिक र आर्थिक रुपमा परिवर्तन देखिएको हो । अध्ययन अनुसार पशुपालन, शिकार र खोरिया खेती गुरुङहरुको जीविकोपार्जन वा आयआर्जनको मुख्य स्रोत रहेको पाइन्छ । गुरुङ समुदायका कसैकसैले भने हिमालपारीको व्यापार पनि गर्ने गरेको पाइन्छ ।

**चित्र ३ : खासुर समुदायको घरधुरी संख्या**




श्रोत: स्थलगत अध्ययन, २०१०

जीविकोपार्जनको रुपमा मुख्यतया खेतीपाती र पशुपालनमा आश्रित गुरुङहरु प्रत्यक्ष रुपमा वनजङ्गल र प्राकृतिक स्रोत साधनमा आधारित रहेको पाईन्छ । तर जब निजी वन तथा खर्कहरु राष्ट्रियकरण गरियो र खोरिया खेती प्रथामा सरकारले प्रतिबन्ध लगायो तब उनीहरु आफ्नो परम्परागत पशुपालन व्यवसाय छाड्न बाध्य भएको देखिन्छ । यसका साथै आदिवासी जनजातिहरुको जीविकोपार्जनका लागि गर्दै आएको खोरिया खेती समेत लोप हुदै गई कृषि प्रणालीमा रसायनिक मल तथा किटनाशक विषादि प्रयोगको मात्रा बढदै गएको पाईन्छ ।

गुरुङहरु विशेषत: धान, गहुँ, कोदो, फापर, आलु, गोलभेडा, सागपात, सिमी, केराउ र दाल आदी अन्न तथा तरकारीहरु उत्पादन गर्ने गर्छन् । खेतवारीमा उनीहरु प्राङ्गारिक मल प्रयोग गर्छन् ।

गुरुङ समुदायमा प्रचलित "जसको भैंसी उसको वन" भन्ने उखानले पनि पशुपालन र खेतीपातीको लागि वनजङ्गल अति आवश्यक पर्छ भन्ने भनाइलाई पुष्टि गर्छ । त्यसैगरी "जसको छोरो उसको धन" भन्ने भनाइबाट पनि आलँकारिक रुपमा नयाँ पुस्तालाई वनजङ्गलको सँरक्षण र व्यवस्थापनमा थप जिम्मेवारी र आवश्यकता रहेको कुरा पुष्टि हुन्छ ।

गुरुङहरुको जीविकोपार्जनको अर्को स्रोत वनजङ्गलबाट वनपैदावरहरु संकलन गर्नु पनि हो । घर बनाउन आवश्यक काठपात लगायत अन्य घरायसी प्रयोगका सामग्रीहरु जस्तैः दाउरा, हलो, जुवा, मेच, टेबल, ठेकी आदि बनाउन चाहिने काठ र गैरकाष्ठ वन पैदावर वनजङ्गलबाट नै प्राप्त गर्छन् । यसका साथै पशुपालनको लागि आवश्यक घाँस, खर, पतकर, स्याउला आदिका लागि पनि वनजङ्गलबाटै प्राप्त गर्छन् । हाल आएर गुरुङहरुले गैर काष्ठ वस्तुहरुको रुपमा बाँसबाट विभिन्न प्रकारका दैनिक प्रयोगका सामग्रीहरु निर्माण गर्छन् । वनजङ्गलबाट प्राप्त हुने विभिन्न प्राकृतिक स्रोत र साधनहरुलाई प्रयोगको आधारमा निम्नानुसार विभिन्न समूहमा वर्गीकरण गर्न सकिन्छ ।

**तालिका १ः वनपैदावरको वर्गीकरण र यसको प्रयोग**

| **समूह** | **वनस्पतिहरु** | **प्रयोग** |
|---|---|---|
| काठ, दाउरा | साल, उतिस, चिलाउने, कट्टुस, चाँप, गुराँस, ओखर, चिउरी, बक्याउला | दलिन, खाँबा, तख्ता, घरायसी फनिर्चर, झ्याल-ढोका, हलो, जुवा, हथौडा, डाडु पन्यु, आदि । |
| गैर-काष्ठ वनपैदावार | बाँस, धार, निगालो, लोक्ता, शिकारी लउरो | थुम्से, डोको, डालो, नाम्लो, मान्द्रो, भकारी, ड्रम, चित्रा आदि |
| खाद्य पदार्थ | ▪ फलहरुः ऐसेलु, काफल, चिउरी, भ्राज्य, भूइकासी, मसिनु, लप्सी, अमला<br>▪ तरकारीः तरुल, गिठ्ठा, भ्याकुर, सिस्नु, च्याउ, | फलफूल, तरकारी, र मसालाको रुपमा |

| | | |
|---|---|---|
| | टुसा, तामा<br>मसलाः टिम्बुर, कुरिलो, दालचिनी, सिल्टिम्बुर | |
| औषधीजन्य वनस्पति | • औषधिजन्य र सुगन्धित जडीबुटीः गुर्जो, काउलो, निर्मासी, कुट्की, पाँचऔले, पदमचाल, रातो उन्यु, लोठसल्लो, हर्रा, हाडजोरा, सदुवा, जटामासी, धूपी, धूपी-सल्लो | औषधि उपचारको लागि |
| घाँसपात | खर, विभिन्न प्रकारका घाँसहरु | गाईवस्तुको घाँसपात |

**स्रोतः स्थलगत अध्ययन २०१०**

## पर्यावरणीय तथा वातावरणीय दृष्टिकोण

स्थानीय समुदायका प्रत्येक सदस्यहरुमा जल, जमिनर जङ्गलको सम्बन्धमा व्यावहारिक अनुभवमा आधारित महत्वपूर्ण ज्ञान, सीपहरु विकास भएको हुन्छ र त्यसैका आधारमा आफ्नो वरिपरीका प्राकृतिक स्रोतलाई हेर्ने आफ्नै किसिमको बुझाई र दृष्टिकोण निर्माण गरेको हुन्छ । वास्तवमा आदिवासी जनजातिको यस किसिमको बुझाई उनीहरुको युगौदेखिको साँस्कृतिक, सामाजिक, पर्यावरणीय प्रचलन तथा अन्तरसम्बन्धमा आधारित रहेको हुन्छ ।

गुरुङ समुदायमा पनि वनजङ्गलको महत्वको बुझाई, उनीहरुका अनुभव र भोगाइमा आधारित रहेको पाइन्छ । खासुर क्षेत्रमा विगतमा भएको वन विनाशपश्चात भोग्नु परेको पानीको अभावलाई उनीहरुले हालसम्म बिर्सन सकेका छैनन् । स्थानीय समुदायको सक्रियतामा वनजङ्गलको संरक्षण गर्न थालेपछि वनजङ्गल क्रमश बढ्दै गएकाले विगतमा सुकिसकेका पानीका मुहान, खोला तथा कुवाहरुमा पुनः पानी देखा पर्न थालेको छ । गुरुङ समुदायले वनलाई स्वच्छ हावापानी, हरियाली प्रदान गर्ने

स्रोतको रुपमा र विभिन्न प्रकारका जङ्गली जनावर तथा पञ्छीहरुको बासस्थान र बहुमूल्य जडीबुटीहरु प्राप्त हुने खानीको रुपमा समेत लिने गरेको देखिन्छ ।

वन विनाश हुँदा गाउँलेले प्रत्यक्ष रुपमा खडेरीको समस्या भोग्नु परेको अनुभवका आधारमा वनजङ्गलको महत्व र आवश्यकतालाई राम्ररी महसुस गरेको पाइन्छ । जलवायु परिवर्तनका कारण पर्यावरणमा देखिएको प्रभाव र असर समेत स्थानीय समुदायले महुस गर्न थालेका छन् । स्थानीय बासिन्दा पृथ्वीमान घलेका अनुसार, विगतमा प्रत्येक वर्ष गाउँ भन्दा माथिल्लो भागमा रहेको माथिको चित्रे डाँडामा हिउँ पर्दथ्यो, तर हाल आएर केही वर्षयता उक्त स्थानमा हिउँ पर्न छोडेको अनुभव बताउँछन् । साथै उनको बुझाई अनुसार, चित्रे डाँडामा हिउँ परेको साल गाउँमा खेतीपाती राम्रो हुने र हिउँ नपरेमा बालीनाली खासै नसप्रने बताउँछन् । यी र यस्तै अनुभवका आधारमा स्थानीय समुदायले वनजङ्गलको संरक्षण शुरु गरेका छन् । उनीहरुले आफ्नो दैनिक जीवनमा वनजङ्गल र पर्यावरणले महत्वपूर्ण भूमिका खेल्ने कुरालाई राम्ररी बुझेको पाईन्छ ।

## गुरुङ समुदायको परम्परागत प्रचलनहरु

गुरुङ समुदाय साँस्कृतिक सम्पदामा सम्पन्न छ । युगौंदेखि आफ्नो भाषा, संस्कृति र जीवन पद्धतिबाट सिर्जित परम्परागत प्रचलनहरुलाई निरन्तर रुपमा अभ्यास गर्दै आइरहेका छन् । गुरुङ समुदायलाई उनीहरुको परम्परागत धर्म र संस्कृतिले सबैलाई एकताबद्ध गराएको छ । साँस्कृतिक तथा सामाजिक अन्तरसम्बन्धलाई जीवन्त तुल्याउनमा रीतिथिति (*पे-छया* तथा *पेतँ-ल्हु-तँ*) ले महत्वपूर्ण भूमिका खेलेको छ । *पे-छया*को अर्थ यिनीहरुको भाषामा रितचलन मान्ने हुन्छ । त्यसैले यसले सिङ्गो समुदायको समग्र सुशासन पद्धतिलाई जनाउँछ, *पेतँ-ल्हु-तँ*ले साँस्कृतिक प्रचलन तथा संस्कारहरुलाई जनाउँदछ । सिङ्गो समुदायलाई सुशासन प्रणालीमा आबद्ध गर्ने नियम कानूनको रुपमा रीतिथिति रहेको पाईन्छ ।

समुदायको यी विभिन्न संस्कार संस्कृतिहरु एक-आपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् । रीतिथिति प्रणालीमा पाको र भलादमी व्यक्तिलाई *चिवा र तावा* प्रमुखको रुपमा र सम्पूर्ण नीति नियमहरु लागू गर्न र सबैलाई समायोजन गर्न *क्रबा* रहने चलन थियो । रीतिथिति प्रणालीमा *क्रबा*ले नै निर्णायक भूमिका खेल्ने गर्दछ । उनले गाउँको प्रमुख या मुखियाको रुपमा भूमिका निर्वाह गर्ने र उनकै निर्देशनमा गाउँका प्रशासन चल्ने गर्दछ । यसका साथै गुरुङ समुदायमा चरनक्षेत्र र वनजङ्गलहरु यिनै

रीतिथितिको आधारमा संरक्षण र व्यवस्थापन गर्ने गरिन्थ्यो । गुरुङ समुदायमा यो प्रणाली अनन्त कालदेखि शुरु भएको पाईन्छ । तर अध्ययन गरिएको क्षेत्रमा मौलिक प्रथाजनित कानूनी पद्धतिहरुको संस्थागत विकास भएको देखिदैन । खासगरी यस क्षेत्रको गुरुङ समुदायमा संस्थागत रुपमा विकासका लागि गाउँको प्रमुख छान्ने प्रकृया, कार्यअवधि, नीति नियमहरुको निर्माण प्रकृया, त्यसको कार्यान्वयन, दण्ड जरिवानाको व्यवस्था आदिको बारेमा स्पष्टता रहेको पाईदैन । तथापी यिनीहरुको समुदायमा विभिन्न प्रकारका प्रचलन अभ्यास गर्दै आएको भने पाईन्छ । जस्तै समुदायको रीतिथितिहरुलाई व्यावहारिक रुपमा लागू गर्ने पूर्णअधिकार गाउँको प्रमुख *क्रबा*लाई हुन्छ । उनले नै बनेशफैव (वन बाँध्ने), बनेशपिन (वन खोल्ने), सम्बन्धमा निर्णय गर्ने गर्छन् । *क्रबा*ले रीतिथितिको नियमानुसार नै समुदायले कुन समयमा वनपैदावरहरु संकलन गर्ने, वनको अवस्था हेरेर काठ दाउरा काट्ने, गाईवस्तुहरु खर्कतिर लाने समय तोक्ने, तल ल्याउने आदि कार्यहरु कार्यान्वयन गराउने परम्परा रहेको पाईन्छ । रीतिथितिको नियम अनुसार समुदायलाई मंसिर १५ देखि पुस १५ सम्म दाउरा, घाँस संकलन गर्न पाउने व्यवस्था गरिएको हुन्छ, जसलाई उनीहरुको स्थानीय भाषामा 'वन खोल्ने' भनिन्छ ।

रीतिथितिको न्याय प्रणाली अनुसार गाउँका मुखिया लगायत सबै सदस्यले नीति नियमको पालना समान ढंगले गर्नुपर्छ । कसैले रीतिथिति उल्लंघन गरेमा जरिवाना हुन्छ । जसलाई उनीहरु *ठेकीपोङ* भन्छन् । नियम उल्लंघनको प्रकृति हेरेर ठेकीपोङमा क्रबालाई जाँड रक्सी ल्याएर माफी माग्ने गर्दछन् । गल्तीको प्रकृति हेरेर क्रबाले माफी दिने र नगद जरिवाना समेत लिने गरिन्छ । जरिवाना कति तिर्ने भन्ने सम्बन्धमा गल्ती गर्नेले गरेको क्षतिपूर्ति र गल्तीको प्रकृति हेरेर गर्ने गरिन्छ । यसरी दण्ड जरिवाना गर्नु भन्दा अगाडि सम्बन्धित व्यक्तिलाई स्पष्टीकरण दिने मौका दिइन्छ । त्यसपश्चात मात्रै जरिवानाको प्रकृया अघि बढाईन्छ । मेसरस्मिथ (१९७४) ले आफ्नो पुस्तकमा गुरुङ समुदायको प्रमुखलाई कोवा, कावा भनेर चिनिने जसलाई नेपाली भाषामा मुखिया भनिने उल्लेख गरेका छन् ।

खासुरको गुरुङ समुदायमा गाउँ परिषदको व्यवस्था छ । उक्त परिषदको सदस्यहरुमा प्रतिनिधिमूलक तरिकाबाट *क्रबा*ले स्थानीय समुदायबाट सबैभन्दा सक्षम व्यक्तिहरुमध्येबाट छनौट गर्ने चलन छ । गाउँको मुखिया *क्रबा*को छनोट गर्ने प्रक्रिया औपचारिक मतदानबाट नभई स्थानीय समुदायका सदस्यहरुको सर्वसम्मतिद्वारा छान्ने गरेको पाईन्छ । तर प्राकृतिक स्रोत साधनहरुको संरक्षण र व्यवस्थापनका लागि आवश्यक नीति, नियम गाउँसभाबाट बनाउने गर्छन् । गाउँसभाले नै समुदायको सदस्यलाई जरिवाना सम्बन्धी नीति नियमको निर्माण, परिमार्जन तथा सँशोधन गर्ने गर्छ । गाउँसभामा

सबै घरका सदस्यहरु रहने गर्छन् । गाउँभेला वा गाउँसभा भने वार्षिक रुपमा वा कम्तीमा दुई वर्षमा एकपटक बस्ने चलन छ । गाउँसभामा समुदायका प्रत्येक घरधुरीबाट एक जना सदस्यको प्रतिनिधित्व हुनुपर्ने प्रावधान रहेको पाईन्छ । मुख्यतया सभामा घरमूलीले नै सहभागिता जनाउनु पर्छ । तर घरमूली उपस्थित हुन नसकेको खण्डमा उसकी श्रीमतीले सहभागिता जनाउनु पर्ने नियम छ । क्रबाले सामान्यतया वर्षको २ पटक गाउँसभा बोलाउने गर्छन् । गाउँलेहरुलाई गाउँसभा बस्ने दिन, समय र ठाउँ बारेको जानकारी दिने गर्छन् ।

गुरुङ समुदायमा प्राचीन कालमा सामूहिक खोरिया खेती गर्ने र खेतीबाट उत्पादित अन्न सबैले बराबरी बाँडने चलन थियो । यिनीहरुको समुदायमा कुनै पनि सामाजिक कार्य गर्नु परेमा महिला, पुरुष, बालबालिका, युवकयुवती, वृद्धवृद्धा नछुट्याई सबै नै सक्रिय सहभागी हुने चलन छ ।

शाह वँशीय शासनको उदयपछि देशको शासन व्यवस्था हावी भएको राणा शासन (सन् १८४६ देखि १९५० सम्म) कालमा स्थानीय समुदायमा काम गर्नका लागि सरकारको तर्फबाट जिम्मावाल र मुखिया तोकिने व्यवस्था थियो । तथापी, यस समुदायमा परम्परागत न्यायिक सँस्थाको रुपमा *क्रबा*ले नै गाउँको सुव्यवस्था मिलाएको पाइन्थ्यो । कसैले रीतिथितिको नियम उल्लँघन गरेको पाइएमा *क्रबाले* जरिवाना गर्दथे । त्यसपछि पनि गुरुङ समुदायमा *क्रबा*ले नै कतिपय अवस्थामा जिम्मावालको भूमिका निर्वाह गरेको देखिन्छ । खासुरको सम्बन्धमा *क्रबा* र जिम्मावालको बीचमा बेला बेलामा द्वन्द पनि भएको पाईन्छ । यसका साथै यी दुवै पक्षले पनि तोकिएको नीति नियमलाई उत्तिकै जिम्मेवारीका साथ पालना गर्नुपर्ने नियम रहेको पाईन्छ । उक्त क्षेत्रको पहिलो जिम्मावालको रुपमा राजेन्द्र घले थियो भने त्यसपछि सार्क्याबु घले र दत्तसिह घले रहेका थिए । दत्तसिह घले जिम्मावाल रहेको कार्यकालमा शक्ति र जिम्मावाल पदका निमित द्वन्द भएको थियो । यसै क्रममा जिम्मावालको जिम्मेवारी धिरबहादुर क्षेत्रीले लिएको देखिन्छ । त्यसपछि जिम्मावालको पद र शक्ति फिर्ता गर्न वीरबहादुर घलेले ३२ वर्ष सँघर्ष गरेको र अन्तत: २००७ सालदेखि २०४२ सालसम्म उनी पुन: खासुरको जिम्मावाल भएको पाईन्छ । वि.सं. २०४२ सालपछि भने यस्तो जिम्मावाल प्रथा नै खारेज भएको पाईन्छ ।

## गुरुङहरुको परम्परागत ज्ञान र सीप

विश्वका विभिन्न भौगोलिक तथा पर्यावरणीय क्षेत्रहरुमा बसोवास गर्ने आदिवासी जनजातिहरुले वनजङ्गल संरक्षण तथा त्यसको दिगो व्यस्थापन सम्बन्धी धेरै ज्ञान सीपहरु प्रतिपादन गरेका छन् । यी आदिवासी जनजातिको ज्ञान विशेषगरी उनीहरुको स्थानीय पर्यावरण, वातावरण, मौलिक संस्कृति, तथा जीवनपद्धतिमा आधारित रहेका हुन्छन् । यस अर्थमा, आदिवासी जनजातिका परम्परागत ज्ञान सीपहरु गतिशील हुनाका साथै प्रचलित औपचारिक ज्ञानसँग बाभ्किने पनि हुन सक्छन् । प्रायशः आदिवासी जनजातिहरुका परम्परागत ज्ञान र सीप आध्यात्मिक जीवन र प्राकृतिक स्रोत र साधनको उपयोगसँग सम्बन्धित रहेका हुन्छन् । जुन कुरा उनीहरुको चालचलन, भाषा, सँस्कृति, सामाजिक सँगठन, मूल्य, मान्यता र कानूनहरुमा प्रतिविम्वित भएको हुन्छ ।

त्यसैगरी गुरुङ समुदायमा पनि उनीहरुको भाषा, संस्कृति, जीवन पद्धतिसँग सम्बन्धित आफ्नै प्रकारका परम्परागत ज्ञान र सीप रहेको पाईन्छ । गुरुङ समुदायमा वनजङ्गल र अन्य प्राकृतिक स्रोत साधनसँग सम्बन्धित ज्ञान र सीपहरु निम्नानुसार रहेका छन्ः-

**तालिका २ : वनपैदावरमा आधारित सीपहरु**

| स्रोतहरु | वस्तुहरु |
|---|---|
| काठ | ▪ कृषि सामग्रीहरुः हलो, जुवा, बञ्चरो र कोदालोको बिँड, हरिस आदि<br>▪ भान्साका सामग्रीहरुः डाडु, पन्यू, काँटा, मदानी, मुङ्ग्रो, ट्रे, ड्रम<br>▪ धार्मिक तथा साँस्कृतिक सामग्रीहरुः ड्रम, ढोलक, ढोलक बजाउने लठ्ठी आदि |
| बाँस | थुम्से, डोको, डालो, पेरोङ्गो, नाम्लो, भकारी, डोरी, चित्रा आदि |
| ऊन, तथा अल्लो | बक्खु, राडी-पाखी, रेगा, जिङली, नेडो आदि |
| जडीबुटी | तीतेपाती, गुर्जो, काउलो, निरामसी, कुट्की, पाँच औंले, पदमचाल, रातो उन्यु, |

| | |
|---|---|
| | लोठसल्ला आदि |

श्रोतः स्थलगत अध्ययन, २०१०

**गुरुङ समुदायको *रोधी***

रोधीले गुरुङ समुदायका सम्पूर्ण साँस्कृतिक क्रियाकलापहरुको निर्धारण, नियन्त्रण र परिचालन गर्ने गर्छ । रोधी मुख्यतयाः एउटै उमेर समूहका युवकयुवतीहरुको सँस्था हो । तर, रोधीमा ४ जना **बुढौली**, १ जना *ढिठ्ठा* र एउटै उमेर समूहका *परे* हुन्छन् । बुढौली पाका व्यक्तिहरुको समूह भएकाले आवश्यक निर्णय गर्ने भूमिका निर्वाह गर्छन् भने ढिठ्ठाले आवश्यक निरीक्षणको काम गर्छन् । *परे*ले रोधीका निर्णयहरु पालना गर्ने कार्यान्वयन गर्ने र गराउने जिम्मेवारी निर्वाह गर्छन् । रोधीका सहभागीहरुमध्ये युवतीहरुको नेतृत्व एक जना पाको महिलाले र युवकहरुको एक जना पाको पुरुषले नेतृत्व गर्दै उनीहरुलाई निःशुल्क सहयोग गर्छन् । रोधी कुनै एक निश्चित घरमा वस्ने गरिन्छ । जुन घरमा रोधी वस्ने हो त्यस घरको आमालाई *रोशेआमा* र वावुलाई *रोशेवा* भन्ने गरिन्छ । रोधी घरका आमा वावुलाई सवै रोधीका सदस्यहरुले आफ्नै जन्म दिने वावु आमा सरह नै मान्ने गर्दछन् । उनीहरुले रोधी बस्नका लागि आफ्नो घर समेत उपलव्ध गराउने चलन छ । समुदायका सम्पूर्ण युवकयुवती रोधीको सदस्यका रुपमा सहभागी हुने गर्छन् । रोधी सँस्थाले गुरुङहरुको सँस्कृतिको सँरक्षण, सम्बर्द्धनका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्नमा ठूलो भूमिका खेलेका पाईन्छ ।

दिउसोको समयमा समुदायका सबै सदस्यहरु खेतीपाती र आ-आफ्नो घरायसी काममा व्यस्त रहन्छन् भने साँझ परेपछि सबै युवा युवती तथा तन्नेरीहरु 'रोधी घर' मा भेला हुने गर्दछन् । त्यहाँ उनीहरु नाचगान गर्ने, कथाहरु सुनाउने र रमाइलो गर्ने गर्दछन् । सोही अवसरमा उनीहरुले जीवनयापनसंग सम्वन्धित घाँस दाउरा संकलन गर्ने, पशुपालन, खेतीपाती, सिचाइ, वनजंगलसंग सम्वन्धित अनुभव र ज्ञानहरु आदान-प्रदान गर्ने गर्दछन् । विशेषगरी रोधीमा उपस्थित बृद्ध सदस्यहरुले 'राडी-पाखी' बुन्ने, अल्लोको धागो कात्ने आदि जस्ता आफ्नो कार्य गर्दै रोधीमा सहभागी हुन्छन् ।

यसरी गरुङ समुदायमा यस संस्थाले आदिवासीको ज्ञानको संरक्षण मात्रै नभएर त्यसलाई नयाँ पुस्तामा उचित हस्तान्तरणको लागि समेत महत्वपुर्ण भूमिका खेलेको पाईन्छ । तर हाल खासुरका गुरुङ समुदायको परम्परागत प्रचलनहरुका सन्दर्भमा केही साँस्कृतिक प्रचलन ज्यादै प्रख्यात र संस्थागत

रुपमा विकसित भएको पाईन्छ । यिनीहरुको समुदायमा 'रोधी' एउटा साँस्कृतिक सँस्थाको रुपमा समेत स्थापित भइसकेको सँस्था हो । यो सँस्थामार्फत युवक-युवतीहरुलाई उनीहरुका मौलिक संस्कृति, वैवाहिक रीतिथिति र अन्य आवश्यक ज्ञान र सीपहरु सिकाउने र सामाजिकरण गर्ने गरिन्छ ।

## वन संरक्षण तथा व्यवस्थापनको अवस्था

नेपालमा वन संरक्षण तथा व्यवस्थापनको अवस्थालाई मोटामोटी रुपमा जम्मा ४ चरणमा विभाजन गरेर हेर्न सकिन्छ । जस अनुरुप सन् १९५७ भन्दा अघिको अवस्था, सन १९५७ देखि १९७५ सम्मको अवस्था, सन १९७६ देखि १९८६ सम्म र त्यसपछिको अवस्थालाई लिन सकिन्छ । तसर्थ खासुर गाउँको वनजङ्गलको ऐतिहासिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### सन १९५७ भन्दा अघिको अवस्था

सन् १९५७ भन्दा अघिको अवस्थालाई पनि तीन उप-कालखण्डहरुमा विभाजन गरेर हेर्न सकिन्छ । जस्तैः राज्य एकीकरण हुनुभन्दा अगाडिको अवस्था, एकीकरण पश्चात राणा शासनसम्मको अवस्था र पंचायती शासन व्यवस्थाको शुरुवातको अवस्था ।

विशेषगरी यो कालखण्ड आदिवासी जनजातिका लागि सुनौलो अवस्था थियो भन्न सकिन्छ । किनभने यस अवधिमा सम्पूर्ण प्राकृतिक स्रोत साधन उनीहरुको आफ्नै पूर्ण स्वामित्वमा रहनुका साथै वनजङ्गल र खर्कहरुको मालिक पनि आफै नै थिए । त्यस अवधिमा वनजङ्गलहरुको अवस्था अत्यन्त राम्रो थियो । अर्थात पाताल (घना जङगल) भन्ने गरिन्थ्यो । एकीकरण पूर्व गुरुङ लगायत आदिवासी जनजातिहरुको आफ्नो निश्चित सीमा क्षेत्रमा आफ्नै स्वशासित क्षेत्र र शासन व्यवस्था थियो । वि.सं. १८२५ पछि मात्रै गुरुङहरुको राज्यमाथि आक्रमण गरी उनीहरुको सम्पूर्ण अधिकार हरण गरेको स्थानीय बुढापाकाहरु बताउँछन् । केही समय पश्चात राज्यले लागू गरेका विभिन्न कानूनी प्रावधान, ऐन, नियम तथा रणनीतिहरुका कारण गुरुङ समुदायको वन संरक्षण तथा दिगो व्यवस्थापन सम्बन्धी युगौंदेखिको परम्परागत प्रचलन 'रीतिथिति' लाई भंग गरिएको थियो । त्यसैगरी राणा शासन कालमा, वनजङ्गल तथा अन्य स्रोतहरुको व्यवस्थापनको जिम्मेवारी 'जिम्मावाल'लाई दिइएको थियो । त्यो अवस्थामा पनि

खासुरका गुरुङ समुदायको जिम्मावालले उनीहरुको समुदायकै रीतिथितिलाई पालन गरेको देखिन्छ । उक्त क्षेत्रमा गुरुङहरुको बाहुल्यता रहेका कारण प्रायःजसो रीतिथितिको प्रमुख 'क्रबा' नै जिम्मावाल हुने प्रचलन थियो ।

विगतमा वनजङ्गल र प्राकृतिक स्रोत साधनको संरक्षण र व्यवस्थापन आदिवासी जनजातिहरुले परम्परागत 'रीतिथिति'को आधारमा गर्ने भएकोले स्थानीय समुदायलाई खेतीपाती र पशुपालन व्यवसायमा कुनै ठूलो समस्या रहेको थिएन । स्थानीय गुरुङ समुदायको 'क्रबा' को नेतृत्वमा वनजङ्गल र अन्य प्राकृतिक स्रोत र साधनहरुको दिगो र न्यायोचित वितरण हुन्थ्यो । समुदायका प्रत्येक सदस्य वनजङ्गल संरक्षण र व्यवस्थापनमा समान रुपमा सक्रिय र सहभागी हुने गर्दथे । समाजका प्रत्येक सदस्यलाई हाम्रो वन भन्ने आफ्नोपनको भावना रहेको थियो जसले गर्दा वनको संरक्षण अत्यन्त सदृढ र व्यवस्थित रहेको देखिन्छ ।

खासुर गाउँका समुदायको सबै सदस्य प्रत्येक २ वर्षमा गाउँको कुनै एक निश्चित ठाउँमा भेला भएर घाँस दाउरा, काठ संकलन र चरन क्षेत्रको व्यवस्थापन लगायत वार्षिक क्रियाकलापहरुको सम्बन्धमा निर्णय गर्ने गर्छन् । जसलाई उनीहरुको स्थानीय भाषामा 'रीतिथिति फैबा' अर्थात नीति र नियम बाँध्ने भनिन्छ । गाउँभेलाले रीतिथिति उल्लंघन गर्नेहरुका लागि न्यायोचित जरिवानाको व्यवस्था गर्ने गर्छन् । गाउँभेलाले गरेका उक्त निर्णयहरुलाई समुदायको 'क्रबा'ले कार्यान्वयन गर्ने गराउने प्रचलन रहेको थियो । गाउँको प्रमुख 'क्रा वा' औपचारिक निर्वाचनबाट छनोट नगरिए तापनि गाउँसभाले सबैको सहमतिमा उपयुक्त व्यक्तिलाई उक्त जिम्मेवारी दिने प्रचलन रहेको पाईन्छ ।

**गुरुङ समुदायको बाह्रथर क्षेत्रको प्राचीन चरन क्षेत्र**

लमजुङ जिल्लाको उत्तरी हिमालयदेखि दक्षिणमा मर्स्याङदी नदीसम्म र पूर्वमा दोरदी नदी, पश्चिममा ङादीसम्म गुरुङहरुको परम्परागत चरन क्षेत्र रहेको पाईन्छ । उक्त क्षेत्रमा उनीहरुको पूर्ण स्वामित्वमा चौरी खर्क, तोस्यो खर्क, रोङदु, इराचे, तेप्का, खोले पोखरी, कैंलो, शातेन-पाफ्रे, बाह्र पोखरी, लाप्का देउराली, मैगु, कोरे, पैमु, टेटेडयो, पूरानो नासा, पैचो, म्रो, सिमीको, नाथे, छीपाको, बाबियो भीर, गोर्ले डाँडा, भोर्लेपाखा, सितलपाखा, मनकल्लेरी, म्हे म्हेरा पोखरी, दूध पोखरी रहेका थिए ।

श्रोतः स्थलगत अध्ययन, २०१०

सो अवधिमा उक्त क्षेत्रमा रहेका गुरुङ लगायत अन्य आदिवासी समुदायहरुको पनि मुख्य पेशाको रुपमा पशुपालन व्यवसाय रहेको थियो । त्यसबेला खर्क र चरणको सर्वसुलभ पहुँचको कारणले गर्दा उनीहरुले विशेषगरी भेडा, बाखा, गाई र भैंसी पाल्ने गरेको देखिन्छ ।

**सन् १९५६ देखि १९७६ सम्मको अवधि**

सन् १९५७ मा प्रधानमन्त्री टंकप्रसाद आचार्यको कार्यकालमा तत्कालीन सरकारले निजी वन राष्ट्रियकरण ऐन, २०१३ लागू गरेर सबै वनजङ्गललाई राष्ट्रियकरण गरेको थियो । राणाशासन कालमा लालमोहर मार्फत प्रदान गरिएका सबै किसिमका निजी र सामुदायिक वनलाई राष्ट्रियकरण गरी त्यसमाथि राज्यको अधिकार र नियन्त्रण कायम गर्ने उद्देश्यले यो ऐन लागू गरिएको थियो । उक्त ऐनको मुख्य रणनीति प्राकृतिक स्रोत र साधनलगायत वनजङ्गललाई राष्ट्रियकरण गरेर राष्ट्रको सम्पतिको रुपमा राख्ने साथै त्यसको सँरक्षणको जिम्मेवारी पनि राज्यले नै गर्ने रहेको देखिन्छ । त्यस पछिका दिनमा स्थानीय जनतामा वनजङ्गलमाथि हाम्रो अधिकार छैन र यसको जगेर्ना गर्ने कर्तव्य हाम्रो भन्दा पनि राज्यको हो भन्ने भावना विकास भएकाले स्थानीय जनताले वनजङ्गल सँरक्षणमा खासै ध्यान नदिएको देखिन्छ । त्यस्तै परम्परागत रुपमा वनजङ्गल संरक्षण तथा व्यवस्थापन सम्बन्धी 'रीतिथिति' र अन्य मौलिक कानूनी प्रथाहरु पनि क्रमशः निष्क्रिय बन्दै गएको पाईन्छ । यसरी आदिवासी समुदायमा रहेको वनजङ्गल माथिको अधिकारलाई खोसेर राज्यले उनीहरुलाई प्राकृतिक स्रोत र साधनबाट अलग गराइएकाले जनतामा वनमाथि रहेको आफ्नो स्वामित्व र अपनत्वको भावना विस्तारै हराउदै गएको देखिन्छ । त्यसको परिणामस्वरुप वन संरक्षण तथा व्यवस्थापनमा विकृति र विसँगतिहरु देखा पर्नुका साथै वनजङ्गल विनाशको क्रम अनियन्त्रित रुपमा बढेको देखिन्छ । आफ्नो विगतलाई स्मरण गर्दै एक वृद्धाको भनाई अनुसार त्यति बेला यहाँ घना हरियाली जँगल थियो, भेडा पालन व्यवसाय निकै थियो, वन जङ्गलमा जडीबुटीहरु प्रशस्तै पाइन्थ्यो । तर पछि सरकारले वन र खर्कलाई राष्ट्रियकरण गरेपछि आफ्नो पुरानो पेशा पनि छोडनु पर्ने बाध्यता आइ लाग्यो । आफूहरुलाई वनजङ्गल सरकारको हो भन्ने लाग्यो, मानिसहरुले वन मास्न थाले र वनको विनाश तीव्र रुपमा हुन थाल्यो ।

विभिन्न विज्ञहरुका अनुसार, वन विनाशका मुख्य कारक तत्वहरुमा भौतिक सँरचना निर्माण, कृषिको विस्तार, जनसंख्या वृद्धि, दाउरा सँकलन, पुनर्वास, चरन क्षेत्रको विस्तार र आगलागी आदि रहेको उल्लेख गरेका छन् । तर आदिवासी जनजातिहरुका अनुसार सरकारले अगाडि सारेका वन र भूमि सम्बन्धी नीति र सरकारी सँस्थाहरु वन विनाशको कारण रहेको बताउँछन् । विगतका इतिहास र

अवस्थालाई विश्लेषण गरेर हेर्दा वनको विनाशमा सरकारद्वारा लागू भएको वनजङ्गल सम्बन्धी ऐन, कानून र नीति नै बढी जिम्मेबार रहँदै आएको विभिन्न अध्ययनहरुले औंल्याएका छन् । यसका साथै विभिन्न सँघ सँस्थाहरु मार्फत गरिएको सर्वेक्षण, अध्ययन अनुसन्धानहरुबाट प्राप्त तथ्याङक तथा निष्कर्षले पनि नेपालमा सरकारले वन राष्ट्रियकरण गर्ने नीति अगाडि सारेपछि सबैभन्दा तीव्र रुपमा वनजङ्गलको फँडानी र विनाश भएको देखाएका छन् ।

सरकारका ऐन, नीति, तथा कार्यक्रमहरुले अन्ततः आदिवासी जनजाति समुदायलाई उनीहरुको पुर्ख्यौली थलो र वनजङ्गल छाडेर अन्यत्र बसाई सर्न बाध्य पारेको देखिन्छ । त्यसैगरी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण ऐन, २०२९ ले आदिवासी जनजाति समुदायलाई प्राकृतिक स्रोत साधन उपयोग गर्नबाट बञ्चित गरेको थियो । यसै क्रममा भूमिसुधार ऐन, २०२१ को दोश्रो संशोधन २०२५ले आदिवासी जनजातिहरुको सामूहिक स्वामित्वमा रहेको 'किपट' प्रथाको अन्त्य र खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ लागू भएपछि चरनका रुपमा प्रयोग हुँदै आएको खर्क र वनजङ्गल राष्ट्रियकरण भएकाले आदिवासी जनजातिको परम्परागत पेशा कृषि र पशुपालनमा प्रत्यक्ष प्रभाव पर्न गएको देखिन्छ । वि.सं. २०१५ मा वन मन्त्रालय स्थापना भएपछि स्थानीय तहसम्म सरकारी कार्य संजाल विस्तार गरिएता पनि तत्कालीन सरकारी सँयन्त्रले तीव्र रुपमा भैरहेको वन विनाश रोक्नमा भने सफलता प्राप्त गर्न सकेन ।

त्यसपछि वन व्यवस्थापनका लागि जिल्ला वन कार्यालयबाट रुख काट्न र वनपैदावर संकलनका लागि पूर्जी दिने व्यवस्था लागू भयो । नेपालको वन संरक्षणको इतिहासमा यो व्यवस्था सबैभन्दा असफल र निराशाजनक कदमको रुपमा सावित हुन गयो । पूर्जी लिएर रुख कटान गर्ने क्रमको शुरुवात भएपश्चात चरम वन फँडानी र भ्रष्टाचार शुरु भएको पाईन्छ । यसका साथै वनको उचित अनुगमन र मूल्याङकन हुन नसक्नु, स्थानीय समुदायलाई वन संरक्षणमा सहभागी नगराईनु जस्ता कारणहरुले गर्दा सन् १९५७ देखि १९६६ को अवधिमा नेपालको ७५ प्रतिशत वन विनाश भएको थियो ।

त्यसैगरी खासुर समुदाय पनि यो अवस्था र स्थिति सामना गर्न बाध्य भएको पाइन्छ । त्यसपछि खासुरमा गाउँका बासिन्दाले नै पनि तीव्र वन विनाशका कारणले काठ दाउरा सँकलन गर्न लगभग ३ देखि ५ घण्टासम्म हिड्नु पर्थ्यो । त्यति मात्रै नभएर गाउँमा खडेरीका कारण पानीका स्रोतहरु सुक्दै गएकाले खेतीपातीमा पनि नकारात्मक असर परेको थियो । साथै वनमा आश्रित पशुपालन व्यवसाय प्रायः लोप नै भएको तीतो अनुभव स्थानीय गुरुङ समुदायको छ । त्यसैगरी वनजङ्गलबाट अनियन्त्रित

रुपमा जडीबुटी तथा वनपैदावरहरुको संकलन गरिएकाले महत्वपूर्ण जडीबुटी तथा वनस्पति लोप हुने अवस्थामा पुगेको पाईन्छ ।

सरकारद्वारा खर्क जग्गा दर्ता ऐन, १९९० लागू गरेपछि स्थानीय जनताले खर्कहरु व्यक्तिगत रुपमा आ-आफ्नो नाममा दर्ता गरेका थिए । त्यसपछि युगौदेखि स्थानीय समुदायको स्वामित्व र अधिकारमा रहेका खर्कहरु उपभोग गरेवापत सरकारलाई कर तिर्नु पर्ने नियम लागू भएको थियो । जुन नेपालका आदिवासी जनजातिको इतिहासमा आफ्नो भूमि, वनजङ्गल र थात थलो माथिको अधिकार कटौती भएको अवस्था थियो । तर पछि सन् १९६६ तिर स्थानीय युवाहरुले वनको संरक्षण गर्नुपर्छ भन्ने भावनाका साथ संरक्षणको प्रयास शुरु गरेका थिए । उनीहरुले आफ्नो परम्परागत 'रीतिथिति' प्रथालाई पुनर्जीवित गराउने प्रयास पनि गरेको पाईन्छ । तर स्थानीय जिल्ला वन कार्यालयबाट ठेकेदारको अनुमतिपत्र लिई काम गर्ने ठेकेदारहरुले जथाभावी वनजङ्गल कटानी गरेकाले समस्या सृजना भएको थियो । जसको परिणामस्वरुप पशुपालन र चरन क्षेत्रको प्रयोग विस्तारै लोप हुदै जानुका साथै वन फँडानी र आगलागी नियन्त्रण प्रभावकारी रुपमा हुन नसक्दा वनजङ्गलबाट प्राप्त हुने बहुमूल्य जडीब'टीहरु पनि लोप भएका छन् ।

**सन् १९७६ देखि १९८८ सम्मको अवधि**

नेपालमा वन विनाश तीव्र हुदै गएपछि सन् १९७४ मा सम्पन्न वन संरक्षणसँग सम्बन्धी नवौ वन सम्मेलनले दिएका सुझावहरुको आधारमा सरकारले राष्ट्रिय वन योजना सन् १९७६ तयार गरेको थियो । यस योजनामा पहिलो पटक वन संरक्षण तथा व्यवस्थापनमा स्थानीय समुदायको भूमिका र सहभागितालाई मान्यता दिएको पाईन्छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनका लागि सन् १९७७ मा वन ऐन, १९६१ लाई संशोधन गर्नुका साथै वनलाई विभिन्न समूहमा वर्गीकरण गरी स्थानीय समुदाय वा संघ संस्थामार्फत उचित व्यवस्थापन गर्ने व्यवस्था गरिएको थियो । तदनुसार सन् १९७८ मा पंचायती वन, पंचायत सँरक्षित वन र कबुलियति वनका नाममा क्षेत्र तोकेर सोही अनुसार संचालन कार्यविधि तयार गरी गाउँ पंचायतलाई वन व्यवस्थापनको जिम्मेवारी दिइएको थियो । सोही अवधिमा कबुलियति वनको अवधारणा अगाडि सारेर वन फडानी भएका ठाउँ र खाली जमीनहरुमा वृक्षरोपण तथा वनपैदावर उत्पादन गर्न व्यक्ति र सँस्थालाई स्वीकृति र जिम्मेवारी दिएको पाईन्छ । सरकारको

यस कदमले स्थानीय समुदायको सहभागिता र समन्वय बिना वनजँगलको संरक्षण तथा व्यवस्थापन सम्भव नहुने महसूस गरेको तथ्य पुष्टि हुन्छ ।

**समुदायका सदस्यहरु पक्राउ र कारवाही**

निजी वन राष्ट्रियकरण ऐन, २०१३ लागू भएपछि वनजङ्गलको सँरक्षणमा समस्या आएको हो । किनभने, यस ऐनले स्थानीय समुदायलाई वनजङ्गल र प्राकृतिक स्रोतसाधन माथिको अधिकार र स्वामित्वबाट अलग गराई दिएकाले स्थानीय समुदाय दुःखी र निराश हुन पुगेका थिए । जसको कारण स्रोत साधनको चरम दुरुपयोग हुनाको साथै स्थानीय समुदायहरु बीचमा नै विवाद र झै झगडा समेत हुन पुगेको पाइन्छ ।

खासुर गाउँका पाका जानकारहरुका अनुसार, सन् १९६० को अवधिमा सरकारबाट रुख कटान गर्न अनुमति पाएका छिमेकी गाउँका एक व्यक्तिले आफ्नो जँगलमा पसेर धमाधम रुखहरु काटेको देखेपछि स्थानीय जनताले ती व्यक्तिको हतियार र उनले काटेका काठ, दाउरा खोसिदिए । त्यसपछि ती व्यक्ति जिल्ला प्रहरी कार्यालयमा गएर स्थानीय जनता विरुद्ध चोरीको उजुरी दिएका थिए । त्यसपछि प्रहरी प्रशासनले ती व्यक्तिलाई वन फडानी गरेवापत कारवाही गर्नुको साटो उल्टै गाउँका २४ जना निर्दोष व्यक्तिलाई पक्राउ गरी कारवाही गरेका थिए ।

सरकारको सहभागितामूलक रणनीति अनुरुप प्रारम्भिक चरणमा सरकार र दातृ निकायहरुले वृक्षरोपण र पुनर्वृक्षरोपणमा विशेष जोड दिएको पाइन्छ । किनभने त्यस बेला विशेषगरी हिमाली र अन्य क्षेत्रमा वन विनाशको कारण उत्पन्न पर्यावरणीय समस्याका बारेमा विश्व बैंक लगायतका अन्तर्राष्ट्रिय सँघ संस्थाहरुले विशेष चासो दिएका थिए । यसका साथै विश्व बैंकले वृहत रुपमा वृक्षरोपण गर्नुपर्ने सिफारिश समेत गरेको थियो ।

**आफ्नो खोसिएका चरन क्षेत्र फिर्ता पाउन गरिएको पहल**

सन् १९९२ मा खासुर गाउँका जनताले वृहत गाउँसभा (नाल्सभा) आयोजना गरेको थियो । तीन दिनसम्म चलेको उक्त सभामा खासुर गाउँ वरिपरिका ११ वटा गाउँबाट ९० जना भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उक्त बैठक सरकारद्वारा खोसिएको चरन क्षेत्र र अन्य

वनजङ्गलहरुलाई समुदायको नाममा फिर्ता गराउनका लागि आवश्यक रणनीति र योजना बनाउनको निमित बसेको सबैभन्दा पहिलो र वृहत भेला थियो । उक्त वृहत बैठकले निम्न महत्वपूर्ण निर्णयहरु गरेको थियो :

- सरकारले राष्ट्रियकरण गर्नु अघि आफ्नो स्वामित्वमा रहेका सम्पूर्ण खर्क र वनजङ्गल पुनः प्राप्तिका लागि सरकारसँग अनुरोध गर्ने ।
- जबसम्म ती खर्क तथा वनजङ्गलको स्वामित्व प्राप्त हुँदैन तबसम्म नियमित रुपमा भेला गरी संघर्ष जारी राख्ने ।
- ११ गाउँकै प्रतिनिधिहरुबाट “बाह्रपोखरी लेकखर्क उपभोक्ता समिति” गठन गरी राणाशासन कालमा लालमोहरबाट प्राप्त वनक्षेत्र र खर्कहरुको व्यवस्थापन र उपयोग गर्ने ।

उनीहरुले आफ्नो परम्परागत वन र प्राकृतिक स्रोतको व्यवस्थापनका आधारमा वन संरक्षण तथा दिगो व्यवस्थापन गर्नका लागि महत्वपूर्ण निर्णयहरु गरेका थिए । यो अवधि खासुर गाउँको वन संरक्षण तथा व्यवस्थापनका लागि ज्यादै महत्वपूर्ण रहेको थियो । यस क्षेत्रमा रहेको वनजङ्गल लगभग समाप्त भैसकेको अवस्थामा यसले उनीहरुको जीविकोपार्जनमा पारेको प्रतिकूल प्रभावमा क्रमशः सुधार आएको महसूस गर्न सफल भए । यही अनुभूतिका कारण वनजङ्गल उनीहरुको स्वामित्वमा नभएता पनि सँरक्षणको कार्यलाई निरन्तरता दिइ नै रहे ।

**सन् १९८९ पछिको अवस्था**

नेपालमा वन क्षेत्रको समग्र समस्यालाई संबोधन गर्नका निमित सन् १९८६-१९८८ को अवधिमा २५ वर्षे गुरु योजना तयार गरिएको थियो भने उक्त योजनालाई सरकारले सन् १९८९ मा स्वीकृत गरेको थियो । उक्त योजनाले सामुदायिक र निजी वनले देशको अत्याधिक क्षेत्र ओगटेर रहेको तथ्यलाई सार्वजनिक गर्दै वनजङ्गलको संरक्षण तथा दिगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई क्रमिक रुपमा पहुँच र व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्न सुझाव दिएको थियो । त्यसैगरी वन संरक्षण, वनको उपयोग तथा दिगो व्यवस्थापन गर्न सामुदायिक वन उपभोक्ता समिति गठन गर्नु उपयुक्त हुने निष्कर्ष समेत निकालेको थियो । यसका साथै उक्त योजनाले वन व्यवस्थापन कार्ययोजना बनाएर लागू गर्नुपर्ने व्यवस्था समेत गरेको थियो । सो गुरु योजनाले संम्भव भएसम्म हिमाली र पहाडी

क्षेत्रका वनहरु स्थानीय वन उपभोक्ता समूहलाई उचित व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्न सुझाव समेत दिएको थियो । त्यसैले उक्त गुरु योजना नेपालको सामुदायिक वनको इतिहासमा कोशे-ढुङ्गाको रुपमा सावित भएको पाईन्छ ।

सन् १९९०मा देशमा बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात सन् १९९३ मा नयाँ वन ऐन ल्याएको थियो भने सन् १९९५ बाट लागू गरिएको थियो । उक्त ऐनले राष्ट्रिय वनलाई क्रमशः सामुदायिक वन, कबुलियती वन, सरकारी वन, धार्मिक वन, र सँरक्षित वन गरी पाँच उप समूहमा वर्गीकरण गरेको थियो । जसमध्ये सबैभन्दा बढी महत्व सामुदायिक वनलाई दिइएको थियो । उक्त ऐनले सामुदायिक वन उपभोक्ता समितिलाई वन व्यवस्थापनको कार्ययोजना निर्माण, कार्यान्वयन, उपयोग गर्न केही हदसम्म स्वायत्तता पनि प्रदान गरेको पाईन्छ । त्यसैगरी सन् १९९९ मा उक्त ऐनलाई संशोधन गरी उपभोक्ता समितिले वन व्यवस्थापनबाट आर्जन गरेको रकमको २५ प्रतिशत स्थानीय विकास तथा सामुदायिक वन संरक्षण कार्यमा खर्च गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ । यसको फलस्वरुप सामुदायिक वन कार्यक्रमहरु उल्लेखनीय रुपमा वृद्धि हुदै गईरहेका छन् । वन विभागको तथ्याङ्क अनुसार नेपालमा १४,२२७ वटा सामुदायिक वन रहेको देखिएको छ । जसले ११,८५,५६३ हेक्टर क्षेत्रफल ओगटेको छ । त्यस्तै हाल नेपालमा लगभग १६ हजार सामुदायिक वन उपभोक्ता समिति गठन भइसकेका छन् । यी मध्ये ऐन अनुसार जिल्ला वन अधिकृतले कुनै पनि राष्ट्रिय वनलाई सामुदायिक वनको रुपमा स्थानीय समुदायलाई हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ । यसरी समुदायलाई हस्तान्तरण गरिएको वनको सँरक्षण, सम्बर्द्धन, उपयोग, व्यवस्थापन, वनपैदावरको वितरण र कर निर्धारण व्यवस्थापन योजना अनुसार समुदायले गर्न पाउने छ । तथापी, ऐनले वनको स्वामित्व समुदायमा नहुने र कुनै बेला सरकारले चाहेको खण्डमा र आवश्यक ठानेमा सामुदायिक वनको दर्ता खारेज गर्न सक्ने प्रावधान छ । यसैले समुदायका मानिसहरु यसप्रति सशँकित र त्रसित रहेको पाइन्छ ।

खासुर सामुदायिक वनको सम्बन्धमा हेर्ने हो भने, सन् १९९२ फेब्रुवरी २० तारिखमा जिल्ला वन कार्यालयका प्रतिनिधिको समेत उपस्थितिमा १३ सदस्यीय खासुर सामुदायिक वन उपभोक्ता समिति गठन गरेको पाइन्छ । उक्त समितिले कानूनी रुपमा सामुदायिक वनको नियम पालन गर्दै व्यावहारिक रुपमा गुरुङ समुदायको परम्परागत प्रचलन 'रीतिथिति' लाई पुनर्जीवित गराई त्यसका राम्रा पक्षलाई अनुसरण गरी वनको सँरक्षण तथा दिगो व्यवस्थापन गर्दै आईरहेको छ । समितिले आफ्नो समुदायमा परम्परागत रुपमा प्रचलित रहेको 'वन खोल्ने' र 'वन पाला' प्रथालाई अभ्यास गरिरहेको पाईन्छ ।

वनपालाको नियम अनुसार वन क्षेत्रमा वनको अवस्था हेरी ३ देखि ५ वर्षसम्म कुनै रुख काट्न नपाइने गरी प्रतिवन्ध लगाइएको हुन्छ । यसवाट वनको उचित संरक्षण भएको पाईन्छ । कूल ३३७ हेक्टर क्षेत्रफलमा फैलिएको खासुर सामुदायिक वनलाई ५ वटा व्लक र ९ वटा **टोल-वन**को रुपमा विभाजन गरी दिगो व्यवस्थापन गर्दै आएको पाइन्छ । टोलवन स्थानीय समुदायको वस्तीको आधारमा वनको उचित व्यवस्थापन र श्रोतहरुको समान र सर्वसुलभ रुपमा उपयोग गर्ने हेतुले तोकिएको पाईन्छ । प्रत्येक टोलवनमा वनको क्षेत्र अवस्था हेरेर ४ देखि २३ घरधुरीले वनपैदावर उपयोग गर्ने गर्दछन् । सबै व्लकका वनहरु उनीहरुको परम्परागत कानून र नियम अनुसार सँरक्षण र व्यवस्थापन गर्ने काम भइरहेको छ । वनजङ्गलको सँरक्षण र दिगो व्यवस्थापनका साथै वनपैदावरको वितरण समेत समतामूलक ढंगले गर्ने काम भइरहेको छ ।

**चित्र ४ : वनको पाँच व्लकमा विभाजन**




स्रोत : खासावउसको व्यवस्थापन कार्ययोजना, २०६०

सरकारले विभिन्न समयमा अगाडि सारेका ऐन, कानून, नीति र कार्यक्रमका कारण नेपालका आदिवासी जनजातिहरुको वन व्यवस्थापन गर्ने परम्परागत व्यवस्थापन र न्याय प्रणाली प्रयोगमा नआइरहेको सन्दर्भमा खासुर सामुदायिक वनले उनीहरुको परम्परागत वन व्यवस्थापन पद्धतिलाई लागू गरेको पाईन्छ ।

यसैगरी सन् १९९३को जनवरीमा खासुर सामुदायिक वनको नीति नियमहरु निर्माण गर्न ९ दिन लामो अधिवेशन बसेको थियो । उक्त अधिवेशनमा प्रत्येक घरधुरीबाट ९७ जना प्रतिनिधिहरुले भाग लिएका थिए भने अधिवेशनले वनको ब्लक र **टोल-वन** छुट्याउने जस्ता विभिन्न महत्वपूर्ण निर्णय गरेको थियो ।

अधिवेशनबाट सामुदायिक वनलाई व्यवस्थित र प्रभावकारी रुपमा सँरक्षण र व्यवस्थापन गर्नका निमित ९ वटा **टोल-वन** र ५ वटा ब्लकमा विभाजित गरेका थिए । टोलहरुमा लेते, अर्नास्वारा, माझ्, कोसरा, विके, **टोल-वन**, कल्लेरी, कल्मा, सिरान र पूर्व टोल गरी छुट्याइएका छन् । यसरी विभिन्न ब्लक र टोलहरुमा विभक्त वनहरुमा विभिन्न प्रकारका काष्ठ र गैर काष्ठ वनपैदावरहरु पाउनुका साथै विभिन्न किसिमका जङगली जनावर र पशुपंक्षीहरु पाईन्छ । (हेर्नु अनुसूची ज देखि ट सम्म)

**चित्र ५ : विभिन्न टोल-वन र घरधुरी संख्या**




स्रोत : खासावउसको बैठक निर्णय पुस्तिका, १८ जनवरी १९९३

सामुदायिक वन निर्देशिकाको आधारमा उपभोक्ता समितिद्वारा प्रभावकारी वन व्यवस्थापन र उचित उपयोगका लागि आवश्यक नियमहरु सहितको व्यवस्थापन योजना बनाएर लागू गरिएको पाईन्छ । त्यसैगरी उक्त समितिले वनपैदावरको उचित व्यवस्थापनमा मौसमी पात्रो बनाएर लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । यस वन व्यवस्थापन उपभोक्ता समितिले गरेका अन्य केही महत्वपूर्ण निर्णय निम्न रहेका छन्:-

**तालिका ३ : खासुर सामुदायिक वन उपभोक्ता समितिका केही उल्लेखनीय नियम**

| **नीति तथा नियमहरु** | **उद्देश्यहरु** |
|---|---|
| ▪ आगामी ५ देखि १० वर्षसम्म रुखहरु नकाट्ने । | ▪ खस्किदो वनको अवस्थालाई सुधार गर्नु |
| ▪ समितिको अनुमति बिना दाउरा र काठ काट्न नदिने । | ▪ वनको उचित व्यवस्थापन र वनपैदावरको समान वितरण गर्नु |
| ▪ दैनिक रुपमा वनको रेखदेख गर्नका लागि समूह निर्माण गर्ने । | ▪ वनको प्रभावकारी संरक्षण गर्नु |

स्रोत : खसासाउसको व्यवस्थापन कार्ययोजना, २०६०

वन उपभोक्ता समितिले वन संरक्षण तथा व्यवस्थापन कार्यमा युवाहरुलाई विशेष महत्वका साथ परिचालन गरेको छ । यसका साथै 'रीतिथिति' कार्यान्वयनमा पनि युवाहरुको महत्वपूर्ण जोड रहेको देखिन्छ । त्यसैगरी नीति नियम उल्लंघन गर्नेहरुलाई कारवाहीको घेरामा ल्याउन युवा परिचालनले महत्वपूर्ण भूमिका खेल्न सफल रहेको देखिन्छ ।

**तालिका ४: वनपैदावर उपयोगको पात्रो**

| **क्रियाकलापहरु** | **समयावधि** |
|---|---|
| ▪ दाउरा टिप्ने र काठ काट्ने | ▪ माघदेखि चैतसम्म |
| ▪ खर काट्ने | ▪ पुस र फागुन |
| ▪ गाईवस्तुहरु लेकतिर लाने 'तुर्गुम' | ▪ चैत, बैशाख |
| ▪ वस्तुहरु लेकबाट तल ल्याउने 'मार्गुम' | ▪ मंसिर, पुस |

स्रोतः स्रोतः खासावउसको व्यवस्थापन कार्ययोजना, २०६०

खासुर सामुदायिक वन उपभोक्ता समितिले आफ्नै स्थानीय ज्ञान सीपका आधारमा वनजङ्गलको उचित संरक्षण र दिगो व्यवस्थापनका साथै स्रोतहरुको उपयोग सम्बन्धमा वनको अवस्था र प्रकृति

अनुरुप विभिन्न खण्ड (ब्लक) हरुमा वर्गीकरण गरेको छ । त्यसैगरी स्थानीय वनलाई उपभोक्ताहरुको बसोवासका आधारमा विभिन्न टोल-वनहरुको रुपमा विभाजन गरी तदनुसारको जिम्मेवारी र पहुँच सुनिश्चित गरेको छ । उक्त वन उपभोक्ता समूहले पर्यावरणीय दृष्टिकोणबाट सामुदायिक वनको सही रुपमा विकास गर्न निम्न चार प्रकारका क्षेत्र हुन नितान्त आवश्यक रहेको महसूस गरी तदनुसारको व्यवस्था गर्ने पहल समेत गरेको पाईन्छ ।

**तालिका ५: सामुदायिक वनका विभिन्न समूहमा रहेका वनहरु र त्यसको महत्व**

| समूह | प्रकार | महत्व |
|---|---|---|
| पताल | ठूला रुखहरु भएको घना जङ्गल | ▪ काठ, दाउराका लागि<br>▪ चितुवा, बाघ, मृग जस्ता जङ्गली जनावरको बासस्थान |
| झाडी-बुट्यान | साना रुखहरु भएको झाडी र बुट्यान | ▪ गैर काष्ठ वनपैदावरका लागि<br>▪ दुम्सी, खरायो, चराचुरुङगीको बासस्थानको लागि |
| खर्क | पशुपालन र चरन क्षेत्र | ▪ गाईवस्तुको चरनका लागि<br>▪ जडीबुटीका संकलनका लागि |
| पाखा | घाम लाग्ने पाखा जमिनवा घाँसे मैदान | ▪ घाँस, सोत्तरका लागि<br>▪ जनावरहरुलाई घाम ताप्नका लागि |

स्रोतः खासावउसको बैठक निर्णय पुस्तिका २०६०

यस उपभोक्ता समिति अन्तर्गत १८२ घरधुरी छन् । जसमा खासुर बाहेक देउजनथोक गाउँका समुदायको आफ्नो वन क्षेत्र नभएकाले खासुर सामुदायिक वनमा नै समावेश गरेको छ । त्यसैगरी यस उपभोक्ता समितिमा ५३९ पुरुष र ५१० जना महिला सदस्य छन् ।

## जलवायु परिवर्तनको अनुभूति

यस अध्ययन क्षेत्रका आदिवासी जनजाति समुदायमा पर्याप्त औपचारिक ज्ञानको अभाव देखिएता पनि जलवायु परिवर्तनले उनीहरुमाथि पारेको प्रतिकूल प्रभाव र त्यसबाट सिर्जित असरहरुका बारेमा महसूस गर्न थालेको देखिन्छ । बेमौसमी वर्षाको कारण अन्नबाली तथा तरकारी उत्पादनमा नराम्रो असर परिरहेको उनीहरु बताउँछन् । त्यसैगरी उनीहरुले लगाउँदै आएका विभिन्न बालीनालीहरु विगतको भन्दा चाँडै पाक्ने गरेको, विभिन्न झारपातले सताउने गरेको, अन्नबालीमा विभिन्न रोग देखा पर्न थालेको, गाउँमा तापक्रम तीव्र रुपमा वृद्धि हुँदै गइरहेको, गाउँमा लामखुट्टे र अन्य किरा फट्याङग्राहरु देखा पर्न थालेको बताउँछन् ।

त्यसैगरी उनीहरु 'गन्धे झार' 'वनमारा' लगायतका झारहरु अत्यधिक फैलिएर खेतीपातीमा मात्रै नभएर बहुउपयोगी जडीबुटीहरुलाई समेत असर पुगेको दुःखेसो पोख्छन् । यसै क्रममा एक जना स्थानीय वासिन्दाको भनाई अनुसार, गएको केही वर्ष अगाडिदेखि चित्रे भन्ने डाँडामा हिँउ पर्न छाडेको छ । यसका साथै उनको भनाई अनुसार चित्रे डाँडामा हिँउ परेको साल गाउँमा खेतीपाती राम्रो हुने गरेको थियो । यी सबै खालका परिणाम जलवायु परिवर्तनकै कारणले देखा परेको हुन सक्ने स्थानीय बासिन्दाको निष्कर्ष छ ।

समूहगत छलफलका क्रममा खासुर सामुदायिक वन क्षेत्रबाट निम्न वनस्पतिहरु लोप हुने अवस्थामा पुगेको कुरा सहभागीहरुले बताएका छन् । तथापि यसको वैज्ञानिक तवरबाट पुष्टि गर्ने काम भने बाँकी नै छ ।

**तालिका ६: केही लोपोन्मुख वनपैदावरहरु**

| **समूह** | **लोपोन्मुख वनस्पतिहरु** | **महत्व** |
|---|---|---|
| औषधिजन्य तथा सुगन्धित वनस्पतिहरु | लोठसल्लो, सदुवा, पिप्ला, बिकिकासी | औषधिको रुपमा प्रयोग गरिने |
| खानयोग्य वनस्पतिहरु | सिन्कौली, अमला | मसला तथा फलफूलको रुपमा |

| | | |
|---|---|---|
| | | प्रयोग गरिने |
| अन्य | नाइजेली झार | सजावटका रुपमा प्रयोग गरिने |

श्रोतः स्थलगत अध्ययन, २०१०

स्थानीय आदिवासी महिलाहरुका अनुसार मौसममा आएको परिवर्तनका कारण केही वर्ष यता गहुँ लगायत अन्य अन्नबाली उत्पादनमा ह्रास आएको छ । जिल्ला कृषि कार्यालयबाट प्राप्त गहुँको बीउ लगाउँदा पनि उत्पादनमा कमी आएको महिलाहरुको गुनासो छ । छलफलका क्रममा एक जना ५४ वर्षीया महिलाले भनिन, "पहिला हामी तरुनी हुँदा धान तथा दालहरु अरु ठाउँमा बेच्न लाने गर्थ्यौं, तर अहिले आएर आफै खानको लागि बजारबाट अन्न किनेर ल्याउनु परेको छ । खेतीपातीको लागि आकासे पानीमा भर पर्नुपर्छ, तर विगत केही वर्षदेखि वर्षा अनियमित भएको छ, पानी चाहिने समयमा नपर्ने र नचाहिने बेलामा र बाली पाक्ने समयमा बढी मात्रामा पर्नाले खेतीपाती सखाप भएको छ" ।

यसरी मौसममा आएको परिवर्तनको अनुकूलनका लागि यस क्षेत्रको आदिवासी जनजातिहरुले आफ्नै किसिमको रणनीतिहरु अपनाउदै आएका छन् । जस अनुरुप उनीहरुले कम सिँचाईमा उत्पादन हुने धानहरु जस्तै 'आर्यन', 'मकवानपुरे' आदि लगाउन थालेका छन् । त्यसैगरी राम्रो उत्पादनका लागि नयाँ जातको मकै लगाउने गरेका छन् । पानीको अभावलाई केही हदसम्म परिपूर्ति गर्नका लागि भए पनि वर्षाको पानी सञ्चित गरेर राख्ने र उक्त पानीलाई खेतीपातीमा प्रयोग गर्ने प्रयास समेत गरेको पाईन्छ । त्यसका साथै उनीहरु आकासे पानीमा भर पर्नुको सट्टामा खोला आसपासका स्थानहरुमा खेतीपाती गर्न थालेको देखिन्छ । केही परिवारले विषादीमुक्त तरकारी खेती गरी बजारमा बेचबिखन गर्नुका साथै केहीले होमस्टे ग्रामीण पर्यटन विकास गरी वैकल्पिक आयस्रोतको रुपमा समेत सञ्चालन गरेको पाईन्छ ।

अर्कोतर्फ जलवायु परिवर्तनका कारण उनीहरुको जीविकोपार्जनमा आएको उतार-चढावसँगै धेरै युवाहरु वैदेशिक रोजगार तथा श्रमको लागि अन्यत्र जाने क्रम पनि बढेको देखिन्छ । खेतीपातीमा आएको ह्रासको कारण महिलाहरु आफ्नो जीविका चलाउन श्रमको खोजीमा नजिकको बजार तथा अन्य शहरहरु विशेषगरी बेशीसहर, पोखरा, काठमाडौसम्म गएर गिट्टी कुट्ने, ढुङ्गा ओसार्ने आदि जस्ता शारिरीक जोखिमको दृष्टिले खतरा मानिने कार्यहरु गरिरहेको उदाहरण पनि पाईएको छ । यस्ता घटनाले जलवायु

परिवर्तनका कारण खासुरका आदिवासी जनजातिको व्यक्तिगत जीवनचर्याका साथै पारिवारिक तथा सामाजिक जीवनमा समेत नकारात्मक असर परेको देखिन्छ ।

## जलवायु परिवर्तन, रेडप्लस, र आदिवासी जनजाति

युगौदेखि प्राकृतिक स्रोतमाथि निर्भर रही जीविकोपार्जन गर्दै आएका विश्वका अधिकाँस आदिवासी जनजातिहरुलाई जलवायु परिवर्तनले अन्य जातिय समुदायको तुलनामा प्रत्यक्ष रुपमा प्रतिकुल असर पारेका छन् । वास्तवमा, आदिवासी जनजातिहरु बसोवास गर्ने क्षेत्रमा वनजंगलको संरक्षण गरि पर्यावरणीय सन्तुलन कायम राख्नमा उनीहरुले उल्लेख्य योगदान पुऱ्याउँदै आएका छन् भने यसको अलवा जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्नमा समेत उनीहरुको परम्परागत ज्ञान, सीप, प्रथा तथा जीवनयापन शैलीले उल्लेखनीय भूमिका रहेको पाइन्छ । जलवायु परिवर्तनका कारणले लामो समयको खडेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, खाद्य पदार्थ र पानीको श्रोतमा कमी, नयाँ-नयाँ रोगहरुमा वृद्धि, परम्परागत जीवन पद्धतिमा असन्तुलन आउने गर्दछ । जसका कारणहरुले वनजंगलसंग अन्योन्याश्रित सम्वन्ध रहेका आदिवासी जनजाति समुदायको सामाजिक, साँस्कृतिक र आध्यात्मिक सम्बन्धका साथै उनीहरुको जीविकोपार्जनमा समेत प्रतिकूल असर परेको पाईन्छ ।

कार्वन तटस्थ जीवनशैली अपनाउदै आएका आदिवासी जनजातिहरुको जलवायु परिवर्तनमा खासै ठूलो योगदान नरहेको कुरा प्रमाणित भइसकेको भएतापनि आदिवासी जनजातिहरु विशेषगरी, खोलानदीको किनार, जंगलको आसपास र हिमाली क्षेत्रहरुमा बसोबास गर्ने हुनाले जलवायु परिवर्तनको नकारात्मक असरबाट उनीहरु नै बढी जोखिममा परेका छन् । त्यस्तै, विश्वमा सामाजिक र आर्थिक रुपमा पनि उनीहरु नै बढी जोखिममा परेका छन् । तापनि जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनमा आदिवासी जनजातिहरुले उनीहरुको वसोवास रहेको ठाउँको वनजंगलको संरक्षण तथा दिगो व्यवस्थापन गर्दै आएका कारण महत्वपूर्ण योगदान पुऱ्याउदै आएका छन् । तर, दुर्भाग्यको कुरा आदिवासी जनजातिहरुले पुऱ्याएको योगदानहरुलाई विश्वका धनी राष्ट्र र सम्वन्धित देशका सरकारहरुले महशुस गरी मान्यता दिन सकेको छैन । विश्वका विभिन्न मुलुकहरुमा बहुसंख्यक आदिवासी जनजातिहरु जल, जंगल, जमिनर अन्य प्राकृतिक श्रोतहरुसंग प्रत्यक्ष रुपमा सम्वन्धित रहेका हुन्छन् ।

आज आएर जलवायु परिवर्तन सिङ्गो विश्वको जल्दोवल्दो समस्या र सवैको सरोकारको विषय वनेको छ । जलवायु परिवर्तन सम्वन्धि संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि (युएनएफसीसीसी) मा

नेपाल सरकारले सन् १९९२ मा हस्ताक्षर गरिसकेपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तनका सम्वन्धमा कामको थालनी भएको पाइन्छ । यस महासन्धि अन्तर्गत तर्जुमा गरिएको क्योटो अभिसन्धिले वृक्षारोपण गरिएका र नयाँ सिर्जना गरिएका वनहरुलाई मात्र कार्वन व्यापारमा जान सक्ने व्यवस्था गरेको छ, जसले गर्दा विद्यमान वन विनास र वन क्षयीकरण नियन्त्रण गरी कार्वन उत्सर्जन कटौती गर्ने कार्यलाई कार्वन व्यापारमा प्रवेश पाउने अन्तर्राष्ट्रिय कानूनी आधारको अभाव रहेको थियो । त्यसैले, यसका लागि अन्तर्राष्ट्रिय स्तरमा थप कानूनी व्यवस्थाको आवश्यकता महसुस भएकोले सन् २००५ देखि नै यस महासन्धिका पक्ष राष्ट्रहरुको सम्मेलनमा छलफल आरम्भ भएको थियो ।

शुरुमा रेड अन्तर्गत वन विनासलाई मात्र समेटने प्रस्तावहरुमा छलफल भएको भएतापनि सन् २००७ मा सम्पन्न उक्त महासन्धिका पक्ष राष्ट्रहरुको १३ औं सम्मेलनद्वारा पारित वाली कार्य योजना अनुसार रेड अन्तर्गत वन विनास नियन्त्रणका माध्यमबाट उत्सर्जन कटौती र क्षयीकरण नियन्त्रण गरी उत्सर्जन कटौती गर्ने विषयका अतिरिक्त मौजुदा वन कार्वनको संरक्षण, मौजुदा वन कार्वन संञ्चितिमा अभिवृद्धि र वनको दिगो व्यवस्थापन समेतका कार्यहरु समेट्ने गरी अन्तर्राष्ट्रिय नीति निर्माण गर्ने सहमति भएपछि रेडको दायरा बढ्न गएको पाईन्छ ।

सन् २०१० मा मेक्सिकोको कानकुन शहरमा सम्पन्न १६ औं सम्मेलन देखि रेडप्लस अवधारणा अगाडि आएको पाईन्छ । रेडप्लसले वन विनास र वन क्षयीकरणमा कमी ल्याउनुको अतिरिक्त वनको संरक्षण तथा दिगो व्यवस्थापनद्वारा कार्वन संञ्चितिमा वृद्धि गर्ने लगायतका क्रियाकलापहरुलाई समेत जनाउने गरेको छ । यस सम्मेलनले संयुक्त राष्ट्रसंघको आदिवासी जनजातिहरुको हक अधिकार सम्वन्धि घोषणा पत्र र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरुले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुका ज्ञान र अधिकारलाई सम्मान गर्ने, रेड कार्यान्वयनमा आदिवासी जनजातिहरुको पूर्ण र प्रभावकारी सहभागिता गराउने, आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, सीप र प्रचलनको सम्मान गर्ने, सामाजिक र वातावरणिय सुरक्षा तथा फाइदाका लागि प्राकृतिक वन र जैविक विविधताको संरक्षणमा जोड दिने जनाएका छन् ।

सन् २०११ मा दक्षिण अफ्रिकाको डर्वानमा सम्पन्न कोप १७ औं सम्मेलनले रेड सम्वन्धी दीर्घकालिन को-अपरेटिभ एक्सन (LCA) र सब्स्टा (SBSTA) दस्तावेजमा रेडसम्वन्धी छलफल भई कानकुनमा भएको संझौताअनुरुप आदिवासी जनजातिहरुको अधिकार र सुरक्षा सम्वन्धी सिद्धान्तलाई निरन्तरता दिन सफल भएको छ ।

यसै सन्दर्भमा विश्व वैंकले विश्वका ३७ वटा देशहरुमा रेड कार्यान्वयनको तयारीको लागि सहयोग गर्ने उद्देश्यले वन कार्वन साझेदारी सहयोग कार्यक्रम (एफसिपिएफ) स्थापना गरिसकेको छ । वालीमा सम्पन्न कोप १३ औं सम्मेलनदेखि विकासोन्मुख देशहरुमा वनको विनास र वन क्षयीकरणवाट हुने कार्वन उत्सर्जन कटौति (रेड) को अवधारणा आएको पाईन्छ । यसले नेपालजस्ता विकासोन्मुख मुलुकहरुलाई रेडप्लस रणनीति मार्फत कार्वन लगानीमा प्रवेश गर्न ढोका खुलेको छ । कोप १६ औं सम्मेलनले स्पष्ट रुपमा रेडप्लसको तयारी कार्यान्वयन प्रक्रिया र चरणहरु सम्वन्धमा निर्देश गरेको छ । हाल, नेपालमा रेड सम्वन्धी राष्ट्रिय रणनीति निर्माण गर्ने प्रक्रियामा छ । नेपाल सरकारले सन् २००८ अप्रिल १५ मा रेडका लागि तयारी अवधारणा पत्र (आरपीन) वन कार्वन साझेदारी सहुलियत कार्यक्रम (एफसिपिएफ ) समक्ष पेश गरेपछि सन् २००८ जुलाइमा उक्त प्रस्ताव स्वीकृत भएको थियो । त्यसपछि सन् २००८ मा नै वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रेड सम्वन्धि वहुसरोकारवाला कार्य समूहको गठन भएको छ ।

नेपाल सरकारद्वारा सोही अवधिमा रेडको तयारी प्रक्रियालाई प्रभावकारी रुपमा अगाडी वढाउन रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाइको स्थापना भएको छ । त्यस्तै रेडको तयारी प्रस्तावना (आरपीपी) तयार गरि सन् २०१० मा वनकार्वन साझेदारी सहयोग संयन्त्रमा वुझाई स्वीकृत भएर यो कार्यान्वयनको चरणमा रहेको छ । रेडको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि उच्च निकाय, रेड कार्यसमूह र रेड सेल रहेको तीन तहको संस्थागत संरचना निर्माण गरिएको छ । आरपीपी कार्यान्वयनका चरणमा भएतापनि प्रभावकारी हुन सकेको छैन् । रेडको संस्थागत संरचना अन्तर्गतको रेड कार्य समुहमा १३ जना सदस्यहरु मध्ये आदिवासी जनजाति समुदायको तर्फवाट १ जना मात्र नेपाल आदिवासी जनजाति महासंघवाट प्रतिनिधित्व भएको कारण आदिवासी जनजातिहरुको आवाज सुनुवाइ र मुद्दाको संवोधन सही ढंगले हुन सकेको छैन् ।

नेपाल र अन्य कतिपय विकासशिल मुलुकहरुमा रहेका वनजंगल आदिवासी जनजातिहरुको परम्परागत वसोवासको थलो रहेको तथ्य प्रमाणित भैसकेको छ । आदिवासी जनजातिहरुले आफू वसोवास रहेको क्षेत्रका वनजंगलहरु परम्परागत रुपमा संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन् । त्यसैले, आजको सन्दर्भमा जलवायु परिवर्तनले विश्व तापमानमा वृद्धि भैरहेको अवस्थामा आदिवासी जनजातिहरुले वनजंगल संरक्षण गरी जलवायु परिवर्तनबाट पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरणमा महत्वपूर्ण

योगदान पुऱ्याएका छन् । यसका साथै जैविक विविधताको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गराई राख्नमा समेत उत्तिकै ठूलो योगदान पुऱ्याएका छन् । त्यसैले रेडप्लसका प्रक्रियामा आदिवासी जनजातिहरुको अर्थपूर्ण र प्रभावकारी सहभागिता गराइनु पर्दछ ।

त्यस्तै नेपालका अधिकाँस आदिवासी जनजातिहरु वनजंगलको छेउछाउ र खोला नदीका किनारमा वसोवास गर्दछन् । सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा प्राकृतिक स्रोतसंग सम्वन्धित रहेका आदिवासी जनजातिहरुका प्राकृतिक स्रोतसाधनमाथिको अन्तरसम्वन्ध र निर्भरतामा भने एकरुपता देखिदैंन । कतिपय आदिवासी जनजातिहरु पूर्णरुपमा वनमाथि निर्भर छन् भने कतिपयको कम रहेका छन् । जस्तैः राउटेहरु आजसम्म पनि जंगलमा नै वसोवास गर्दै आएका हुनाले पूर्ण रुपमा वनमाथि नै निर्भर छन भने त्यसको तुलनामा चेपाङ्गहरु केही मात्रामा भएपनि कम निर्भर रहेका छन् ।

नेपाल सरकारले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रेडसेलको स्थापना गरी अहिले रेड सम्वन्धि राष्ट्रिय रणनीति बनाउने क्रममा रहेको छ । उक्त राष्ट्रिय रणनीति निर्माण गर्ने क्रममा आदिवासी जनजाति समुदायको हक र अधिकारहरुलाई सुनिश्चत गर्नका साथै उनीहरुले युगौंदेखि अभ्यास गर्दै आइरहेको परम्परागत प्रचलन तथा मौलिक प्रथाजनित कानूनी पद्धतिहरुलाई मान्यता दिनु पर्दछ । आदिवासी जनजाति समुदायसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्वन्धित यस प्रकारका कार्यक्रमहरुको संचालन र नीति निर्माण गर्दा आदिवासी जनजातिको हक, अधिकारहरुलाई संबोधन गर्नु पर्छ भन्ने आदिवासी जनजाति समुदायको जोडदार माग रहेको छ । यसै सन्दर्भमा, आदिवासी जनजातिको अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय सन्धि, महासन्धिले प्रत्याभूत गरेका अधिकारहरुको आधारमा उनीहरुको परम्परागत ज्ञान, सीप, प्रचलन तथा कानूनी पद्धतिहरुलाई रेड रणनीतिमा मान्यता दिनुपर्दछ । यस अर्थमा आदिवासी जनजाति समुदायको योगदानको उचित कदर गर्दै रेड कार्यक्रममा आदिवासी जनजातिहरुको मुद्धाहरुलाई संबोधन गरी उनीहरुलाई सक्रिय अर्थपूर्ण सहभागिताको लागि सम्वन्धित पक्षले बिचार पुर्याउनु नितान्त आवश्यक रहेको छ ।

सारांशमा, वनजंगल आदिवासी जनजातिहरुको जीविकोपार्जनको मुख्य स्रोतको रुपमा रहेको हुनाले उनीहरुले परम्परागत रुपमा नै वनजंगलको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन् । आदिवासी जनजातिहरुको परम्परागत प्रचलन र मौलिक प्रथाजनित कानूनहरुले वनजंगल र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका हुनाले जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरणमा उनीहरुको उल्लेखनीय योगदान रहेको छ । उनीहरुमा

प्रचलित परम्परागत प्रचलनहरुले माटोको उर्वराशक्ति बढाउन, भूक्षयलाई रोक्न, हरियाली बढाउन, सिमसार तथा जलाधार क्षेत्रको संरक्षणमा समेत विशेष भूमिका रहेको पाईन्छ । नेपालमा रेड सम्वन्धी राष्ट्रिय रणनीति तयार भैरहेको भएता पनि नेपालका अधिकाँश आदिवासी जनजातिहरुलाई यस सम्वन्धमा जानकारी रहेको देखिदैंन । त्यसैले रेड सम्वन्धी कार्यक्रम लागू गर्नुभन्दा अगाडि उनीहरुको क्षमता र चेतना अभिवृद्धि हुन नसकेमा कार्यान्वयन प्रभावकारी हुन नसक्ने प्राय: निश्चित छ । त्यस्तै, सामाजिक तथा वातावरणीय मापदण्डका सूचकको हकमा पनि आदिवासी जनजातिहरुको हक अधिकार सम्वन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र (युएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि-१६९ ले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुका अधिकारको सूनिश्चितता, भूमि र वनजंगलको स्वामित्व, लाभको न्यायोचित बाँडफाँड र वितरणका सम्वन्धमा स्पष्ट नीति निर्माण र कार्यान्वयन मुख्य चुनौतिको रुपमा रहेको पाइन्छ ।

त्यस्तै वन कार्वन व्यापारवाट आदिवासी जनजातिले भन्दा वढी सरकार र ठूला व्यापारीहरुले फाइदा लिन सक्ने र कार्वनवाट फाइदा लिने नाममा आदिवासी जनजातिहरु वनमाथिको पहुँच र वनपैदावरको उपयोगवाट समेत वञ्चित हुन सक्ने र आफ्नो परम्परागत वासस्थानवाट समेत विस्थापित हुन सक्ने सम्भावना रहेको देखिन्छ । त्यसैले, यसवाट एकातिर आदिवासी जनजातिलाई जोखिम/चुनौती पनि रहेको देखिन्छ भने अर्कोतर्फ आदिवासी जनजातिहरु वनमा र वनको नजिक वस्ने समुदाय भएका कारण उनीहरुले वनको विनासको संरक्षण गरी हरितगृह ग्याँस उत्सर्जन कटौति गरेवापत फाइदा पनि लिन सक्दछन् । तर, यसका लागि आदिवासी जनजातिहरुको वनजंगल संरक्षण र दिगो व्यवस्थापनमा पुऱ्याएको योगदानलाई राष्ट्रिय रेड रणनीति बन्दा सरकारले मान्यता दिई उनीहरुले वनजोगाए वापत फाइदा लिन पाउने व्यवस्थाको सुनिश्चितता हुन जरुरी छ ।

## निष्कर्ष र सुझावहरु

नेपालका आदिवासी जनजाति र वनजङ्गल, भूमि तथा अन्य प्राकृतिक स्रोतहरुका वीच अन्योन्याश्रित अन्तरसम्बन्ध रही आएको छ । आदिवासी जनजाति समुदायले आफनो क्षेत्रमा रहेका वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुको संरक्षण र दिगो व्यवस्थापन गर्नका लागि आफ्नै किसिमका मौलिक परम्परा र प्रथाजनित कानूनी पद्धतिहरु युगौदेखि अभ्यास गर्दै आइरहेका छन् । आदिवासी जनजाति समुदायको पहिचान र अस्तित्वसँग गाँसिएका यिनै परम्परागत प्रचलन तथा प्रथाजनित कानूनले वनजङ्गलको

संरक्षण तथा दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको तथ्य प्रमाणित भैसकेको छ । यसरी वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुको संरक्षण र दिगो व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्दै आएका आदिवासी जनजातिहरुका परम्परागत प्रचलन र प्रथाजनित कानूनहरुको राज्यको विभिन्न समयमा वन, भूमि र चरन क्षेत्रलाई व्यवस्थित गर्ने नाममा निर्माण गरिएका ऐन, कानून र नीतिहरुका कारण कतिपय लोप भैसकेका छन भने कतिपय लोप हुने अवस्थामा पुगेका छन् । आदिवासी जनजातिहरुले अभ्यास गर्दै आएका यी परम्परागत प्रचलनले जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको पाइएता पनि यसलाई राज्यको तर्फबाट मान्यता दिएको पाइदैन् ।

तापनि विभिन्न अध्ययन अनुसन्धानका प्रतिवेदनहरुले स्पष्ट रुपमा वनजङ्गलको संरक्षण सरकारले भन्दा आदिवासी जनजाति समुदायले व्यवस्थापन गरेको बढी प्रभावकारी रहेको उल्लेख गरेका छन् ।

अहिले विश्वको धनी, विकसित र औद्योगिक राष्ट्रहरुका कारण जलवायु परिवर्तन भै यसको प्रत्यक्ष प्रभाव र असर निर्दोष आदिवासी जनजातिहरुले भोग्नु परेको छ । जलवायु परिवर्तनले आदिवासी जनजातिहरुको सामाजिक, साँस्कृतिक र आर्थिक जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कतिको प्रभाव परेको छ भन्ने सम्बन्धमा केही हदसम्म मात्र बुझ्न र महसूस गर्न सकेका छन् ।

नेपालका अन्य आदिवासी जनजाति समुदायहरुका जस्तै गुरुङहरुका पनि वनजङ्गलसँग सामाजिक, आर्थिक, साँस्कृतिक, आध्यात्मिक सम्बन्धका साथै उनीहरुका पहिचान र अस्तित्वसँग पनि अन्योन्याश्रित सम्बन्ध रहेको छ । यही अन्तरसम्बन्धका कारण वनजङ्गल र अन्य प्राकृतिक स्रोतहरुको प्रभावकारी रुपमा संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन् । यिनीहरुमा पनि वनजङ्गल संरक्षणमा आफ्नै किसिमको परम्परागत ज्ञान, सीप र प्रथा रहेका छन् । यसले जलवायु परिवर्तनको असर न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको पाईन्छ । आदिवासी गुरुङहरु आफ्नो क्षेत्रका वनजङ्गलहरु सयौं वर्षदेखि उपभोग, संरक्षण र व्यवस्थापन गर्दै आएको भएता पनि हाल आएर ती प्राकृतिक स्रोत साधनमाथि उनीहरुको स्वामित्व नभएकोमा दुःखी छन् । सामुदायिक वनको नाममा व्यवस्थापनको जिम्मेवारी दिइएको वनबाट कुनै पनि बेला सरकारले व्यवस्थापनको जिम्मेवारीबाट मुक्त गर्न सक्नेमा चिन्तित रहेको पाईन्छ । तसर्थ नेपाल सरकारले अनुमोदन गरिसकेका अन्तर्राष्ट्रिय श्रम सँगठन अभिसन्धि, १६९ र आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रले प्रत्याभूत गरेका जल, जङ्गल,

जमीन, खनिज पदार्थ र अन्य प्राकृतिक स्रोतमाथिको अधिकार, संवैधानिक र कान”नी रुपमा सुनिश्चित गरिनु पर्छ ।

त्यसैगरी जलवायु परिवर्तनसँग सम्बन्धित रेड रणनीति कार्यक्रम लगायत अन्य वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोत साधनहरुसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको क्रममा आदिवासी जनजातिहरुको पहिचान, अस्तित्व र अधिकारका बारेमा सम्बोधन गरी उनीहरुको सहभागितालाई प्रभावकारी बनाइनु पर्छ ।

वि.सं.२०४५/४६ सालको नेपालको ऐतिहासिक जनआन्दोलन पश्चात बनेको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेका धर्मनिरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नयाँ संविधानको निर्माण भैरहेको अवस्थामा आदिवासी जनजातिका साथै अन्य सीमान्तकृत समुदायहरुको आफ्नो हक अधिकार अब बन्ने संविधानमा सुनिश्चित हुनेमा विश्वस्त छन् । यस सन्दर्भमा, यस अध्ययनबाट प्राप्त निष्कर्षले अब बन्ने संविधानमा आदिवासी जनजातिहरुको हक अधिकारलाई सुनिश्चित गराउन आदिवासी संघसँगठनका पदाधिकारीहरु र संविधान सभा सदस्यहरुका लागि आदिवासी जनजातिहरुको मुद्दालाई उठाउन महत्वपूर्ण सन्दर्भ सामग्री हुनेछ । त्यस्तै वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापनले आदिवासी जनजातिहरुको परम्परागत प्रथा र प्रथाजनित कानूनको भूमिका र यसले जलवायु परिवर्तन न्यूनीकरणमा खेलेको भूमिका थाहा पाउन पनि सहयोग पुग्नेछ । यसका साथै यस अध्ययनका आधारमा वनजङ्गल संरक्षण र मूल्याँकन तथा व्यवस्थापन सम्बन्धी अब बन्ने नीति, कार्यक्रम, रेड प्लस र कार्यान्वयनमा अनुगमन आदिवासी जनजातिहरुको पूर्व र प्रभावकारी सहभागिता गराई उनीहरुको हक अधिकार र मुद्दालाई सम्बोधन गर्न सरकार, सम्बन्धित सरकारी निकाय र अन्य संघसंस्थाका पदाधिकारीहरुलाई पनि उपयोगी हुन सक्छ ।

अध्ययनको निष्कर्षको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्पूर्ण सम्बन्धित सरोकारवाला संघसंस्था र सरकारी निकायहरुलाई निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

१. आदिवासी जनजाति समुदायले आफ्नो पहिचान र अस्तित्वको रुपमा रहेको उनीहरुको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण, सम्बर्द्धन गरी आउदो पुस्तामा सहज हस्तान्तरण हुने अवस्था सृजना गर्न सचेत भई पहलकदमी गर्नुपर्छ ।

२. आदिवासी जनजातिहरुले उनीहरुको परम्परागत प्रचलन र शासन पद्धतिलाई खाली उनीहरुको सामाजिक, आर्थिक, साँस्कृतिक पहिचान र अस्तित्वका रुपमा मात्र नबुझेर यसले वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापनमा योगदान पुऱ्याएका कारण जलवायु परिवर्तन न्यूनीकरणमा यसले पुऱ्याएको उल्लेखनीय योगदान लाई बुझेर यस सम्बन्धी आवश्यक सवलीकरण, पूनः ताजगीकरण र अभिलेखीकरणका लागि आदिवासी जनजाति समुदायका संघ संस्थाहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३. आइएलओको महासन्धि, १६९ र युएनड्रिपले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुको जल, जमीन, जङ्गल र अन्य प्राकृतिक स्रोत साधनहरु माथिको हक अधिकारलाई राज्यद्वारा सुनिश्चित गराउनका लागि सम्पूर्ण आदिवासी जनजाति समुदायकाबीचमा एकता र सहकार्य कायम गरेर सामूहिक रुपमा आवाज उठाउनु पर्छ ।

४. सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताहरुको अनुमोदनका साथै हस्ताक्षर गरिसकेका सन्धि, अभिसन्धिहरुले प्रत्याभूत गरेका आदिवासी जनजातिहरुका प्राकृतिक स्रोतसाधन माथिको हक अधिकारलाई संवैधानिक र कानूनी रुपमा सुनिश्चित गरिनुपर्छ भने कार्यान्वयनका लागि आवश्यक नीति, नियमावली र प्रशासनिक संयन्त्रहरु निर्माण गर्नुपर्छ । यसै सन्दर्भमा, रेडप्लस सम्बन्धी अब बन्ने रणनीति, कार्यक्रम र कार्यान्वयनमा आदिवासी जनजातिहरुको प्रभावकारी सहभागिता, स्रोत साधनको समतामूलक वितरण आदिवासी जनजातिहरुको परम्परागत कानून र ज्ञानलाई मान्यता दिने कुरा सुनिश्चित गरिनु पर्छ ।

५. राज्यले जलवायु परिवर्तन र रेडसंग सम्बन्धित जुनसुकै नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनको क्रममा आदिवासी जनजातिहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिनुपर्छ । यस सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा आदिवासी जनजातिहरुको स्वतन्त्र पूर्व सुसूचित सहमति (एफपिक) लाई सुनिश्चित गर्नुपर्छ ।

६. राज्यले आदिवासी जनजातिहरुको मात्र नभएर सिङ्गो देशको धरोहर र सम्पदाको रुपमा रहेको आदिवासी जनजातिहरुको साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन, अभिलेखीकरण गर्नुपर्छ । सरकारले आदिवासी जनजातिहरुको परम्परागत ज्ञान, र कानूनहरुले वनजङ्गल संरक्षण र दिगो व्यवस्थापनमा पुऱ्याएको योगदानलाई राज्यको तर्फबाट मान्यता दिइनुपर्छ । यस प्रकारका

परम्परागत ज्ञान, सीप र प्रविधिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने दायित्व राज्यको पनि भएकोले विद्यालयको पाठ्यक्रममा यस विषयवस्तुलाई समावेश गरी पढाई शुरु गर्नुपर्छ ।

७. आदिवासी जनजाति समुदायको हकअधिकार तथा जलवायु परिवर्तनको असर न्यूनीकण र अनुकूलनको क्षेत्रमा काम गर्ने क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुले सर्वप्रथम आदिवासी जनजातिहरुको अवस्थाको सही पहिचानगरी उनीहरुको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्नुका साथै उनीहरुका परम्परागत ज्ञान, सीपको सबलीकरणका निमित्त आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराउनु पर्छ ।

८. आदिवासी जनजातिहरुका सम्बन्धमा अन्तराष्ट्रिय स्तरमा आउँदो दिनमा बन्ने दूरदृष्टि ९ख्क्ष्यल० र नीतिमा हालसम्मको विश्वको अनुभव, सिकाई र ज्ञानका आधारमा निर्माण गरिनुपर्छ । आदिवासी जनजातिहरुको साँस्कृतिक र आर्थिक जीवन पद्धतिले वनजङ्गल संरक्षण तथा दिगो व्यवस्थापनमा पुऱ्याएको योगदान र यसले जलवायु परिवर्तन न्यूनीकरणमा खेलेको भूमिकालाई मान्यता दिईनुपर्छ जसका आधारमा सम्बन्धित देशका सरकारलाई आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न दवाव दिन सहज हुनेछ ।

९. संयुक्त राष्ट्रसंघीय संस्थाहरु र अन्य अन्तर्राष्ट्रिय संघसँगठनहरुले जलवायु परिवर्तनले आदिवासी जनजाति समुदायमा पारेको प्रभावलाई उनीहरुको रणनीति र कार्य योजनामा सम्बोधन गर्नुपर्छ ।

# सन्दर्भ सामाग्री

## नेपाली


- अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति अधिकारसम्बन्धी महासन्धि नं. १६९ को निर्देशिका (२०६५),। नेपालका आदिवासीहरुको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप), काठमाडौं ।
- आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (२०६५), , संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालय, काठमाडौं ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०६३), *नेपालको अन्तरिम संविधान,* काठमाडौंः कानून किताब व्यवस्था समिति
- नेपाल कानून किताब व्यवस्था समिति (२०१९), नेपालको संविधान, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०४७), नेपाल अधिराज्यको संविधान, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०५८), *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन* काठमाडौं
- नेपाल कानून किताब व्यवस्था समिति (२०३१), खर्क जग्गा राष्ट्रियकरण ऐन, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०२१), भूमि सम्बन्धि ऐन, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०१९), जग्गा नापजाप ऐन, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।
- नेपाल कानून किताब व्यवस्था समिति (२०२०), मुलुकी ऐन, काठमाडौंः नेपाल कानून किताब व्यवस्था समिति ।

- नेपाल कानून किताब व्यवस्था समिति (२०४९), वन ऐन, काठमाडौं: नेपाल कानून किताब व्यवस्था समिति ।
- भट्टचन, कृष्णबहादुर (२०६२), आदिवासी जनजाति सवालमा कानूनी सचेतना, नेतृत्व विकास र जनवकालत । ललितपुर: जनजाति सशक्तीकरण परियोजना, नेपाल आदिवासी जनजाति महासंघ ।
- शेर्पा, पासाङ, शेर्पा पासाङ डोल्मा, घले खिम र राई योगेश्वर (२०६७), जलवायु परिवर्तन तथा रेड सम्वन्धमा वन, भूमि र आदिवासी जनजातिको अधिकार, नेपाल जनजाति महासंघ, जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम गल्फूटार, काठमाडौं ।
- श्रेष्ठ, जी.बी., (२०५९), ऐन संग्रह, काठमाडौं: पैरवी प्रकाशन ।


**अंग्रेजी**


Anaya, James (2009). "Situation of Indigenous People in Nepal." A Report Submitted to UN General Assembly: Human Right Council, 12th Session, agenda item 3 on 'Promotion and Protection of All Human Rights, Civil, Political, Economic, Social and Cultural Rights, including the Right to Development.': 20th July.

Bhattachan, Krishna Bahadur. (2002). Traditional Local Governance in Nepal." (Paper presented at a national seminar on Strengthening Decentralization and Good Governance in Nepal organized by the Political Science Association of Nepal and Friedrich-Ebert-Stiftung: April 21, Kathmandu.

CBS ( 2001). Population Monograph of Nepal, Vol. I and II. Kathmandu, Nepal.

DDC Lamjung. ( *2007). District Profile of Lamjung.*

Dhakal, Suresh. (1996). Bheja as a Strategic Cultural Convention. Community Resource Management in the Barha Magarat. *Occasional papers in Sociology and Anthropology*. Kathmandu: Central Department of Sociology and Anthropology, Tribhuvan University, Kirtipur.

Furer- Haimendorf, Christoph Von. (1964). *The Sherpas of Nepal: Buddhist Highlanders.* New Delhi: Oxford Book Company.

Gurung, Harka (1998). *Nepal Social Demography and Expressions*. Kathmandu: New ERA

Gurung, Om .(1999). Local Institutions, Cultural Practices and Resource Management in a Mountain Village of West Nepal. *Anthropology and Sociology of Nepal: Culture, Societies, Ecology and Development*. Kathmandu: Sociological Anthropological Society of Nepal.

HMG/N (1993). *Forest Act*. Kathmandu: Government of Nepal

HMG/N (1993). *Nepal Environmental Policy and Action Plan*. Kathmandu: Government of Nepal .

KCFUG ( 2061). *Khasur Community Forest User Group Management Plan*.

Lewis, M. Paul (ed). 2009. *Ethnologue: Languages of the World* ($16^{th}$ edn). Dallas, Texas: SIL International.

Macfarlane, Alan. (2003). *Resources and Population: A study of Gurungs of Nepal*. Kathmandu: Ratna Pustak Bahndar.

Messerschmidt, D. (1976). *The Gurungs of Nepali Conflict and Changes in a Village Society*. New Delhi: Oxford and IBH.

Messerschmidt, D. A. (1974). *Social Status Conflict and Change in Gurung Community of Nepal*. (Unpublished Ph.D. dissertation). University of Oregon.

Pignede, B. (1974). *The Gurungs: A Himalayan Population of Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

Regmi, Mahesh C. (1978). *Land Tenure and Taxation in Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

Sherpa, Lucky. 2004. Report on the Indigenous Peoples, Gender and Natural Resource Management." A research paper submitted to KULU-Women and Development, Kathmandu.

Sherpa, Pasang Dolma et. al. (2010). *Land, Forest, and Indigenous Peoples' Rights in Relation to Climate Change and REDD*. Kathmandu Nepal: NEFIN.

UNDRIP. (2008). UN Declaration on the Rights of Indigenous peoples, office of the UN Human Rights commission, Kathmandu.

Upadhyaya, Bhawana. (2005). FWomen and Natural Resource Management: Illustrations from India and Nepal." *Natural Resource Forum*, 29.

# अनुसूचीहरु

## अनुसूची क
## अध्ययनको उद्धेश्य र अध्ययन विधी

**अध्ययनको उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका आदिवासी जनजाति समुदायहरुमा प्रचलित परम्परागत प्रचलनहरु र प्रथाजनित कानूनी पद्धतिहरुको भूमिका पहिचान गर्नु रहेको छ । यस बाहेक वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापनमा आदिवासी जनजाति महिलाहरुको भूमिकाका सम्बन्धमा समेत अध्ययन गर्नु रहेको छ । अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् ।

(क) वनजङ्गल संरक्षण तथा दिगो व्यवस्थापनसँग सम्बन्धित आदिवासी जनजाति समुदायहरुको परम्परागत प्रचलन र प्रथाजनित कानूनी पद्धतिहरुको पहिचान गर्नु ।

(ख) आदिवासी जनजातिहरुको परम्परागत प्रचलन तथा प्रथाजनित कानूनी पद्धतिहरुको सबलीकरणका लागि स्थानीय समुदायमा अपनाइएका रणनीतिहरुको खोजी गर्नु ।

(ग) यी परम्परागत प्रचलन तथा मौलिक प्रथाजनित कानूनी पद्धतिहरुको प्रयोगमा देखिएका समस्या तथा चुनौतीहरुको पहिचान गर्नु ।

(घ) आदिवासी जनजातिहरुका प्रचलनमा रहेका यी परम्परागत प्रचलन तथा प्रथाजनित कानूनी पद्धतिहरुको सबलीकरण र दिगो प्रयोगका लागि सुझाव प्रस्तुत गर्नु ।

### अध्ययन क्षेत्र, अवधारणागत खाका तथा अध्ययन विधि

यो अनुसन्धान मुख्य गरेर लमजुङ्ग जिल्लाको खासुर गाउँमा बसोवास गर्ने गुरुङ्ग समुदायमा प्रचलित वनजंगल संरक्षण र दिगो व्यवस्थापन पद्धतिका सम्वन्धमा गहन रुपमा अध्ययन गरिएको छ । तापनि

नेपालका आदिवासी जनजातिहरु विभिन्न भौगोलिक क्षेत्रमा बसोवास गर्ने हुनाले हिमाल, पहाड तथा तराई क्षेत्रमा बसोवास गर्ने केही आदिवासी जनजाति समुदायमा प्रचलित वन, भूमि र चरनक्षेत्र व्यवस्थापन सम्वन्धि प्रथाजनित कानून र परम्परालाई पनि समावेश गरिएको छ ।

यो अध्ययन अन्तर्राष्ट्रिय आदिवासी जनजाति अनुसन्धान र शिक्षा केन्द्र (टेवटेबा) ले आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (युएनड्रिप) र अन्तर्राष्ट्रिय श्रम सँगठनको महासन्धि (आइएलओ) १६९ लाई आधार बनाई रेडको खाका अन्तर्गत आदिवासी जनजातिहरुको अधिकारका सम्बन्धमा तयार पारिएको निर्देशिका अनुरुपको विधि अपनाई गरिएको छ । उक्त निर्देशिका अनुरुप, पर्यावरणमा आधारित सहभागितामूलक अवधारणा र सबल पक्ष, कमजोरी, अबसर र चुनौती (स्वोट) विश्लेषण गरी अध्ययन गरिएको छ ।

अध्ययनका क्रममा अध्ययन टोलीमा स्थानीय आदिवासी जनजाति समुदायबाट अनुसन्धान सहायक र स्रोत व्यक्तिहरु लिइएको छ । यो अनुसन्धानमा समुदायको पनि प्रतिनिधित्व र सहभागिता गराउने उद्देश्यले अध्ययन कार्य शुरु गर्नुभन्दा पहिला लमजुङ्ग जिल्लाको खासुर गाउँ (जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रमको नमूना क्षेत्र) का स्थानीय आदिवासी जनजाति समुदायबाट २० जनालाई छनौट गरी जलवायु परिवर्तन र यसले आदिवासी जनजातिहरुमाथि पारेको प्रभाव, रेडप्लस र आदिवासी जनजातिहरुको अधिकार र अवस्था सम्बन्धी तालिम दिनुका साथै अनुसन्धानको उद्देश्य, महत्व, विधि र प्रक्रियाहरुका सम्बन्धमा विस्तृत रुपमा तालिम दिइएको थियो ।

तालिममा सहभागीहरुलाई सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान दिइएको थियो । व्यावहारिक ज्ञान दिनका लागि गाउँको जनसंख्या, सामाजिक संरचना र प्राकृतिक स्रोत सम्बन्धी सर्वेक्षण पनि गर्न लगाइएको थियो । उक्त तालिम पश्चात सहभागीहरुमध्येबाट २ जना महिला सहित ५ जना अनुसन्धान सहायक र ५ जना स्रोतव्यक्ति छनौट गरिएको थियो । त्यसपछि उहाँहरुलाई नै अध्ययनका निमित्त आवश्यक सूचनाहरु संकलन गर्ने जिम्मा दिइएको थियो । यसको मुख्य उद्देश्य अनुसन्धानमा स्थानीय समुदायको सक्रिय सहभागिता गराई उनीहरुको क्षमता अभिवृद्धि गराउनु रहेको थियो । त्यस्तै तालिमका सहभागीहरुलाई सशक्तीकरण गरी उनीहरुले सिकेका ज्ञान र सीपहरु विशेष गरी रेड कार्यक्रम तथा वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापनको सन्दर्भमा आदिवासी जनजातिहरुको हक अधिकारको

संरक्षण, उनीहरुको परम्परागत ज्ञान, सीपको सम्बर्द्धन र संरक्षणमा पनि सहयोग पुऱ्याउने रहेको थियो ।

यो अध्ययन मुख्यतया गुणात्मक सूचनामा आधारित रहेर गरिएको भएता पनि अध्ययनका क्रममा परिमाणात्मक सूचनाहरु पनि आवश्यकतानुसार संकलन गरिएको छ । अनुसन्धानका क्रममा समूहगत छलफल, मुख्य सूचनादाता अर्न्तवार्ता, अवलोकन विधि अपनाई प्राथमिक सूचना संकलन गरिएको थियो । मुख्य सूचनादाताहरुको छनौट विभिन्न आदिवासी जनजाति समुदायका विज्ञ, बुद्धिजीवि, समाजसेवीहरु मध्येबाट लैङ्गिक सन्तुलन गरी छनौट गरिएको थियो । अध्ययनका क्रममा द्वितीय स्रोतहरुको पनि समीक्षा गरी आवश्यक सूचना संकलन गरिएको थियो । प्राथमिक सूचना संकलन गर्न अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको खासुर गाउँमा विस्तृत अध्ययन गरिएको थियो भने नेपालका अन्य क्षेत्रमा बसोवास गर्ने शेर्पा, डोल्पो, लिम्बु, मगर र थकाली समुदायमा शदियौदेखि प्रचलनमा रहेका वनजङ्गल संरक्षण र दिगो व्यवस्थापनसँग सम्बन्धित केही मौलिक प्रथाजनित कानून र परम्पराहरुलाई समेत समेटिएको छ ।

## अनुसूची ख

**सन् २००१ को जनगणनामा उल्लेखित जातजातिहरुको जनसंख्या विवरण**

| **जात/जाति** | **जनसंख्या** |
|---|---|
| नेपाल | २२७३६९३४ |
| क्षेत्री | ३५९३४९६ |
| बाहुन (पहाड) | २८९६४७७ |
| मगर | १६२२४२१ |
| थारु | १५३३८७९ |
| नेवार | १२४५२३२ |
| मुस्लिम | ९७१०५६ |

| | |
|---|---|
| कामी | ८९५९५४ |
| यादव | ८९५४२३ |
| राई | ६३५१५१ |
| गुरुङ | ५४३५७१ |
| दमाई/ढोली | ३९०३००५ |
| लिम्बु | ३५९३७९ |
| ठकुरी | ३३४१२० |
| सार्की | ३१८९८९ |
| तेली | ३०४५३६ |
| चमार/हरिजन/राम | २६९६६१ |
| कोइरी | २५१२७४ |
| कुर्मी | २१२८४२ |
| सन्यासी | १९९१२७ |
| धानुक | १८८१५० |
| मुसहर | १७२४३४ |
| दुसाद/पासवान/पासी | १५८५२५ |
| शेर्पा | १५४६२२ |
| सोनार | १४५१८८ |
| केवट | १३६१५३ |
| बाहुन (तराई) | १३४४९६ |
| बनिया | १२६९७१ |
| घर्ति/भुजेल | ११७५६८ |

| | |
|---|---|
| मलाह | ११५९८६ |
| कलवार | ११५६०६ |
| कुमाल | ९९३८९ |
| हजाम/ठाकुर | ९८१६९ |
| कानु | ९५८२६ |
| राजवंशी | ९५८१२ |
| सुनुवार | ९५२५४ |
| सुधी | ८९८४६ |
| लोहार | ८२६३७ |
| तत्मा | ७६५१२ |
| खतवे | ७४९१२ |
| ढोली | ७३४१३ |
| माझी | ७२६१४ |
| नुनिया | ६६८७३ |
| कुम्हार | ५४४१३ |
| दनुवार | ५३२२९ |
| चेपाङ (प्रजा) | ५२२३७ |
| हलुवई | ५०५८३ |
| राजपुत | ४८४५४ |
| कायस्थ | ४६०७१ |
| बन्धे | ४५९७५ |
| मारवाडी | ४३९७१ |

| | |
|---|---|
| सन्थाल/सतार | ४२६९८ |
| झागर/धागर | ४१७६४ |
| बातर | ३५८३९ |
| बरई | ३५४३४ |
| कहार | ३४५३१ |
| गनगई | ३१३१८ |
| लोध | २४७३८ |
| राजवहार | २४२६३ |
| थामी | २२९९९ |
| धिमाल | १९५३७ |
| भोटे | १९२६१ |
| बिङ/विन्दा | १८७२० |
| भेडियार/गडेरी | १७७२९ |
| नुराङ | १७५२२ |
| याख्खा | १७००३ |
| दरै | १४८५९ |
| ताजपुरीया | १३२५० |
| थकाली | १२९७३ |
| चिडिमार | १२२९६ |
| पहरी | ११५०५ |
| माली | ११३९० |
| बंगाली | ९८१४ |

| | |
|---|---|
| छन्तेल | ८९३१ |
| डोम | ८७३१ |
| कमार | ८७६१ |
| बोटे | ७९६९ |
| ब्राहमु/बरामु | ७३८३ |
| गाइने | ५८८७ |
| जिरेल | ५३१६ |
| आदिवासी/जनजाति | ५२५९ |
| दुरा | ५१६९ |
| चुरौटे | ४८९३ |
| बादी | ४४४२ |
| मेचे | ३७६३ |
| लेप्चा | ३६६० |
| हलखोर | ३६२१ |
| पन्जावी/सिख | ३०५४ |
| किसान | २८७६ |
| राजी | २३९९ |
| ब्याँसी | २१०३ |
| हायु | १८२१ |
| कोचे | १४२९ |
| दुनै | १२३१ |
| वालुङ | ११४८ |

| | |
|---|---|
| जैन | १०१५ |
| मुण्डा | ६६० |
| राउटे | ६५८ |
| योल्मो | ५७९ |
| खुसवडिया/पथरकट्टा | ५५२ |
| कुसुण्डा | १६४ |
| पहिचान हुन नसकेका दलित जाति | १७३४०१ |
| पहिचान हुन नसकेका जाति | २३१६६४१ |

**अनुसूची ग**

मातृभाषाअनुसार जनसंख्या विवरण

| | | |
|---|---|---|
| १ | नेपाली | ११०५३२५५ |
| २ | मैथिली | २७९७५८२ |
| ३ | भोजपुरी | १७१२५३६ |
| ४ | थारु (डंगौरा/राना) | १३३१५४६ |
| ५ | तामाङ | ११७९१४५ |
| ६ | नेवार | ८२५४५८ |
| ७ | मगर | ७७०११६ |
| ८ | अवधि | ५६०७४४ |
| ९ | बान्तवा | ३७१०५६ |
| १० | गुरुङ | ३३८९२५ |

| | | |
|---|---|---|
| ११ | लिम्बु | ३३३६३३ |
| १२ | बजिका | २३७९४७ |
| १३ | उर्दु | १७४८४० |
| १४ | राजवंशी | १२९८२९ |
| १५ | शेर्पा | १२९७७१ |
| १६ | हिन्दी | १०५७६५ |
| १७ | चाम्लिङ्ग | ४४०९३ |
| १८ | सान्थली | ४०२६० |
| १९ | चेपाङ | ३६८०७ |
| २० | दनुवार | ३१८४९ |
| २१ | जाँगर/धाँगर | २८६१५ |
| २२ | सुनुवार | २६६११ |
| २३ | बाङला | २३६०२ |
| २४ | मारवाडी (राजस्थानी) | २२६३७ |
| २५ | माझी | २१८४१ |
| २६ | थामी | १८९९१ |
| २७ | कुलुङ | १८६८६ |
| २८ | धिमाल | १७३०८ |
| २९ | अङगीका | १५८९२ |
| ३० | याख्खा | १४६४८ |
| | | |
| ३१ | थुलुङ | १४०३४ |
| ३२ | साङपाङ | १०८१० |
| ३३ | भुजेल/खवास | १०७३३ |

| | | |
|---|---|---|
| ३४ | दराई | १०२१० |
| ३५ | खालिङ | ९२८८ |
| ३६ | कुमाल | ६५३३ |
| ३७ | थकाली | ६४४१ |
| ३८ | छन्त्याल | ५९१२ |
| ३९ | नेपाली सांकेतिक भाषा | ५७४३ |
| ४० | टिवेटन | ५२७७ |
| ४१ | डुमी | ५२७१ |
| ४२ | जिरेल | ४९१९ |
| ४३ | वाम्बुले/उम्बुले | ४४७१ |
| ४४ | पुमा | ४३१० |
| ४५ | ह्योल्मो | ३९८६ |
| ४६ | नाछिरिङ | ३५५३ |
| ४७ | दुरा | ३३९७ |
| ४८ | मेचे | ३३०१ |
| ४९ | पहरी | २९९५ |
| ५० | लेप्चा/लाप्चे | २८२६ |
| ५१ | बोटे | २८२३ |
| ५२ | बाहिङ | २७६५ |
| ५३ | कोई/कोयू | २६४१ |
| ५४ | राजी | २४१३ |
| ५५ | हायु | १७४३ |
| ५६ | ब्याँसी | १७३४ |
| ५७ | याम्फु/याम्फे | १७२२ |

| | | |
|---|---|---|
| ५८ | घले | १६४९ |
| ५९ | खारिया | १५७५ |
| ६० | छिलिङ | १३१४ |
| ६१ | लोहोरुङ | १२०७ |
| ६२ | पन्जावी | ११६५ |
| ६३ | चाइनीज | ११०१ |
| | | |
| | | |
| ६४ | अंग्रेजी | १०३७ |
| ६५ | मेवाहाङ | ९०४ |
| ६६ | संस्कृत | ८२३ |
| ६७ | काइके | ७९४ |
| ६८ | राउटे | ५१८ |
| ६९ | किसान | ४८९ |
| ७० | चुराउटी | ४०८ |
| ७१ | बराम/मार्‍मु | ३४२ |
| ७२ | तिलुङ | ३१० |
| ७३ | जेरो/जेरुङ | २७१ |
| ७४ | दुङमाली | २२१ |
| ७५ | ओरिया | १५९ |
| ७६ | लिङखिम | ९७ |
| ७७ | कुसुन्डा | ८७ |
| ७८ | सिद्धी | ७२ |

| | | |
|---|---|---|
| ७९ | कोचे | ५४ |
| ८० | हारियान्वी | ३३ |
| ८१ | मागाही | ३० |
| ८२ | साम | २३ |
| ८३ | कुरमाली | १३ |
| ८४ | कागते | १० |
| ८५ | जोङखा | ९ |
| ८६ | कुकी | ९ |
| ८७ | छिन्ताङ | ८ |
| ८८ | मिजो | ८ |
| ८९ | नागामेसे | ६ |
| ९० | ल्होमी | ४ |
| ९१ | आसामिसे | ३ |
| ९२ | साधनी | २ |
| ९३ | नखुलेको भाषा | १६८३४० |

**अनुसूची घ**

**नेपालका आदिवासी जनजातिहरु**

दफा २ को खण्ड (क) संग सम्बन्धित

१. किसान

२. कुमाल

३. कुशवाडिया

४. कुशुण्डा

५. गनगाई

६. गुरुङ

७. चेपाङ

८. छन्त्याल

९. छैरोतन

१०. जिरेल

११. झांगड

१२. डोल्पो

१३. ताङवे

१४. ताजपुरीया

१५. तामाङ

१६. तीन गाउँले थकाली

१९. थामी

२०. थारु

२१ं थुदाम

२२. दनुवार

२३. दराई

२४. दुरा

२५. धानुक

२६. धिमाल

२७. नेवार

२८. पहरी

२९. फ्री

३०. बनकरिया

३१. बरामो

३२. बाह्रगाउँले

३३. बोटे

३४. भूजेल

३५. भोटे

३६. मगर

३७. माझी

३८. मार्फाली थकाली

३९. मुगाली

४०. मेचे (वोडो)

४१. याक्खा

४२. राई

४३. राउटे

४४. राजवंशी (कोच)

४५. राझी

४६. लार्के

४७. लिम्बू

४८. लेप्चा

४९. ल्होपा

५०. ल्होमी (शिङसावा)

५१. वालुङ

५२. व्यासी

५३. शेर्पा

५४. सतार (सन्थाल)

५५. सियार

५६. सुनुवार

५७. सुरेल

५८. हायु

५९. ह्योल्मो

## अनुसूची ङ

## नेपालका आदिवासी जनजातिहरुको वर्गीकरण

५९ आदिवासी जनजातिलाई नेपाल जनजाति महासंघले आदिवासी जनजातिको मूख्य साक्षरता दर, घर, जग्गा जमिन, अन्य आर्थिक सम्पत्ति, शैक्षिक तह (स्नातक देखि माथि), जनसंख्या जस्ता सूचकहरुका आधारमा ५९ आदिवासी जनजातिहरुलाई ५ वटा समूहमा वर्गीकरण गरेका छन्:

**लोपोन्मुख समूह**

| | | |
|---|---|---|
| १. कुशुण्डा | २. बनकरीया | ३. राउटे |
| ४. सूरेल | ५. हायू | ६. राजी |
| ७. किसान | ८.लेप्चा | ९. मेचे |
| १०. कुशवाडिया | | |

**अतिसीमान्तकृत समूह**

| | | |
|---|---|---|
| ११. माझी | १२. सियार | १३. ल्होमी (शिङसावा) |
| १४ थुदाम | १५. धानुक | १६. चेपाङ्ग |
| १७. सतार (सन्थाल) | १८. झांगड | १९. थामी |
| २०. बोटे | २१. दनुवार | २२. बरामो |

**सीमान्तकृत समूह**

| | | |
|---|---|---|
| २३. सुनुवार | २४. थारु | २५. तामाङ |
| २६. भुजेल | २७. कुमाल | २८. राजबंशी |
| २९. गनगाई | ३०. धिमाल | ३१. भोटे |
| ३२. दराई | ३३. ताजपुरीया | ३४. पहरी |
| ३५. तोप्केगोला (ढोक्प्या) | ३६. डोल्पो | ३७. फ्रि |
| ३८. मुगाली | ३९. लार्के | ४०. ल्होपा |
| ४१. दुरा | ४२. वालुङ | |

**फायदावाट बञ्चित समूह**

४३. छैरोतन्
४४. ताङ्वे
४५. तीनगाउंले थकाली
४६. बाह्रगाउंले थकाली
४७. मार्फाली थकाली
४८. गुरुङ
४९. मगर
५०. राई
५१. लिम्बु
५२. शेर्पा
५३. याख्खा
५४. छन्त्याल
५५. जिरेल
५६. ब्यासी
५७. ह्योल्मो

**विकसित समूह**

५८. नेवार
५९. थकाली

## **अनुसूची** च

राष्ट्रिय जनगणना २०५८ अनुसार ४३ वटा आदिवासी जनजातिहरुको जनसंख्या विवरण

| | | |
|---|---|---|
| नेपालको कूल जनसंख्या | २२७३६९३४ | १०० |
| मगर | १६२२४२१ | ७.१४ |
| थारु | १५३३८७९ | ६.७५ |
| तमाङ | १२८२३०४ | ५.६४ |
| नेवार | १२४५२३२ | ५.४८ |
| राई | ६३५१५१ | २.७९ |
| गुरुङ | ५४३५७१ | २.३९ |
| लिम्बु | ३५९३७९ | १.५८ |
| धानुक | १८८१५० | ०.८३ |
| शेर्पा | १५४६२२ | ०.६८ |

| | | |
|---|---|---|
| घर्ती/भुजेल | ११७५६८ | ०.५२ |
| कुमाल | ९९३८९ | ०.४४ |
| राजवंशी | ९७२४१ | ०.४३ |
| सुनुवार | ९५२५४ | ०.४२ |
| माझी | ७२६१४ | ०.३२ |
| दनुवार | ५३२२९ | ०.२३ |
| चेपाङ | ५२२३७ | ०.२३ |
| सन्थाल/सतार | ४२६९८ | ०.१९ |
| झाँगड | ४१७६४ | ०.१८ |
| गनगाई | ३१३१८ | ०.१४ |
| थामी | २२९९९ | ०.१० |
| धिमाल | १९५३७ | ०.९ |
| भोटे | १९२६१ | ०.०८ |
| याक्खा | १७००३ | ०.०७ |
| दराई | १४८५९ | ०.०७ |
| ताजपुरिया | १३२५० | ०.०६ |
| थकाली | १२९७३ | ०.०६ |
| पहरी | ११५०५ | ०.०५ |
| छन्त्याल | ९८१४ | ०.०४ |
| बोटे | ७९६९ | ०.०४ |
| बरामु | ७३८३ | ०.०३ |
| जिरेल | ५३१६ | ०.०२ |
| दुरा | ५१६९ | ०.०२ |
| मेचे | ३७६३ | ०.०२ |

| | | |
|---|---|---|
| लेप्चा | ३६६० | ०.०२ |
| किसान | २८७६ | ०.०१ |
| राजी | २३९९ | ०.०१ |
| ब्यासी/शौका | २१०३ | ०.०१ |
| हायु | १८२१ | ०.०१ |
| वालुङ | ११४८ | ०.०१ |
| राउटे | ६५८ | ०.०० |
| ह्योल्मो | ५७९ | ०.०० |
| कुशवाडिया | ५५२ | ०.०० |
| कुसुन्डा | १६४ | ०.०० |
| जम्मा | ८४५४७८२ | ३७.१९ |

श्रोतः राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङक विभाग, काठमाडौं, नेपाल

## अनुसूची छ

## विभिन्न भौगोलिक क्षेत्रमा वसोवास गर्ने नेपालका आदिवासी जनजातिहरु

### १. हिमाली क्षेत्र (१८)

थकाली, ब्यासी, भोटे, मार्फाली थकाली, तीनगाउँले थकाली, ल्होमी (सिँसावा), ढोक्प्या, डोल्पो, छैरोतन, मुगाली, थुदाम, वालुङ, शेर्पा, ताङ्वे, लार्के, बाह्रगाउँले, सियार, ल्होपा ।

### २. पहाडी क्षेत्र (२२)

पहरी, वरामु, सुरेल, मगर, लेप्चा, थामी, सुनुवार, तामाङ, जिरेल, भुजेल, याक्खा, चेपाङ, गुरुङ, नेवार, छन्त्याल, लिम्वु, हायु, राई, दुरा, फ्रि, वनकरिया, ह्योल्मो ।

### ३. तराई क्षेत्र (११)

धानुक, धिमाल, गनगाई, किसान, सन्थाल, थारु, मेचे, राजवंशी, कुशवाडिया, ताजपुरीया, झाँगड ।

**४. भित्री क्षेत्र (८)**

राउटे, राजी, माझी, दनुवार, कुसुण्डा, दराई, बोटे, कुमाल ।

## अनुसूची ज

## काष्ठ तथा अन्य वन पैदावरहरु

| क्र.सं. | विरुवा | जंगल ब्लक | क्षेत्रफल | उपयोगिताहरु |
|---|---|---|---|---|
| १ | लप्सी | ब्लक नं. १ | ४३.८१ | फल, काठ दाउरा |
| २ | मसिनु | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | फल, काठ दाउरा |
| ३ | ऐंसेलु | १, २, ३, ४ | २०३.१७ | फल, दाउरा |
| ४ | सिमाल | ब्लक नं. १, २ ,३ | ११५.८१ | काठ, दाउरा, घाँस |
| ५ | खिरा | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | खाबा, काठ |
| ६ | वयर | ब्लक नं १ | ४३.८१ | फल |
| ७ | वलाया | ब्लक नं. १, २, ३ | ११५.८१ | खाँबा, काठ |
| ८ | जल्याद | ब्लक नं. २, ३ | ७२ | दाउरा,घास |
| ९ | कटुस | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | फल, दाउरा,घास |
| १० | धनसेरी | ब्लक नं. ४, ५ | २२१.४४ | काठ, दाउरा |
| ११ | ओखर | ब्लक नं. ५ | १३४.९ | फल, काठ, दाउरा |
| १२ | जल्पाना | ब्लक नं. १, २, ३ | ११५.८१ | फल, दाउरा |
| १३ | टिम्बुर | ब्लक नं. १ | ४३.८१ | मसाला, औषधी |
| १४ | च्याउ | ब्लक नं. ५ | १३४.०९ | तरकारी |
| १५ | आख्तारे | ब्लक नं. १, २, ३ | ११५.८१ | औषधी |
| १६ | सजीबन | ब्लक नं. १, २ | ९२.३१ | औषधी |

| | | | | |
|---|---|---|---|---|
| १७ | सिल्टीमुर | ब्लक नं. ५ | १३४.०९ | औषधी |
| १८ | सिलाजित | ब्लक नं. ४ | ८७.३५ | औषधी |
| १९ | रक्तचनदन | ब्लक नं. ५ | १३४.०९ | औषधी |
| २० | लालीगुराँस | ब्लक नं. ५ | १३४.०९ | काठ, दाउरा |
| २१ | कुरिलो | ब्लक नं. ३, ४, ५ | २४४.९४ | औषधी, तरकारी |
| २२ | शिकारीलौरो | ब्लक नं. ४ | ८७.३५ | दाउरा, घरेलु उद्योग |
| २३ | गुर्जुगाना | ब्लक नं. ४ | ८७.३५ | दाउरा, घरेलु उद्योग |
| २४ | साल | ब्लक नं. १, २, ३ | ११५.८१ | काठ, दाउरा |
| २५ | चिलाउने | १, २, ३ | ११५.८१ | काठ, दाउरा |
| २६ | बाँस | ब्लक नं. १ | ४३.८१ | घरेलु उद्योग |
| २७ | उतीस | ब्लक नं. २, ३, ४ | १४४.९ | काठ, दाउरा |
| २८ | चाँप | ब्लक नं. ४ | ८७.३५ | काठ, दाउरा |
| २९ | चिउरी | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | तेल, काठ, दाउरा |
| ३० | काफल | ब्लक नं. २ | ४८.५ | फल, दाउरा |
| ३१ | दार | ब्लक नं. २ | ४८.५ | घरेलु उद्योग |
| ३२ | बक्यौला | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | दाउरा, घाँस |
| ३३ | निगालो | ब्लक नं. ४ | ८७.३५ | डोको, चित्रा, डोरी |
| ३४ | ढालेकटूस | ब्लक नं. १, २, ३ | ११५.८१ | काठ, दाउरा |
| ३५ | खर | ब्लक नं. ४ | ८७.३५ | घरको छानो छाउन, घाँस, डोरी |

## अनुसूची झ

## औषधीजन्य वन पैदावरहरु

| क्र.सं. | वनस्पति | जंगल ब्लक | क्षेत्रफल | उपयोगिताहरु |
|---|---|---|---|---|
| १ | अमला | ब्लक नं. १, २, ३, ४ | २०३.१७ | औषधी, फल, अचार |

| | | | | |
|---|---|---|---|---|
| २ | दालचिनी | ब्लक नं. ४ | ८७.३५ | मसाला, औषधी |
| ३ | हर्रा | ब्लक नं. १, २ | ९२.३१ | औषधी |
| ४ | सुगन्धपाल | ब्लक नं ४, ५ | २२१.४४ | औषधी |
| ५ | बिराली | ब्लक नं. ३, ४ | ११०.८५ | औषधी |
| ६ | हाडजोरा | ३, ४ | ११०.८५ | औषधी |
| ७ | रिठ्ठा | ब्लक नं. १ | ४३.८१ | औषधी, साबुन |
| ८ | उन्यु | ब्लक नं. १ | ४३.८१ | औषधी |
| ९ | सिउडी | ब्लक नं. १ | ४३.८१ | |
| १० | तीतेपाती | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | औषधी |
| ११ | जन्तेतरुल | ब्लक नं. २ | ४८.५ | औषधी |
| १२ | सदुवा | ब्लक नं. ५ | १३४.० | औषधी |
| १३ | गुर्जुलारा | ब्लक नं. १, २ | ९२.३१ | औषधी |
| १४ | टिम्बुर | ब्लक नं. १ | ४३.८१ | मसाला, औषधी |
| १५ | आँखतारे | ब्लक नं. १, २, ३ | ११५.८१ | औषधी |
| १६ | सजीवन | ब्लक नं. १, २ | ९२.३१ | औषधी |
| १७ | सिलटिम्बर | ब्लक नं. ५ | १३४.०९ | औषधी |
| १८ | सिलाजीत | ब्लक नं. ४ | ८७.३५ | औषधी |
| १९ | कुरिलो | ब्लक नं. ३, ४, ५ | २४४.९४ | औषधी, तरकारी |
| २० | च्याउ | ब्लक नं. ५ | १३४०९ | तरकारी |

**अनुसूची ञ : जंगली जनावरहरु**

| क.सं. | जनावरहरु | जंगल | क्षेत्रफल | महत्व |
|---|---|---|---|---|
| १ | चितुवा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | आकर्षक जनावर |
| २ | भालु | ब्लक नं. ५ | ४८.५ | पर्यावरणीय महत्व |

| | | | |
|---|---|---|---|
| ३ | स्याल | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| ४ | फ्याउरो | ब्लक नं. ४, ५ | २२१.४४ |
| ५ | मालसाप्रो | ब्लक नं. १, २, ३, ४,५ | ३३७.२५ |
| ६ | जंगली विरालो | ब्लक नं. ४, ५ | २२१.४४ |
| ७ | घोरल | ब्लक, नं. ३, ४, ५ | २४४.९४ |
| ८ | मृग | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| ९ | हरिण | ब्लक नं. ४, ५ | २२१.४४ |
| १० | दुम्सी | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| ११ | न्याउरीमूसा | ब्लक नं. १ | ४३.८१ |
| १२ | सर्प | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १३ | मूसा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |

## अनुसूची ट

## चराहरु

| क्र.सं. | पंछीहरु | जंगल | क्षेत्रफल | महत्व |
|---|---|---|---|---|
| १ | चील | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | पर्यावरणीय महत्व |
| २ | काग | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ३ | डाङरे | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ४ | भंगेरा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ५ | गौंथली | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ६ | कालिज | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ७ | प्युरा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |
| ८ | ढुकुर | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ | |

| | | | |
|---|---|---|---|
| ९ | तित्रा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १० | लुइँचे | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| ११ | जुरेली | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १२ | कोइली | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १३ | सुगा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १४ | न्याउली | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १५ | मलेवा | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |
| १६ | लामपुछ्रे | ब्लक नं. १, २, ३, ४, ५ | ३३७.२५ |